रातो खबर साप्ताहिक
Ratokhabar weekly

वर्ष ७, अङ्क ३६, पूर्णाङ्क ३०६ | २०७८ चैत्र १६ गते बुधबार | Wednesday, 30 Mar 2022 | www.eratokhabar.com | मूल्य रु. १०

## उदयपुरमा कम्युनिस्ट संस्थापकको श्रद्धाञ्जली सभा

■ **अनिता गजमेर**/उदयपुर

नेपाल कम्युनिस्ट पार्टी उदयपुरले उदयपुरका क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका संस्थापक तथा क्रान्तिकारी धरोहर पूर्णबहादुर खत्री 'खेताला बा' को श्रद्धाञ्जली सभा आयोजना गरेको छ।

खत्री विसं १९९१ भदौ २६ मा उदयपुर कटारी नगरपालिका वडा नं. १० बरडाँडामा जन्मिएका थिए। उनको २०७८ साल चैत २ गते निधन भएको थियो।

निधन भएको १३ औं दिनमा नेपाल कम्युनिस्ट पार्टी र खत्री परिवारको संयुक्त आयोजनामा सैयौंको उपस्थितिमा श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ। २०३३ सालमा कम्युनिस्ट पार्टी सदस्यता भएको खत्री नेकपा चौमको सेक्रेटरी २०३३, नेकपा मशाल जिल्ला सेक्रेटरी २०४७, नेकपा एकताकेन्द्रको जिल्ला सेक्रेटरी ... बाँकी पृष्ठ ८ मा

### नेकपा केन्द्रीय समितिको १२ औं पूर्ण बैठक सम्पन्न

# चुनावबाट संसदीय व्यवस्थालाई वैज्ञानिक समाजवादमा परिवर्तन गर्न सम्भव छैन : नेकपा

■ **रातोखबर संवाददाता**/काठमाडौं



नेकपा केन्द्रीय समितिको बाह्रौं पूर्ण बैठक सोमबार कपिलवस्तुको शिवगढीस्थित पार्टीको केन्द्रीय सम्पर्क कार्यालयमा सम्पन्न भएको छ। नेकपाको बैठकले पार्टी महासचिव विप्लवद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमाथि लामो छलफल र बहस गर्दै दलाल संसदीय व्यवस्थाभित्र जुनसुकै रूप र स्तरका चुनाव भए पनि ती संसदीय व्यवस्थाको सुधार र बचाउका लागि प्रयोग गरिने प्रणालीहरू रहेकाले 'चुनावबाट मात्र संसदीय व्यवस्थालाई जनताको व्यवस्था अर्थात् वैज्ञानिक समाजवादमा परिवर्तन गर्न सम्भव भएन र छैन' भन्ने निष्कर्ष निकालेको छ।

पार्टी बैठकपछि 'संसदीय व्यवस्थाको स्थानीय चुनावबारे' शीर्षक निर्णयमा भनिएको छ, 'सिद्धान्ततः मात्र होइन, व्यवहारतः पनि संसदीय व्यवस्था दलाल पुँजीपति वर्गको हित रक्षा गर्ने प्रतिक्रियावादी व्यवस्था हो। यो व्यवस्था रहेसम्म श्रमिक जनता र राष्ट्रले मुक्ति र स्वाधीनता प्राप्त गर्न सम्भव छैन। बरु अनेकौं राष्ट्रघात र जनघातका घटनाहरू भोग्न अनिवार्य छ। संसदीय व्यवस्थाभित्र आफ्नो शक्तिको सुदृढीकरण गर्न साथै जनतालाई संसदीय व्यवस्थाबाट संसदीय व्यवस्थामा घुमाउन हरेक चार या पाँच वर्षमा चुनावको आयोजना गरिन्छ। अर्थात् पुँजीपति वर्गले चुनावलाई संसदीय व्यवस्थाको रक्षा गर्ने रणनीतिमा प्रयोग गर्दै आएको छ। यो व्यवस्थाभित्र जुनसुकै रूप र स्तरका चुनाव भए पनि ती संसदीय व्यवस्थाको सुधार र बचाउका लागि प्रयोग गरिने प्रणालीहरू हुन्। यसर्थ चुनावबाट मात्र संसदीय व्यवस्थालाई जनताको व्यवस्था अर्थात् ... बाँकी पृष्ठ ८ मा

## पाँचदिने आधारभूत पत्रकारिता तालिम सम्पन्न

जनपत्रकार सङ्गठन नेपालको पाँचदिने आधारभूत पत्रकारिता तालिम तथा वैचारिक प्रशिक्षण मोरङमा सम्पन्न भएको छ। प्रशिक्षण आयोजना जनपत्रकार सङ्गठन १ नम्बर प्रदेश समितिले गरेको हो।

'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा हाम्रो ऐक्यबद्धता, मानवअधिकारको रक्षा र वैज्ञानिक समाजवादका लागि जनपत्रकारिता' मूल नाराका साथ शनिबारदेखि सुरु भएको तालिममा सङ्गठनका केन्द्रीय संयोजक शेरबहादुर विश्वकर्माले प्रमुख प्रशिक्षकका रुपमा प्रशिक्षण दिएका थिए। समापन समारोहमा समग्र कार्यक्रमको समीक्षा गर्दै विश्वकर्माले ... बाँकी पृष्ठ ८ मा

## जुनीका विकट बस्तीमा अखिल (क्रान्तिकारी)

■ **गमानसिङ घर्ती**/जाजरकोट

अखिल (क्रान्तिकारी) जाजरकोट वैज्ञानिक समाजवादी शिक्षा र व्यवस्थाका लागि जनमतसङ्ग्रह नाराका साथ विद्यार्थी जागरण अभियान लिएर जुनीचाँदे गाउँपालिकाका विभिन्न विद्यालयमा प्रवेश गरेको छ। सोहीअन्तर्गत भानुभक्त हिमालय मावि जुनीचाँदे गाउँपालिका ६ मैपमा विद्यार्थीसँग अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रम नेकपा ... बाँकी पृष्ठ ८ मा

## महासचिव विप्लवसहित सबै पार्टी नेता केन्द्रीय कम्युनमा श्रममा सहभागी



■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव, केन्द्रीय समितिका सचिवालय सदस्यहरू प्रकाण्ड, कञ्चन, सुदर्शन र विषम केन्द्रीय जनकम्युनमा श्रममा सहभागी भएका छन्। पार्टी केन्द्रीय सम्पर्क कार्यालय शिवगढी, कपिलवस्तुमा केन्द्रीय समितिको बाह्रौं पूर्ण बैठक जारी रहेकै समयमा महासचिव, सचिवालयका सबै सदस्य र केन्द्रीय सदस्यहरू गत बिहीबार केन्द्रीय जनकम्युनमा श्रममा सहभागी भएर गहुँ काटेका हुन्।

श्रममा सहभागी पार्टी ... बाँकी पृष्ठ ८ मा

## केन्द्रीय समिति बैठकमा महासचिव विप्लवको जबाफ

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिको १२ औं पूर्ण बैठकको नवौं दिन पार्टी महासचिव विप्लवले आफूले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमाथि पार्टीका केन्द्रीय सचिवालय सदस्य, केन्द्रीय सदस्य र केन्द्रीय सल्लाहकार समितिका सदस्यहरूले राखेका सुझाव, जिज्ञासा र आशङ्काहरूको चित्तबुझ्दो र वैज्ञानिक विकल्पहरूसहितको जबाफ दिएका छन्।

'दिउँसो २ बजे सुरु भएको बैठकमा महासचिव कमरेडले बैठकमा राजनीतिक प्रतिवेदनमाथि उठेका जिज्ञासा, सुझाव र प्रश्नमाथि प्रस्ट पार्ने कार्यक्रम छ', बैठकमा सहभागी पार्टी केन्द्रीय सदस्य एवम् रातो खबर प्रकाशन गृहका निर्देशक वसन्त श्रेष्ठ 'प्रज्वलन' ले भने।

महासचिव विप्लवले पार्टीको एकीकृत जनक्रान्ति र क्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने क्रान्तिकारी कार्यदिशा, पार्टी नेता र जनताले क्रान्तिको ... बाँकी पृष्ठ ८ मा

## कार्यकर्तालाई भ्रमित नहुन नेकपा केन्द्रीय कार्यालयको आग्रह

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयले पार्टीको ८ औं केन्द्रीय समितिको १२ औं पूर्ण बैठक पूर्ण जनवादी वातावरणमा ऐतिहासिक महत्वका निर्णयहरू गर्दै महासचिवले प्रस्तुत गरेको राजनीतिक प्रस्तावलाई एकमतले पास गरेर सम्पन्न गरेको र देशी-विदेशी प्रतिक्रियावादीहरूले गरेको पार्टी फुटाउने, नेतृत्वलाई बदनाम गर्ने र जनता र कार्यकर्तालाई भ्रमित पार्ने षड्यन्त्रलाई बिफल बनाउन सफल भएको जनाएको छ।

केन्द्रीय कार्यालयका सचिव असल क्षेत्रीले मङ्गलबार जारी गरेको प्रेस विज्ञप्तिमा यसबाट अत्तालिएर पार्टीभित्रका केही गलत उद्देश्यसहित आएका तत्वहरू विचलित र आतङ्कित भएर पार्टी र नेतृत्वप्रति गलत लाञ्छना लगाउँदै भाग्ने गरेको र भीम चापागाईं यसको एउटा उदाहरण रहेको जनाइएको छ।

केन्द्रीय कार्यालयका सचिव असलले जारी गरेको विज्ञप्तिको पूर्ण पाठ यसप्रकार रहेको छ :

'भीम चापागाईंले हिजो मात्र फेसबुकमार्फत पार्टी, क्रान्ति र नेतृत्वमाथि गम्भीर सैद्धान्तिक विचलन देखापर्दै आएको, १२ औं पूर्ण बैठकले स्पष्ट राजनीतिक लाइन पास गर्न नसकेको, घुमाउरो तरिकाले पार्टी संसदीय भासमा फसेकोजस्ता कपोलकल्पित आरोप लगाएर पार्टीबाट अलग भएको विज्ञप्तिप्रति हाम्रो पार्टी कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। यो कुरा सर्वविदित छ कि नेपाली कम्युनिस्ट आन्दोलनमा विविध रुपमा देखापर्दै आएका विचलनहरूका विरुद्ध क्रान्तिकारी झन्डा उठाउँदै दलाल संसदीय व्यवस्थाका विरुद्ध वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिका लागि एकीकृत जनक्रान्तिको नेतृत्व नेकपाका महासचिव क. विप्लवले गर्दै आउनुभएको छ। अहिले सिङ्गो मुलुक, सर्वहारा वर्ग र सम्पूर्ण उत्पीडित जनताको आशा र भरोसाको केन्द्र पनि हाम्रै पार्टी ... बाँकी पृष्ठ ८ मा

## दोलखामा विभिन्न पार्टी परित्याग गरी दसजना नेकपामा समाहित




■ **रातोखबर संवाददाता**/दोलखा

**चरीकोट**। नेपाल कम्युनिस्ट पार्टी दोलखाको आयोजनामा बुधबार चरीकोटमा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमका अवसरमा विभिन्न पार्टी परित्याग गरी दसजना नेता-कार्यकर्ता नेकपामा समाहित भएका छन्।

पार्टी प्रवेश गर्नेहरूमा माओवादी केन्द्रबाट विक्रम थामी (कालिञ्चोक गाउँपालिका-२), भीम थामी (बिगु ... बाँकी पृष्ठ ८ मा

## वैज्ञानिक समाजवाद–साम्यवादको खोज

**देश/परिवेश**

■ विप्लव



वैज्ञानिक समाजवाद-साम्यवाद राज्यव्यवस्था र मानवसभ्यता सन्बन्धमा गरिएको उन्निसौं शताब्दीको अभूतपूर्व खोज हो। जर्मनीमा जन्मिनुभएका कार्ल मार्क्स र फ्रेडिक एङ्गेल्सले उन्निसौं शताब्दीको मध्यतिर पुँजीवादी सभ्यताको केन्द्र युरोपबाट यो सिद्धान्तको खोज गर्नुभयो। समाजमा पुँजीवादको उदय भएपछि पहिले नभएको सर्वहारा (मजदुर) वर्गको विकास तीव्र रूपमा भइरहेको थियो। राज्यभित्र सर्वहारावर्ग र मालिकवर्गको बीचमा सङ्घर्ष चर्किंदै गएको थियो। मालिकवर्गले एकदमै अमानवीय प्रकारले मजदुरवर्गमाथि शोषण-उत्पीडन लादिरहेको थियो भने सर्वहारावर्गले उत्पीडनको जुवाबाट आफूलाई मुक्त गर्न विद्रोहको ज्वाला दन्काइरहेको थियो। यो सङ्घर्षबाट चिन्तित एकथरी चिन्तकले या 'काल्पनिक समाजवाद' को या 'अराजकतावादी' या 'प्रतिक्रियावादी समाजवाद' को परिकल्पना गरिरहेका थिए। यही नयाँ वर्ग-अन्तर्विरोध, वर्गसङ्घर्ष र वैज्ञानिक दृष्टिकोणको आवश्यकताको आधारभूमिमा मार्क्स-एङ्गेल्स सन् १८४३ देखि वैज्ञानिक साम्यवादी सिद्धान्तको अनुसन्धानमा प्रवेश गर्नुभयो। सन् १८४८ मा पुग्दा साम्यवादी व्यवस्थाको सुव्यवस्थित दृष्टिकोण 'कम्युनिस्ट घोषणापत्र' संश्लेषण गर्न सफल हुनुभयो। उहाँहरूले कम्युनिस्ट घोषणापत्र लेखिसकेपछि मानवसभ्यतामा वैज्ञानिक समाजवाद-साम्यवाद एक वैज्ञानिक दृष्टिकोणको रूपमा आधिकारिक र व्यवस्थित प्रकारले स्थापित हुन पुग्यो।

मार्क्स-एङ्गेल्सले वैज्ञानिक समाजवाद-साम्यवादको अनुसन्धान गर्दा मुख्यतः समाजका तीन सङ्घटक क्षेत्रमा ध्यानकेन्द्रित गर्नुभयो। उहाँहरूले त्यस बेलासम्म उपलब्ध दर्शन, अर्थशास्त्र र समाजवादको गहन अध्ययन-विश्लेषण गर्दै त्यसका समस्याहरूलाई हल गर्दै वैज्ञानिक साम्यवादी दर्शन, अर्थशास्त्र र समाजवादको धारणा प्रस्तुत गर्नुभयो। मार्क्स-एङ्गेल्सले वैज्ञानिक समाजवाद-साम्यवादबारे अनुसन्धान गर्नुभएका तीन सङ्घटक विषयहरू निम्न रहेका छन् :

(क) वैज्ञानिक समाजवाद-साम्यवादी दर्शन
(ख) वैज्ञानिक समाजवाद-साम्यवादको राजनीतिक अर्थशास्त्र
(ग) वैज्ञानिक समाजवादी–साम्यवादी राजनीतिक व्यवस्थाको खोज
(क) वैज्ञानिक समाजवादी-साम्यवादी दर्शनको खोज

मार्क्स-एङ्गेल्सले गर्नुभएको साम्यवादी दर्शनको अनुसन्धान दर्शनको क्षेत्रमा गरिएको नयाँ र वैज्ञानिक अनुसन्धान हो। यो दर्शनलाई ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवाद भनिन्छ। यो यस पहिलेका दर्शनहरूको ठीक विपरीत भएकोले यसलाई दर्शनमा गरिएको ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# सम्पूर्ण भ्रमहरूको खारेजी

नेकपाको आठौँ केन्द्रीय समितिको १२ औँ पूर्ण बैठक पार्टीको नवनिर्मित केन्द्रीय सम्पर्क कार्यालय कपिलवस्तु, शिवगढीमा सम्पन्न भएको छ। ११ दिनसम्म सञ्चालित बैठकले प्रतिक्रियावादी शक्तिहरूले चलाएको हल्ला र सम्पूर्ण षड्यन्त्रलाई समाप्त पार्दै र खारेज गर्दै दलाल संसदीय व्यवस्था अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्देश्यले सञ्चालित एकीकृत जनक्रान्ति पूरा गर्न दृढ भएर क्रान्तियात्रामा अघि बढ्ने निर्णय गरेको छ। पार्टी बैठकले चुनावबाट संसदीय व्यवस्थालाई जनताको व्यवस्था वैज्ञानिक समाजवादमा परिवर्तन गर्न सम्भव नरहेको निष्कर्ष निकाल्दै पार्टी संसदीय चुनावमा नजाने निर्णय पनि गरेको छ। बैठकले पार्टीलाई दर्ता गरेर चुनाव उपयोगमा नजाने तर एमसीसी एवम् राष्ट्रघातविरोधी प्रतिनिधिहरूलाई सहभागी गराई सहयोग गर्ने निर्णय भने गरेको छ। पार्टीको यो निर्णयले क्रान्तिविरोधीहरूका षड्यन्त्र र आशङ्काहरू तत्कालका लागि समाप्त भएका छन्। क्रान्तिविरोधीहरू सत्ता र त्यसको वरिपरि घुमिरहेकाले क्रान्तिकारी पार्टी र क्रान्तिकारी आन्दोलनमाथिको खतरा भने टरेको छैन। यस किसिमका खतराहरू क्रान्तिको मैदानबाटै हल हुने हुन्छ। प्रतिक्रान्तिकारी सत्ता, प्रतिक्रियावादी व्यवस्था र त्यसले पार्ने दुष्प्रभावहरूबाट भने क्रान्तिकारीहरू सदा सावधान र सजग रहनुपर्ने हुन्छ। प्रतिक्रियावादी सत्ताविरुद्ध कुनै पनि समयमा विद्रोह बोल्नुपर्ने भएको र चारैतिर क्रान्तिविरोधी खतराहरू मडारि इरहेकाले क्रान्तिकारीहरू जागै बस्नुपर्ने हुन्छ। महासचिव कमरेड विप्लवले लेखेको ‘जागै बस साथी...’ गीत यतिबेला झनै सान्दर्भिक बनेको छ।

बैठकले पार्टी महासचिव विप्लवद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमाथि लामो छलफल र बहस गर्दै दलाल संसदीय व्यवस्थाभित्र जुनसुकै रूप र स्तरका चुनाव भए पनि ती संसदीय व्यवस्थाको सुधार र बचाउका लागि प्रयोग गरिने प्रणालीहरू रहेकाले चुनावबाट मात्र संसदीय व्यवस्थालाई जनताको व्यवस्था अर्थात् वैज्ञानिक समाजवादमा परिवर्तन गर्न सम्भव भएन र छैन भन्ने निष्कर्ष निकालेको छ। पार्टी महाधिवेशनपछि पार्टीका नेताहरूले राम्ररी पार्टी कार्यदिशा, योजना र कार्यक्रमहरूमाथि बहस गरेका छन् र आफ्नो मत प्रकट गरेका छन्। यो निष्कर्षले नेकपालाई संसद्वादी भासमा धकेल्न खोज्ने, घिसार्न खोज्ने र संसद्वादमै समाप्त भएको देख्न चाहने प्रतिक्रियावादीहरूको योजना असफल पारिदिएको छ। यसका लागि नेकपाका सम्पूर्ण क्रान्तिकारी नेतृत्वगण बधाईका पात्र छन्।

पार्टी बैठकपछि ‘संसदीय व्यवस्थाको स्थानीय चुनावबारे’ शीर्षक निर्णयमा भनिएको छ, ‘सिद्धान्ततः मात्र होइन, व्यवहारतः पनि संसदीय व्यवस्था दलाल पुँजीपति वर्गको हित रक्षा गर्ने प्रतिक्रियावादी व्यवस्था हो। यो व्यवस्था रहेसम्म श्रमिक जनता र राष्ट्रले मुक्ति र स्वाधीनता प्राप्त गर्न सम्भव छैन। बरु अनेकौँ राष्ट्रघात र जनघातका घटनाहरू भोग्न अनिवार्य छ। संसदीय व्यवस्थाभित्र आफ्नो शक्तिको सुदृढीकरण गर्न साथै जनतालाई संसदीय व्यवस्थाबाट संसदीय व्यवस्थामा घुमाउन हरेक चार या पाँच वर्षमा चुनावको आयोजना गरिन्छ। अर्थात् पुँजीपति वर्गले चुनावलाई संसदीय व्यवस्थाको रक्षा गर्ने रणनीतिमा प्रयोग गर्दै आएको छ। यो व्यवस्थाभित्र जुनसुकै रूप र स्तरका चुनाव भए पनि ती संसदीय व्यवस्थाको सुधार र बचाउका लागि प्रयोग गरिने प्रणालीहरू हुन्। यसर्थ चुनावबाट मात्र संसदीय व्यवस्थालाई जनताको व्यवस्था अर्थात् वैज्ञानिक समाजवादमा परिवर्तन गर्न सम्भव भएन र छैन।’ पार्टीको यो निर्णयले नेकपा चुनाववादी पार्टी बनेर सकिँदैछ भनेर चलाइएका सम्पूर्ण हल्ला, प्रचार र षड्यन्त्रलाई खारेज गरिदिएको छ। हामीले यसअघिको अङ्कको सम्पादकीयमा जोड दिएको विषय पार्टीलाई दलाल संसद्वादका विरुद्ध निरन्तर क्रान्तिकारी बनाउन सम्पूर्ण क्रान्तिकारी नेतृत्वले पहल गर्नुपर्छ भनेको सन्दर्भलाई पार्टीले आत्मसाथ गरेको छ। हामीलाई पनि यसमा गर्व छ।

नेकपाको बैठकले नेपालमा संसदीय व्यवस्था चालीस वर्षदेखि नै असफल बन्दै आएको र जनताले निरन्तर यसका विरुद्ध सङ्घर्ष-विद्रोह गरिरहेको भन्दै पछिल्लो एक वर्षदेखि यो अनेकौँ सङ्कटबाट गुज्रिरहेको निष्कर्ष पनि निकालेको छ। यो व्यवस्थाले उसको स्थानीय चुनावको समय आएको र यसलाई थोरै भए पनि आफ्नो सङ्कट छल्ने साधन बनाउन जुटेको भए पनि पार्टीले चुनावमा भाग नलिएर र असहयोग गरेर यो व्यवस्थाको सङ्कटलाई अझै बढाउन सहयोग पुऱ्याउने निष्कर्ष पनि निकालेको छ।

बैठकले केही संसद्वादी कम्युनिस्टहरूले चुनावलाई निरपेक्ष रूपले उपयोगको नीति बनाएर भाग लिँदै गएको र उनीहरूलाई चुनावको कुनै समस्या नै नभएको अवस्था र केही कम्युनिस्टहरूले बहिष्कार भने पनि उपयोग भने पनि केवल कार्यनीतिक प्रयोगमा मात्र सीमित रहेको सन्दर्भमा नेकपाजस्तो निरन्तर क्रान्तिमा बढिरहेको पार्टी, जसले आफ्नो रणनीतिअनुरूप जीवन्त कार्यनीतिहरू बनाउनुपर्ने जिम्मेवारी रहेको र  कार्यनीतिक गल्ती गर्दा क्रान्तिको रणनीतिक उद्देश्यमा घातक प्रभाव पार्ने अवस्था रहेकाले पार्टीलाई दर्ता गरेर चुनाव उपयोगमा नजाने निष्कर्ष पनि निकालेको छ। तर एमसीसी एवम् राष्ट्रघातविरोधी प्रतिनिधिहरूलाई सहभागी गराउने र सहयोग गर्ने नीति प्रयोग गर्नु उपयुक्त हुने निष्कर्ष भने निकालेको छ। संसदीय व्यवस्थालाई हेर्ने र प्रयोग गर्ने सन्दर्भमा पार्टी र क्रान्तिकारी नेता-कार्यकर्ता सदैव होसियार हुनुपर्छ। यही चैत १८ गते हेटौँडामा हुने पार्टीको केन्द्रीय प्रशिक्षणमा पार्टी बैठकका निर्णयबारे थप व्याख्या र विश्लेषण भएपछि एकीकृत जनक्रान्ति अझ तीव्रतामा अघि बढ्ने अपेक्षा गर्न सकिन्छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# मिसन पत्रकारिता : चुनौती र समस्या



**वसन्त श्रेष्ठ ‘प्रज्वलन’**

सञ्चार क्षेत्र विशेषगरी पत्रकारिताका क्षेत्रमा मिसन पत्रकारिता एउटा विशिष्ट विधा हो। विश्वभरि र नेपालका सन्दर्भमा मिसन पत्रकारिता आफैँमा परिचित र स्थापित छ। सरल भाषामा उद्देश्यमूलक रूपमा विषयको गहिराइमा सत्यतथ्यको खोज गरी जनसमक्ष प्रकाशित गर्नु ‘मिसन पत्रकारिता’ हो। राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिकलगायत अनेकौँ क्षेत्र यस विधाको क्षेत्र रहे पनि बहुसङ्ख्यक मानव समुदायको हित र प्रगतिका पक्षमा पत्रकारिता यसको सर्वाधिक भिन्न पहिचान हो।

आफ्नो विशेषता र योगदानका दृष्टिले विश्वका विभिन्न क्षेत्रहरूका साथसाथै विशेषतः सामाजिक रूपान्तरण र राजनीतिक परिवर्तनहरूका क्षेत्रमा गरेको भूमिकालाई महत्वपूर्ण योगदानका रूपमा मिसन पत्रकारितालाई स्मरण र सम्मान गरिन्छ। यस अर्थमा मिसन पत्रकारिता राजनीतिक परिवर्तन र सामाजिक रूपान्तरणको संवाहक हो। यो अग्रगामी परिवर्तनको अग्रदूत हो।

नेपालको सम्पूर्ण सामाजिक, राजनीतिक जागरण र परिवर्तनहरूमा मिसन पत्रकारिताको भूमिका अविस्मरणीय रूपमा इतिहासमा अङ्कित भइसकेको छ।

अहिले ‘स्वतन्त्र’ को आवरणमा व्यावसायिक सञ्चार माध्यम सर्वत्र हाबी र प्रभावकारी बनेका छन्। स्वतन्त्र भनिने प्रायः प्रमुख सञ्चार संस्था वा सञ्चार माध्यमहरू टेलिभिजन, पत्रपत्रिका, रेडियो, अनलाइन आदि वास्तवमा व्यावसायिक पत्रकारिता हुन्। व्यवसाय भन्नासाथ नाफाको उद्देश्य राखिएको हुन्छ। त्यसैले व्यावसायिक पत्रकारिताको मूल उद्देश्य समाचार वा पत्रकारिताको माध्यमबाट नाफा कमाउनु हो जसलाई ‘मिडिया उद्योग’ का रूपमा स्थापित गरिँदैछ। मिसन पत्रकारिताको विरोध गर्दै आफूलाई स्वतन्त्र दाबी गर्ने व्यावसायिक मिडियाहरू कति स्वन्तन्त्र छन् र के वास्तवमै उनीहरूको कुनै मिसन छैन त ? भन्ने सवालमा पनि विषय र व्यवहारका आधारमा जाँच्नु र अध्ययनको पाटो बन्नु पर्दछ।

कुनै बेला निकै महत्वपूर्ण र सम्मानित मानिएको खोज पत्रकारिता अहिले कताकता हराएको, हेपिएको, साँघुरिएको र मुर्झाएको भान हुन्छ। यद्यपि वर्तमानमा यसको सान्दर्भिकता र महत्व भने झनै बढेको देखिन्छ। विगतदेखि हालसम्मका उपलब्धि, समस्या, चुनौती र सम्भावनाहरूको समग्र समीक्षासहित खोज पत्रकारितालाई वर्तमानको आवश्यकता, जिम्मेवारीबोध र विकसित प्रविधिको संयोजन गर्दै नयाँ भाष्यसहित नयाँ उचाइमा विकास गर्नु आजको आवश्यकता हो। यसका लागि सञ्चार र पत्रकारिताकै क्षेत्रका विज्ञ, अनुभवी अग्रज पत्रकार, अध्येता, सचेत पाठकबीच ज्ञान, अनुभव र अनुभूतिका साथसाथै आगामी दिशाबारेमा साझा बहस, अन्तरक्रिया, विश्लेषण र संश्लेषण जरुरी छ। त्यति मात्र नभई यस विषयमा राज्य र राजनीतिक शक्ति तथा नेतृत्व पङ्क्तिसमेतबाट गम्भीर पहल, चिन्तन-मनन र दिशानिर्देश आवश्यक छ।

यहाँ मिसन पत्रकारिताको सूक्ष्म र सैद्धान्तिक विश्लेषण नभई सामान्य व्यावहारिक समस्याहरूबारे छलफल गर्ने प्रयास गरिन्छ।

**१. सैद्धान्तिक स्पष्टता र मार्गचित्रको अभाव**

मिसन पत्रकारिताको क्षेत्र र विषयवस्तु निकै व्यापक रहेको छ। यसले समाजका अत्यधिक विषयमा खोज, विस्तृत अध्ययन, विश्लेषणसहित निष्कर्ष प्रस्तुत गर्ने गर्दछ। विश्वका कुनै पनि भूगोल, राष्ट्र, व्यवस्था, अर्थतन्त्र, संस्कृति, निश्चित घटना, विषय, व्यक्ति, समाज, समुदाय, विकास, अपराध वा भ्रष्टाचार आदि कुनै पनि विषयमा सकारात्मक र कमजोरी, त्यसका कारण र परिणाम अनि प्रभाव आदिका बारेमा विभिन्न पाटा-पक्षहरूको तथ्यपूर्ण विश्लेषण र विकल्पको सम्भावनासहित सम्प्रेषण नै मिसन पत्रकारिताको विशेषता हो। तर मिसन पत्रकारिताको ओजलाई नबुझ्दा आज यसलाई कतिले पार्टी पत्रकारिताका रूपमा मात्र बुझ्ने र अर्थ्याउने गरेका छन्। यसरी विहंगम विषय समेटेको मिसन पत्रकारिता आज पार्टी पत्रकारितामा सीमित हुन र गर्न खोजिएको छ। मिसन पत्रकारितालाई केवल पार्टी पत्रकारिताका रूपमा बुझ्नु, बुझाउनु वा सीमित गर्नु अल्पज्ञानकै अभिव्यक्ति हो। अझ कतिपयले त यसलाई झोले पत्रकारिता (कुनै पार्टीका) का रूपमा अपमानित पनि गरेको पाइन्छ। त्यसो त नेपालमा आफूलाई स्वतन्त्र दाबी गर्ने तर प्रायः सबैजना कुनै न कुनै पार्टी निकट सङ्गठनमा आबद्ध हुने र सङ्गठन नै मोर्चाबद्ध वा एकल रूपमा नेपाल पत्रकार महासङ्घमा निर्वाचनमा भाग लिने वर्तमान तथ्य सबैका सामु छर्लङ्ग भएको अवस्थामा आफूले कति स्वतन्त्र वा अरूलाई पार्टी पत्रकारिता भन्न मिल्छ ? त्यो फरक छलफलको विषय हो। यहाँ चिन्ताको विषय के हो भने यति व्यापक विषयवस्तु ओगटेको खोज पत्रकारिता किन र कसरी सङ्कुचित भयो ? र केवल पार्टी पत्रकारिताका रूपमा बुझिने अवस्था बन्न पुग्यो ? भन्ने हो। विगतदेखि हालसम्म भए-गरेका कार्यले अहिले मिसन पत्रकारिताको अवस्था के हो ? यसमा कुनकुन पक्षमा विकास गर्ने र अबको नयाँ पिँढीले गर्नुपर्ने र कसरी गर्ने भन्नेबारे स्पष्ट मार्गचित्र नहुनु यस क्षेत्रको महत्वपूर्ण समस्या हो। मिसन पत्रकारिताको महत्व, योगदानलाई नयाँ उचाइमा उभ्याउँदै यसका विरुद्ध गरिएका वैचारिक र व्यावहारिक प्रहारलाई विचार र व्यवहारले नै जबाफ दिन जरुरी छ। यति बेला मिसन पत्रकारितालाई नयाँ ढङ्गले पुनर्परिभाषित गर्न जरुरी छ। यसका साथै ऊर्जाशील र प्रभावकारी बनाउन थप नीति, विधि संरचना र उत्प्रेरणाको समेत खाँचो छ।

**२. विषयवस्तु पहिचान, छनोट र विशिष्टीकरणको समस्या**

मिसन पत्रकारिता नामले नै स्पष्ट गर्दछ, यसको महत्वपूर्ण पक्ष र पहिचान भनेको उद्देश्यपूर्ण, गहन अध्ययन, खोज र प्रस्तुति हो। तर यति बेला अधिकांश मिसन पत्रकारिताको व्यावहारिक क्षेत्र आम समसामयिक राजनीतिक विषय भएको छ र राजनीति क्षेत्रको पनि दैनन्दिन भइरहेका राजनीतिक गतिविधि र राजनीतिक घटनाहरूको सतही व्याख्यामा सीमित भएको छ। यसमा संग्लन पत्रकारहरूमा सबैमा आम र समान विषयमा नै दखल देखिन्छ। त्यसैले आआफ्नो रुचिअनुसार भिन्नभिन्न विषयलाई आफ्नो अध्ययन क्षेत्र छनोट गर्नसके समग्रमा धेरै विषयमा महत्वपूर्ण सामग्री केन्द्रित हुन पुग्छ। सम्भवतः यसबारे कुनै पनि विषय मानौँ कुनै राजनीतिक घटनालाई मिसन पत्रकारिताको दृष्टिले लिने हो भने त्यसको पृष्ठभूमि, सम्बन्धित विभिन्न पक्ष र तिनका फरकफरक स्वार्थ वा उद्देश्य, पूर्वघटनाक्रमहरू, प्रकृति, कारण, नतिजा र प्रभावबारे तथ्यपरक अध्ययन आवश्यक हुन्छ। त्यसबाहेक राजनीतिसँग प्रत्यक्ष नजोडिएका तर राजनीतिका अनिवार्य सरोकारका कयौँ विषयहरू हुन्छन्, तीबारे कमै ध्यान दिइएको पाइन्छ। साथै समाजमा यति धेरै विषयवस्तु र क्षेत्रहरू छन् जसबारे सबैको चासो भइरहेको हुन्छ। राजनीतिका विविध पक्ष, अर्थतन्त्र, समाज, संस्कृति, शिक्षा, स्वास्थ्यलगायत पेसा, व्यवसाय, रोजगारी, प्राकृतिक दुर्घटना पीडित, विकास र विकासबाट उपेक्षित, सबै ऐतिहासिक आन्दोलन (०६२-०६३, ०४६), जनयुद्ध, झापा विद्रोहदेखि २००७ सालको सङ्घर्षसम्मका सहिद, बेपत्ता परिवार, घाइते-अपाङ्गको अवस्था, द्वन्द्वपीडित, महत्वपूर्ण जिम्मेवारी पूरा गर्ने योद्धाहरू, ती सबै खोज पत्रकारिताका विषय हुन सक्छन्। कुनै निकायमा भ्रष्टाचार भयो भन्ने एउटा समाचार हुन सक्छ तर भ्रष्टाचारविरुद्ध क्रियाशील मिसन पत्रकारिताका दृष्टिले भ्रष्टाचार भएको र त्यसको सम्बन्धित नेतृत्वसँग जोडेर अमूर्त विषय मात्र पर्याप्त हुँदैन, त्यो कसरी भयो, केकस्तो, कसरी, क-कसको संलग्नता देखिन्छ आदि निश्चित विषयहरूमा निरन्तर खोज, अध्ययनका आधारमा तथ्यहरू जरुरी हुन्छ। यी क्षेत्र र विषयबारे निश्चित पात्रले निरन्तर अध्ययन र खोजमा लागिरहे त्यस विषयमा अनुभव र विशेष दखल प्राप्त हुन्छ। यसले मिसन पत्रकारितालाई विभिन्न विषयमा विशिष्टीकृत गर्न सकिन्छ। साथै मिसन पत्रकारहरूको ज्ञान, क्षमता, अनुभव र व्यक्तिगत पहिचान पनि निर्माण हुन सक्छ।

**३. समस्याको सूक्ष्म तथा गहिराइमा पुग्ने र विकल्प प्रस्तुतिको चुनौती**

यो मिसन पत्रकारिताको विशेषता र चुनौती दुवै हो। कुनै पनि विषयको सतही अध्ययन वा छिपछिपेमा मात्र पुगेर विषयको वास्तविकता ज्ञात हुँदैन। अहिले समाचारको सत्यतथ्यभन्दा समाचार ‘ब्रेकिङ’ गर्ने हतारो हाबी भएको छ। सकेसम्म छिटो समाचार प्रकाशन र प्रसारण गर्नु महत्वको विषय भए पनि यो सत्यतथ्यभन्दा पर हुनु हुँदैन। निकै महत्व र चासोको विषय पनि तत्कालको हट न्युजमा सीमित हुने अवस्थाभन्दा त्यसको अन्तर्यसम्म पुगेर सबै पक्षहरू समेट्ने, यथार्थलाई जस्ताको तस्तै प्रस्तुत गर्ने विषय खोज पत्रकारिता हो। स्वाभाविकै छ त्यो तुलनात्मक रूपले जटिल, अप्ठ्यारो र लामो समय खट्नुपर्ने कर्म हो तब मात्रै पत्रकारिता मिसन पत्रकारिता बन्न पुग्छ। समस्याहरूको उठान वा उजागर पत्रकारिता हो भने समस्याको प्रकृति र कारणहरूको पहिचानसहित समाधानको वैकल्पिक समाधान खोज्नु मिसन पत्रकारिताको दायित्व हो।

**४. सूचना र तथ्य सङ्कलनमा पैदा हुने खतरा**

समाचारको सत्यको कसी तथ्य हुन्छ। वास्तविक सूचना र तथ्यहरू सङ्कलनका लागि सम्बन्धित क्षेत्र, पात्र, सन्दर्भसामग्री वा घटनास्थलमा कुनै न कुनै रूपमा पुग्नुपर्दछ। विषयवस्तु र घटना सम्बन्धित सबै सूचना र तथ्य सङ्कलन गर्नु सजिलो कार्य होइन। त्यसका लागि अनेकौँ अप्ठ्यारा र अवरोधहरू झेल्नुपर्छ। कुनै घटनासम्बन्धी सूचना सङ्कलनका क्रममा घटनामा संलग्न व्यक्तिहरूबाट अनेकौँ षड्यन्त्र गरिन्छ। अझ आन्दोलन वा सङ्घर्षका बेला समाचार सङ्कलनका लागि प्रत्यक्ष संलग्न हुँदा झनै असामान्य परिस्थिति भोग्नुपर्ने हुन्छ। आन्दोलनका क्रममा सुरक्षा निकाय र आन्दोलनकारीबीच झडप भएको अवस्थामा दुवै तर्फबाट निशानामा पर्ने खतरा पनि उत्तिकै हुन्छ।

**५. आवश्यक सामग्री र साधन–स्रोतको समस्या**

सम्बन्धित क्षेत्र, घटना वा पात्रहरूसम्म पुग्न, आवश्यक सूचना-तथ्यहरू सङ्कलन गर्न र त्यसको सुरक्षणका लागि चाहिने प्राविधिक सामग्रीहरू आवश्यक हुन्छन्। विभिन्न किसिमका क्यामरा, कम्प्युटरलगायत अन्य प्राविधिक सामग्रीहरू स्तरीयताको दृष्टिले महँगोसमेत हुनाले एउटा सामान्य व्यक्तिका लागि सहज पहुँच र प्राप्य हुँदैन। आवश्यक प्रविधि र सामग्रीको अभावले क्षमतावान् व्यक्तिको ज्ञान र प्रतिभा पनि भुत्ते, प्रभावहीन र निरीह हुन पुग्छ। आवश्यक सामग्रीहरूको अभावका कारण पनि विषयवस्तुको ज्ञान, विषय सान्दर्भिकता, इच्छाशक्ति र समय हुँदाहुँदै पनि सम्बन्धित क्षेत्र वा विषयमा पुगेर आवश्यकताअनुसारको सामग्री तयार गर्न असम्भव हुनसक्छ।

**६. सम्प्रेषण माध्यमको अभाव र त्यसपछिका समस्या**

निकै दुःखकष्ट र समय खर्चेर तयार गरेको विषयवस्तु वा समाचार सामग्री प्रकाशन गर्ने वा सम्प्रेषण गर्ने माध्यमको समस्या पनि एक महत्वपूर्ण समस्या हो। मिसन पत्रकारले तयार गरेको सामग्रीले कतिपय सरकारी निकाय वा निजी प्रतिष्ठानहरूका कमीकमजोरीलाई उजागार गरिदिएको हुनसक्छ। त्यस किसिमको सामग्री सम्प्रेषण गर्दा सरकारी निकाय रुष्ट हुने डर वा निजी प्रतिष्ठानहरूबाट विज्ञापन नपाइने डरले जोकोही प्रकाशन वा प्रसारण माध्यमले त्यस्ता सामग्री पस्कने आँट गर्दैनन्। खोजपूर्ण सामग्रीहरूको महत्वबोध गरी उपयुक्त पारिश्रमिकसहित सम्प्रेषण गर्ने सञ्चार संस्थाको निकै कमी छ। यसले सञ्चारकर्मीको कामप्रतिको उत्साह मर्ने गर्छ। एकातिर प्रकाशन वा प्रसारण हुँदै नहुने समस्या छँदैछ भने अर्कातर्फ त्यस्ता सामग्री प्रकाशन-प्रसारण भइहाले भने पनि जुन निकाय वा पक्षबारे समाचार सम्प्रेषण भएको हुन्छ, ती निकायबाट आफ्ना कमीकमजोरी महसुस गर्ने वा सच्याउनेतर्फ नलागी उल्टै त्यो सञ्चारकर्मीलाई धम्की दिने, विभिन्न माध्यम प्रयोग गरी उसलाई मानसिक यातना दिने वा प्रतिशोध साध्न अनेकौँ दुःख दिने गरिन्छ। अझ त्यस्ता समाचार सामग्रीहरू सरकारी वा प्रभावशाली निजी प्रतिष्ठान वा सुरक्षा निकाय वा प्रशासनसँग सम्बन्धित रहेको खण्डमा झनै प्रताडित गर्ने गरिन्छ। यसले सञ्चारकर्मीको मनोबल गिराउने गर्छ र अर्को सामग्री तयार गर्न निकै खतरा मोल्नुपर्ने कि त पेसाकर्मबाटै विस्थापित हुनुपर्ने देखिन्छ।

**७. दैनिक जीवन यापन र आर्थिक अभाव**

मिसन पत्रकारितामा क्रियाशील पत्रकारहरूको सञ्चार संस्थासँगको संलग्नता हेर्दा सामान्यतया दुई किसिमको देखिन्छ– कुनै संस्थासँग आबद्ध वा संलग्न र कुनै पनि संस्थासँग असंलग्न। त्यसबाहेक निश्चित विषय वा समयसम्म निश्चित संस्थासँग आंशिक संलग्नता पनि देख्न सकिन्छ। कुनै व्यावसायिक संस्थासँग संलग्न सञ्चारकर्मीहरू आफैँमा स्वतन्त्र नभई संस्थाको आवश्यकताका आधारमा जिम्मेवारी निर्धारण गरिएको हुँदा उनीहरू आफ्नो चाहना हुँदाहुँदै पनि उक्त व्यावसायिक संस्थाको इच्छाविपरीत कुनै अर्को विषय छनोट गरेर विषयवस्तुको मागबमोजिम अन्यत्र सम्बन्धित क्षेत्रमा पुगेर वास्तविक मिसन पत्रकारिताको भूमिका पूरा गर्न सकेका हुँदैनन् भने असंलग्न सञ्चारकर्मीहरूलाई आर्थिक अभावका कारण आफ्ना न्यूनतम् आवश्यकता र दैनिक जीवन निर्वाह गर्न पनि हम्मेहम्मे भएको स्थिति छ। निश्चित संस्थामा आबद्ध सञ्चारकर्मीहरू पनि केहीबाहेक ‘जसोतसो’ को अवस्थामा छन्। नाफाकै उद्देश्य राखेर सञ्चालित सञ्चार संस्थाहरूले सञ्चारकर्मीहरूलाई केवल कर्मचारी र मजदुर मात्र मान्ने गर्छन्। त्यसैले जति पारिश्रमिक वा ज्याला कम दिनु पायो त्यति नै नाफामा वृद्धि हुने हुनाले विभिन्न कारण देखाई सकेसम्म कम पारिश्रमिक दिएर काम गराउन चाहन्छन्। उता साना, गैरनाफामुखी सङ्घसंस्था र स्वयम् पत्रकारहरूद्वारा सञ्चालित अधिकांश सञ्चार संस्थाहरू ठूला मिडियाको बर्चस्वका कारण छायामा परेर वा विभिन्न कारणले आफैँ टाट उल्टने अवस्था भएकाले चाहेर पनि सञ्चारकर्मीलाई उचित ज्याला वा पारिश्रमिक दिन सकिरहेका छैनन्। कारण जे भए पनि यसको मार सञ्चारकर्मीहरूले नै भोग्नु परिरहेको छ। त्यसैले सञ्चारकर्मीहरू निश्चिन्त भएर आफ्नो ड्युटी वा मिसन पत्रकारिताको कार्यमा दत्तचित्त भएर लाग्न सकिरहेका छैनन्। दैनिक जीवनयापनका आवश्यकताहरूको तनावले उनीहरूले गर्नसक्ने उपलब्धिहरू पनि प्रस्तुत गर्न नसकिरहेको देखिन्छ।

**८. बहुप्राविधिक ज्ञानको कमी**

वर्तमान युग विज्ञान प्रविधिको युग हो। त्यसमा पनि सञ्चार प्रविधिको युग हो। सञ्चार प्रविधिमा भएको विकासले सामान्यतः सबै क्षेत्रमा, अझ विशेषगरी सञ्चार क्षेत्र र सञ्चारकर्मीहरूलाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ। विगतमा जस्तो कापी-कलममा मात्र सीमित छैन अहिलेको सञ्चारजगत्। अनलाइन, भिजुअल आदि सञ्चार माध्यमले कम्प्युटर, मोबाइलमार्फत कार्य सम्पादन गर्न सक्नु अहिले अनिवार्य र न्यूनतम् योग्यता बनिसकेको छ। अहिले सञ्चार क्षेत्रमा यति धेरै तीव्रतम विकास भइरहेको छ, एउटै सञ्चारकर्मीले एउटा समाचार सामग्री तयार गर्न एउटै प्राविधिक ज्ञानले मात्र पर्याप्त हुदैन। बहुप्राविधिक ज्ञानयुक्त सञ्चारकर्मी आजको युगको आवश्यकता हो। त्यसैले मिसन पत्रकारितामा संलग्न सञ्चारकर्मीहरूलाई बहुप्राविधिक तालिममार्फत प्रतिभा सम्पन्न बनाउनु जरुरी छ।

**९. सैद्धान्तिक र प्राविधिक ज्ञान संयोजनको समस्या**

पुराना, पाका र अग्रज पत्रकारहरू सैद्धान्तिक ज्ञान, अनुभव र विगतका अनेकौँ कालखण्डका ज्युँदा प्रमाण र साक्षी हुनुहुन्छ भने नयाँ युवा पुस्ता ऊर्जाशील, केही गरौँ भन्ने आकाङ्क्षा र नवप्रविधिमा दखल पनि। त्यसैले अग्रजहरूबाट नयाँ पुस्ताले उत्प्रेरणा, उनीहरूका सैद्धान्तिक ज्ञान, विभिन्न चुनौतीपूर्ण सङ्घर्षका अनुभवहरू जो आफैँमा ऐतिहासिक शिक्षा हुन्, तिनलाई ग्रहण गर्न र सिक्न सकिन्छ। उनीहरूले आफ्नो अवस्थाअनुसार वर्तमान प्रविधियुक्त सञ्चार युगमा प्राविधिक ज्ञानमा दक्ष हुन नसके पनि यसबारे न्यूनतम् जानकारी वा ज्ञान हासिल गर्न चासो राख्न जरुरी छ। त्यसो गरेर नै आफूलाई अद्यावधिक गर्न र निरन्तर प्रस्तुतिद्वारा आफ्नो ज्ञान, अनुभव, पहिचान र प्रतिभालाई झनै निखार्न सकिन्छ। त्यस्तै नयाँ पुस्तामा समसामयिकता र प्राविधिक ज्ञान हुँदाहुँदै पनि सैद्धान्तिक र आधारभूत पक्षको कमी देखिन्छ। यतिबेला पुराना पुस्तालाई प्राविधिक ज्ञानले पूर्ण गर्नु र प्रविधिमा अभ्यस्त नयाँ पुस्तालाई सैद्धान्तिक स्तरमा उठाउनु अनिवार्य विषय हो। सारमा मिसन पत्रकारितामा सिद्धान्त र प्रविधिको संयोजन आजको आवश्यकता हो।

**१०. राज्य र प्रशासनका चुनौती**

मिसन पत्रकारिताका निम्ति राज्य, सरकार र प्रशासन पनि एक स्वाभाविक चुनौती हो। मिसन पत्रकारिताले विभिन्न विषय र घटनाको उजागर गरेर सम्बन्धित पक्ष र राज्यका निकायहरूको कमीकमजोरी, अपराधहरूसमेत चरित्र उदाङ्गो पार्ने हुँदा मिसन पत्रकारिता प्रायः सधैँ नै सरकारको आँखाको कसिङ्गर बनेको हुन्छ र सरकारी निकायको निसानाको तारो बनिरहन्छ। राज्यका निकायहरूबाट सूचना नदिनेदेखि

... बाँकी पृष्ठ ४ मा

पृष्ठ १ बाट क्रमशः

# वैज्ञानिक समाजवाद–साम्यवादको खोज

क्रान्ति भनिन्छ । सामान्य रूपमा भन्दा प्रकृति, समाज, राज्यको उत्पत्ति, विकास र रूपान्तरणलाई अध्ययन गर्ने, बुझ्ने र प्रयोग गर्ने ज्ञान दर्शन हो । दर्शनलाई ज्ञानको प्रेम र विशेष ज्ञान पनि भनिन्छ । दर्शनलाई मार्क्सले "आफ्नो समयको बौद्धिक सार" भन्नुभयो । दर्शनको विकास तीन हजार वर्ष पहिलेदेखि भएको मानिन्छ तर सामन्तवाद र पुँजीवादसम्म वस्तुको उत्पत्ति, समाज र राज्यलाई हेर्ने दर्शन आदर्शवादी (अध्यात्मवादी) थियो । सन् १८४३ मा हेगेलको 'आदर्शवादी द्वन्द्ववाद' को आलोचना र सन् १८४५ बाट फायरबाखको ' भाववादी भौतिकवादको आलोचना' बाट मार्क्सले द्वन्द्वात्मक भौतिकवादी दर्शन (पदार्थ र प्रकृति नै सत्य हो र त्यो निरन्तर गतिमा छ भन्ने) को विषयमा हात हाल्नुभयो । मार्क्सले हेगेलको आदर्शवादी दर्शनको आलोचना गर्दै र द्वन्द्वात्मक भौतिकवादी दर्शनबारे प्रकाश पार्दै लेख्नुभयो, "हेगेलको द्वन्द्ववाद टाउकोले टेकेको थियो, मैले त्यसलाई खुट्टामा उभ्याइदिएँ ।" त्यसैगरी फायरबाखको भाववादी भौतिकवाद दृष्टिकोणको आलोचना गर्दै मार्क्सले भन्नुभयो, "आजसम्मका सारा भौतिकवाद जसमा फायरबाखको भौतिकवाद पनि सामेल छ-मुख्य त्रुटि यो छ कि वस्तु, वास्तविकता र इन्द्रियताको केवल विषय या अनुध्यानको रूपमा कल्पित गर्ने गर्छ, न कि मानवको इन्द्रिय क्रिया, व्यवहारको रूपमा, न कि आत्मनिष्ट रूपमा । यसकारण फल यो भयो कि क्रियाशील पक्ष, भौतिकवादको विपरीत, भाववादद्वारा विकसित गर्न पुगे तर केवल अमूर्त रूपमा किनकि भाववाद वास्तविक इन्द्रिय क्रियाभन्दा सर्वथा अपरिचित छ", (मार्क्स-एङ्गेल्स, सङ्कलित रचनाहरू, खण्ड १ भाग १, हिन्दी संस्करण, फायरबाखमाथि निबन्ध, पृ. ११) । त्यही क्रममा एङ्गेल्सले पनि द्वन्द्वात्मक भौतिकवादी दर्शनसँग जोडेर सन् १८४५ मा पवित्र परिवार र दर्शनबारे चर्चा गर्नुभयो । एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादबारे स्पष्ट गर्दै लेख्नुभयो, "सबै दर्शनको खासगरी अत्याधुनिक दर्शनको महान्, आधारभूत प्रश्न चिन्तन र अस्तित्वसँग सम्बन्धित छ । दार्शनिकहरूले यस प्रश्नका जुन उत्तरहरू दिए, तिनले उनीहरूलाई दुईवटा विशाल शिविरमा विभक्त गरिदियो । जसले प्रकृतिभन्दा चेतनालाई प्राथमिकता दिए र त्यसैले अन्तिम रूपमा त्यसैबाट कुनै न कुनै रूपमा विश्व रचना भएको कल्पना गरे । ... उनीहरू आदर्शवादीका शिविरमा परे । अरू प्रकृतिलाई प्राथमिक ठान्नेहरूचाहिँ भौतिकवादका विभिन्न धाराहरूमा पर्न पुगे", (एङ्गेल्स, मार्क्सवादी-लेनिनवादी, दर्शनशास्त्र, पृ. १६) । यसरी मार्क्स-एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादी दर्शनको विकास गरिसकेपछि समाजमा दुईखाले दर्शन अस्तित्वमा रहेका छन् :

१. **आदर्शवादी (अध्यात्मवादी) दर्शन**
२. **ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दर्शन**

**१. आदर्शवादी (अध्यात्मवादी) दर्शन**

आदर्शवादी (अध्यात्मवादी) दर्शन प्रकृति र समाजलाई बुझ्ने र व्याख्या गर्ने आत्मप्रधान या चेतना-प्रधान दृष्टिकोण हो । यस दृष्टिकोणले वस्तु, समाज, मानवको उत्पत्ति सहायक हो, मुख्य पक्ष यसको रचना र सञ्चालन गर्ने चेतना हो भन्ने विश्वास गर्छ । अर्थात् वस्तुको उत्पत्तिका सम्बन्धमा परम् चेतना (ईश्वर, भगवान्) मा विश्वास राख्दछ । यो दर्शनको सुरुआत तीन हजार वर्षअगाडि दासयुगबाट भएको मानिन्छ । यस दर्शनको निर्माण पश्चिममा ग्रिक, युनानका र पूर्वमा भारत, चीनका अध्यात्मवादी दार्शनिकहरूले गरेका हुन् । ती दार्शनिकहरू अफ्लातुन, बर्कले, फिख्टे, ह्युम, हेगेल, व्यास, मनु, कन्फुसियसलगायत थिए । सामन्ती युगमा यो दर्शनको सबैभन्दा ज्यादा विस्तार भयो । पुँजीवादले पनि यो दर्शनलाई मलजल गरिरहेको छ । यसले प्रकृति, समाज, वर्ग र राज्यलाई अदृश्य चेतना (ईश्वर, भगवान्, प्रभु, अल्लाह या कुनै अलौकिक शक्ति) ले निर्माण गरेको र उसैको इच्छाअनुसार चलिरहेको विश्वास गर्छ । यसको दृष्टिमा मान्छेले पदार्थलाई बुझ्न सक्दैन । मान्छे त केवल खेलौना मात्र हो । प्रकृति र समाज जुन रूपमा आएको हो, त्यही रूपमा चलिरहेको छ । मान्छेले ईश्वरकै चाहनामा काम गर्ने मात्र हो । आदर्शवादबारे मार्क्स-एङ्गेल्सले "समग्र दर्शनको साथै, विशेषगरी नूतन दर्शनको महान् एवम् आधारभूत प्रश्न चिन्तन र अस्तित्वको सम्बन्धको ... आत्मा र प्रकृतको सम्बन्धको हो, ... यो प्रश्न आत्मा र प्रकृतिमा कुन प्राथमिक हो ... दार्शनिकहरूलाई यो प्रश्नले दुई भागमा बाँडिदियो, जसले आत्मालाई प्रकृतिको सट्टा प्राथमिकता दियो र साथै, यसकारण आखिरमा यस या त्यस रूपमा विश्वको सिर्जन स्वीकार गऱ्यो, उनीहरूलाई आफ्नो अलग भाववादी (आदर्शवादी) शिविरमा पुऱ्यायो", (लेनिन, सङ्कलित रचना, खण्ड ५, हिन्दी संस्करण, कार्ल मार्क्सको शिक्षा, पृ. २९) भन्नुभयो । त्यसैगरी, लेनिनले "भाववादी दर्शन ... जसको अर्थ हमेसा कुनै न कुनै रूपमा धर्मको वकालत या त्यसको समर्थनमा हुन्छ,", (लेनिन, सङ्कलित रचना, खण्ड ४, हिन्दी संस्करण, मार्क्सवादका तीन स्रोत तथा ती सङ्घटक अङ्ग, पृ. १९५) भन्नुभयो । वस्तु, समाज र राज्यलाई बुझ्ने दृष्टिकोणका आधारमा हेर्दा अध्यात्मवादी दर्शनका विशेषताहरू निम्न रहेका छन् :

(क) प्रकृति र समाज कुनै अदृश्य चेतनाले निर्माण गरेको हो ।

(ख) प्रकृति र समाज जड् छन् ।

(ग) प्रकृति र समाजलाई बुझ्न र बदल्न सकिँदैन ।

(क) प्रकृति र समाज, कुनै अदृश्य चेतनाले निर्माण गरेको हो

अध्यात्मवादी दर्शनले प्रकृति, समाज र राज्यलाई अदृश्य चेतना, परम शक्ति (ईश्वर-भगवान्) ले निर्माण गरेको हो भन्ने दृष्टिकोण राख्छ । यसको दृष्टिकोणमा वस्तुको उत्पत्तिमा चेतना (अदृश्य शक्ति) प्रमुख हो र प्रकृति सहायक हो । हामीले आफू र आफूभन्दा बाहिर ब्रह्मान्ड, पृथ्वी, हावा, पानी, मान्छे, जीवजन्तु जे कुराको अस्तित्व देख्छौँ, यसलाई कुनै न कुनै शक्तिले निर्माण गरेको हो । त्यो शक्ति अरू कुनै नभएर परम् शक्ति, अदृश्य हात या ईश्वर नै हो । यो दृष्टिकोण राख्ने मान्छेहरूले व्याख्या गर्छन् कि ईश्वर–भगवान्ले पहिले पृथ्वी बनाए, त्यसपछि पानी, हावा, माटो, अग्नि बनाए र पछि एउटा पुरुष, एउटा महिला बनाएर पठाए । त्यसपछि मात्र आजको मानव-समाज बन्न पुग्यो । तर, यो दर्शनका समर्थकहरूबीचमा कुनचाहिँ अदृश्य र परम् शक्तिले यो संसारको रचना गऱ्यो र कसले सञ्चालन गरिरहेको छ भन्नेबारे भने निकै ठूलो विवाद छ । क्रिस्चियनहरू प्रभुले बनाएको ठान्छन्, हिन्दुहरू ब्रह्माले बनाएको ठान्छन्, मुस्लिमहरू अल्लाहले बनाएको ठान्छन् । कसै-कसैले यी कुनैले पनि नभएर परम् शक्तिले बनाएको ठान्छन् । ईश्वर, भगवान्, अल्लाहको विवाद यति अतिमा छ कि ईश्वरवादीहरूले हरेकले आफूलाई ईश्वरको एक मात्र प्रतिनिधि र अर्को धर्मलाई दानव, सैतान र काफिर ठान्छन् । उनीहरू आफ्नो ईश्वरले मात्र यो दुनियाँको रचना र रक्षा गरिरहेको दावी गर्छन् । वैज्ञानिक भौतिकवादप्रति भने सबैको असहमति र समान विरोध रहेको छ ।

**(ख) प्रकृति र समाज जड् छन्**


अध्यात्मवादी दर्शनको अर्को विशेषता वस्तु, समाज र राज्यलाई जड् र गतिहीन अस्तित्वको रूपमा बुझ्नु रहेको छ । यसको दृष्टिमा परम् शक्ति वा ईश्वरको शक्तिले वस्तुहरू जुन रूपमा बनेका हुन्, त्यही रूपमा र जस्तो अवस्थामा तयार भएका हुन्, त्यही रूपमा छन् । ईश्वरले नयाँ बनाउने इच्छा नराखेसम्म यही रूपमै रहिरन्छन् । ग्रह, पृथ्वी, जनावर, मान्छे, समाज, राज्य सुरुमा जुन अवस्थामा बनेका हुन्, त्यही अवस्थामा छन् र जसरी सञ्चालन गरिएको थियो, त्यही रूपमा चलिरहेका छन् । यसमा कुनै नौलो परिवर्तन आएको छैन । मान्छे मान्छेकै रूपमा जन्मिएको हो, जनावरहरू उत्पत्तिमै जनावर भएर आएका हुन्, समाज र राज्यको रचना पनि भगवान्को इच्छाले गर्दा भएका हुन् । राज्यको सञ्चालन गर्ने राजा-महाराजा, सम्राट र शासकहरू पनि भगवान्ले आफ्नो दूतको रूपमा शासन गर्न खटाएका हुन् । जनता शासित हुनकै लागि पैदा गरिएका हुन् । समाजमा गरिब र धनी, दुःखी र सुखी, शासक र शासित हुनु मान्छेहरूले जन्मिँदै ल्याएर आएको हुन्छ । आज बाह्य दुनियाँ (प्रकृति, समाज, राज्य, राजनीति, आर्थिक, प्रविधि) मा जे-जस्ता विकास, हेरफेर र परिवर्तनहरू देखिन्छन्, ती केवल ईश्वरका लिला र खेल मात्र हुन् । सबै वस्तु खेलौनाको रूपमा नाचेका मात्र हुन् । मान्छे देख्ने गति, विकास र परिवर्तन वस्तुका रूपमा देखिने फेरबदल मात्र हुन् । वस्तुहरू यस्तै आए, यस्तै छन् र यस्तै रहनेछन् । यी वस्तुहरूको आयु पनि ईश्वरको इच्छामा भर पर्छ ।

**(ग) प्रकृति र समाजलाई बुझ्न र बदल्न सकिँदैन**

अध्यात्मवादको तेस्रो दृष्टिकोण वस्तु, समाज र राज्यलाई बुझ्न र बदल्न सकिँदैन भन्ने रहेको छ । उनीहरूको तर्कअनुसार सबै वस्तु चेतनाका उपज भएकाले मान्छेको बुद्धि र चेतनाले त्यसलाई बुझ्ने क्षमता राख्दैन । वस्तु यति व्यापक र विशाल एक प्रकारले रहस्यको गुजुल्टो छ कि यसलाई मानव-विवेकले खोल्तनै सक्दैन । जब बुझ्न सकिँदैन भने मान्छेको क्षमताले बदल्ने भन्ने प्रश्न नै उठ्दैन । त्यसैले यी अस्तित्वशील वस्तुहरू जस्ता छन्, त्यही रूपमा रहन्छन् र यसरी नै रहन दिनुपर्छ । समाज जस्तो छ, त्यो त्यसरी नै जान्छ, देश जस्तो छ त्यही रहन्छ । राज्य जसरी सञ्चालित छ, त्यसरी नै चल्दै जान्छ । संस्कार संस्कृतिजस्ता छन्, ती त्यसरी नै जान्छन् । मान्छे स्वयम् पनि ईश्वरकै रचना भएकोले आफू पनि त्यसरी नै सञ्चालित हुनुपर्छ । यसको विचारमा वस्तुलाई मान्छेले बदल्न सक्छ, बदल्नुपर्छ भनेर सोच्नु भनेको उसका मनका भावना र लहडबाजी मात्र हुन्, त्यो सम्भव छैन र प्रयत्न गर्नु पनि हुँदैन । यो दृष्टिकोणअनुसार समाजमा वर्ग, वर्गसङ्घर्ष, राज्य जुन रूपमा छन्, तिनलाई त्यसरी नै चल्न दिनुपर्छ । त्यहाँ विभेद, शोषण, उत्पीडन, कूसंस्कार, छुवाछुत, अन्धविश्वास, अशिक्षाजस्ता विषयहरू छन् भने पनि ती परम् शक्तिका इच्छाले गर्दा भएका हुन्, मान्छेले ईश्वरको भक्तिद्वारा मुक्त हुन प्रार्थना गर्नुबाहेक अरू गर्न सकिँदैन । तिनलाई मान्छेले फेर्न चाहेर सम्भव छैन, यी फेरिन्छन् भने पनि भगवान्कै इच्छाले फेरिन्छन् । आदर्शवाद (अध्यात्मवाद) को निष्कर्ष छ कि आज मान्छेहरूले जे छ, त्यसैमा चित्त बुझाऊ ! पीडा, दुःखा, उत्पीडन, दमन छ र त्यसबाट मुक्त हुने चाहना छ भने भए यही जुनीमा नभए अर्को जन्मका लागि प्रभु, भगवान् र अल्लाहको पुकार गर, उसैलाई खुसी राख !

**२. ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दर्शन**

ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दर्शन प्रकृति, समाज, राज्यलाई अध्ययन गर्ने र बुझ्ने वैज्ञानिक दृष्टिकोण हो । यसको अनुसन्धान मार्क्स-एङ्गेल्सले सन् १८४३ पछि अर्थात् उन्निसौँ शताब्दीको मध्यमा गर्नुभएको हो । यो दृष्टिकोणअनुसार प्रकृति र वस्तु मुख्य हो, चेतना सहायक हो । हाम्रो वरिपरि जे-जस्ता वस्तुहरू अस्तित्वमा रहेका छन्, ती प्राकृतिक हुन् र तिनलाई बुझ्न सकिन्छ । यी तत्वहरू निरन्तर गतिशील र विकासशील रहेका छन् । मार्क्स-एङ्गेल्सले यो दर्शनको अनुसन्धान नगर्दासम्म समाजमा अध्यात्मवादी दर्शन हाबी थियो । दार्शनिकहरू परम्-ईश्वरीय शक्ति र विश्व-आत्माको वरिपरि घुमिरहेका थिए । यस्तो अवस्थामा मार्क्स-एङ्गेल्सले दर्शनमा खोज गर्नुभएको ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवाद परम्परागत दर्शनमा गरिएको क्रमभङ्ग र क्रान्ति थियो । यो दर्शनको अनुसन्धान मार्क्सले सन् १८४३ मा हेगेलको 'आदर्शवादी दर्शनको आलोचना' बाट आरम्भ गर्नुभयो । उहाँले हेगेलको प्रत्ययवादलाई आलोचना गर्दै 'टाउकोले टेकेको दर्शन' बताउनुभयो । युवा हुँदा मार्क्स स्वयम् पनि हेगेलकै विद्यार्थी हुनुहुन्थ्यो । पछि मार्क्सले सन् १८४५ मा फायरबाखको भाववादी एवम् अधिभूतवादी (जड्) भौतिकवादको पनि




आलोचना गर्नुभयो । उहाँसँगै मिलेर एङ्गेल्सले पवित्र परिवार लेख्नुभयो । सन् १८४८ मा मार्क्स-एङ्गेल्सले कम्युनिस्ट पार्टीको घोषणापत्र लेखेपछि द्वन्द्वात्मक भौतिकवादी दर्शन व्यवस्थित बन्न पुग्यो । ऐतिहासिक भौतिकवादबारे मार्क्सले प्रकाश पार्दै भन्नुभयो, "इतिहासको भौतिकवादी अवधारणाहरूले विचारबाट व्यवहारलाई व्याख्या गर्ने होइन, बरु भौतिक व्यवहारबाट विचारहरूको बनोटलाई व्याख्या गर्दछ", (मार्क्सवादी, लेनिनवादी दर्शनशास्त्र, पृ. १६५) । यसबारे लेनिनले स्पष्ट गर्दै भन्नुभयो, "मार्क्सवादी दर्शन भौतिकवाद हो । युरोपको पूरै आधुनिक इतिहासमा विशेष रूपले अठारौँ शताब्दीको अन्तमा फ्रान्सभित्र, जहाँ हर-प्रकारका मध्ययुगीन कचराको विरुद्ध, संस्थाहरू र विचारहरूमा भू-दासताको विरुद्ध निर्णयक सङ्घर्ष चलायो, भौतिकवाद एक मात्र यस्तो सुसङ्गत दर्शन सिद्ध भयो, जो प्राकृतिक विज्ञानको समस्त शिक्षाहरूको कसौटीबाट खरो उत्रियो, साथै अन्धविश्वास, पाखण्ड आदिको विरोधी निक्लियो", (लेनिन, सङ्कलित रचनाहरू, हिन्दी संस्करण, खण्ड ४, मार्क्सवादका तीन स्रोत तथा तीन सङ्घटक अङ्ग, पृ. १९४) । मार्क्स-एङ्गेल्सले अनुसन्धान गर्नुभएको र लेनिन-माओले विकास गर्नुभएको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दर्शनका विशेषताहरू निम्न रहेका छन् :

(क) प्रकृति, मानव-समाज प्राकृतिक हुन् ।

(ख) वर्ग, राज्यसत्ता, पार्टी मानव निर्मित हुन् ।

(ग) प्रकृति, समाज, वर्ग, राज्यसत्ता गतिशील र परिवर्तनशील छन् ।

(घ) समाज, वर्ग र राज्यलाई बुझ्न र बदल्न सकिन्छ ।

(क) प्रकृति र मानव-समाज प्राकृतिक हुन्

द्वन्द्वात्मक भौतिकवादी दर्शनको दृष्टिकोणअनुसार प्रकृति र मानव-समाजको उत्पत्ति एवम् विकास प्राकृतिक छ । सबै वस्तुको जन्म प्राकृतिक घटनाहरूको क्रिया-प्रतिक्रियाद्वारा भएको हो । मानवजाति र समाजको विकास पनि प्राकृतिक ढङ्गले भएको हो । पछिल्लो समयका विकास मानव ज्ञान र चेतनाको सहयोगसहित भए पनि मूल विशेषता प्राकृतिक नै हो । उदाहरणार्थ, हामी बसेको यो ब्रह्मान्ड, पृथ्वी, जीवजन्तु, मानव, मानव-समाजको उत्पत्ति र विकासलाई लिऔँ । भौतिकवादी वैज्ञानिकहरूका अनुसार कुनै समय यो ब्रह्मान्ड, हामी बसेको पृथ्वी, जीवहरू र मानवजाति केही र कोही पनि थिएनन् । यी सबैको उत्पत्ति प्राकृतिक प्रतिक्रियाद्वारा भयो । ब्रह्मान्ड, पृथ्वीको उत्पत्ति महाविष्फोटबाट भयो भन्ने छ भने केहीले धुलीकनद्वारा भयो भन्ने छ । त्यसैगरी, पृथ्वीको उत्पत्ति ४.५ अर्ब पहिले भयो भने पृथ्वीमा जीव उत्पत्ति भएको एक अर्ब वर्ष भएको मानिन्छ । जीवबाट मानव उत्पत्ति भएको जम्मा ४० लाख वर्ष भयो । त्यसमा पनि सामुदायिक चरित्रमा विकास भएको १० लाख वर्ष मात्र भयो । आधुनिक मानवमा फड्को मारेको १० हजार वर्ष भयो । सामन्तवाद १४ सय वर्ष चल्यो भने पुँजीवाद आएको ५०० वर्ष पुग्दैछ । जतिबेला मानवजाति घुमन्ते जङ्गली युगमा थियो, त्यसबेलासम्म समाजमा धनी, गरिब वर्ग पनि थिएन, वर्गसङ्घर्ष र राज्य पनि थिएन । यी सबैको उत्पत्ति भएको १० हजार वर्षयता मात्र हो । यसले के सावित गर्छ भने प्रकृतिमा अन्तर्निहित सङ्घर्ष र प्राकृतिक घटनाहरूको विकासको क्रममा जीव र मानवजातिको विकास भएको हो । आज पनि प्रकृतिमा हुने अनेकौँ क्रिया र प्रतिक्रियाका कारण नयाँ-नयाँ कीटाणु, रोग, उपचार विधि बन्ने र सकिने प्रक्रिया चलिरहेको छ । यो अध्यात्मवादीहरूले सोचेजस्तो कुनै चेतना, आत्मा या दैवी शक्तिले बनाएको होइन । अहिले आएर यो दृष्टिकोणमा कम्युनिस्ट मात्र होइन, सबै भौतिकवादी, वैज्ञानिक र मानवशास्त्रीहरू पनि पूर्णरूपले सहमत छन् ।

(ख) **वर्ग, राज्यसत्ता, पार्टी मानव निर्मित हुन्**

द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको दोस्रो विशेषता वर्ग, राज्यसत्ता र पार्टीहरू समाजका उपज हुन् भन्ने रहेको छ । यो विशेषताअनुसार वर्ग, राज्यसत्ता र राजनीतिक पार्टीहरू समाजको अर्थ-सम्बन्धका कारण पैदा भएका वस्तुहरू हुन् । यी प्राकृतिक रूपले धेरै पहिलेदेखि या पृथ्वीको उत्पत्ति भएदेखि नै अस्तित्वमा थिएनन् । पृथ्वी, हावापानी, जीवको उत्पत्ति भएको धेरै पछि मात्र अस्तित्वमा आएका हुन् । कैयौँ त पछिल्लो मानव-समाजको विकास क्रममा उत्पन्न भएका हुन् । समाजमा पहिले वर्ग उत्पत्ति भएको होइन कि पशुपालन र कृषि उत्पादन कार्य सुरु भएको हो । जब आर्थिक उत्पादन या सम्पत्तिको उत्पत्ति भयो, तब समाजमा वर्गहरू जन्मिन पुगे । वर्गहरू उत्पत्ति भएपछि मात्र वर्ग-स्वार्थको रक्षा गर्न राज्यसत्ताको विकास भयो । राजनीतिक पार्टीहरू त निकै समयपछि मात्र निर्माण हुन पुगे । यसबारे मार्क्स-एङ्गेल्सले सन् १८४८ को कम्युनिस्ट घोषणापत्रमा लेख्नुभयो, "राजनीतिक सत्ता भनेको एक वर्गले अर्को वर्गलाई दबाउने सङ्गठित शक्ति मात्र हो", (कम्युनिस्ट घोषणापत्र, पृ. ४८) । त्यसैमा उहाँहरूले थप्नुभयो, "आधुनिक कार्यकारी राज्य भनेको सम्पूर्ण रूपले बुर्जुवावर्गको साझा स्वार्थ रक्षार्थ बनाइएको छ ।" त्यसैगरी, लेनिनले राज्यको बारेमा "राज्य भनेको शक्तिको विशेष सङ्गठन हो, कुनै वर्गलाई दबाउनका निम्ति बल प्रयोगको सङ्गठन हो", (राज्य र क्रान्ति, दोस्रो अध्याय, क्रान्तिको पूर्व-बेला, पृ. २५) भन्नुभएको छ । जब राज्यसत्ताको विकास भयो, त्यसैको सङ्घर्षको क्रममा वर्गहरूको नेतृत्व गर्न र वर्ग-विचारको प्रतिनिधित्व गर्न नै राजनीतिक पार्टीहरू पनि निर्माण भए । समग्रमा भन्दा वर्ग, राज्यसत्ता र पार्टीहरू समाज विकासको क्रममा मानवद्वारा बनाइएका वस्तुहरू हुन् । कुनै पनि यी ईश्वरीय शक्तिका उपज होइनन् ।

(ग) **प्रकृति, समाज, वर्ग, राज्यसत्ता गतिशील र परिवर्तनशील छन्**

द्वन्द्वात्मक भौतिकवादी दर्शनको तेस्रो विशेषता प्रकृति, मानव-समाज र राज्यसत्तालाई गतिशील र परिवर्तनशील वस्तुको रूपमा बुझ्नु रहेको छ । यसको अर्थ हो, प्रकृतिका हरेक वस्तु उत्पत्ति भएदेखि आजसम्म गतिशील छन, विकासशील र परिवर्तनशील छन् । यी सबै वस्तुहरूको जन्म नै प्राकृतिक घटनाहरूको गतिमा भएका हो । जबदेखि यिनको जन्म भयो, तबदेखि नै यी गति र विकासमा रहँदै आएका छन् । यी एकबाट अर्कोमा परिवर्तन र रूपान्तरण पनि हुँदै आएका छन् । वस्तुहरू उत्पत्तिकालमा जुन रूपमा थिए, त्यही रूपमा छैनन् । आज जुन रूपमा छन्, ती पछि रहनेछैनन् । निरन्तर परिवर्तन हुँदै जानेछन् । यस सन्दर्भमा एङ्गेल्स भन्नुहुन्छ, "कुनै पनि कुरा शाश्वत् छैन, तर सबै सधैँ परिवर्तनशील छ, अनन्त रूपमा गतिशील छन्, पदार्थ र ती नियमहरू, जसअनुसार पदार्थ गतिशील बन्दछन् ...", (मार्क्सवादी-लेनिनवादी दर्शनशास्त्र, पृ. ३२) ।

माथि नै चर्चा गरियो कि कुनै समय यो ब्रह्मान्ड, पृथ्वी, जीवजन्तु केही थिएनन् । पछि मात्र उत्पत्ति भए, मानव पनि सुरुमा जङ्गली जनावरकै रूपमा थियो । बाँच्नका लागि मान्छेले अरू जनावरले भन्दा फरक प्रकारले श्रम गर्न थाल्यो । श्रमको कारणले नै मान्छेको पुच्छर हराउँदै, हात-गोडा फरक बन्दै अरू जनावरबाट अलग भयो । श्रम, चेतना, विचारको कारण मान्छे आधुनिक समाजका विभिन्न चरण पार गरेर पुँजीवादी युगभित्र आइपुगेको छ । आज मान्छे पुँजीवादबाट वैज्ञानिक समाजवादतिर यात्रारत छ । सम्भवतः आउँदा केही शताब्दीपछि पुँजीवादको अन्त्य हुनेछ । विश्वमा साम्यवाद आउनेछ र त्यो पनि विकासको नियमअनुरूप नै नयाँ बन्दै जानेछ । विज्ञानअनुसार करोडौँ वर्षपछि पृथ्वी पनि समाप्त हुनेछ र मानवले नयाँ पृथ्वीको विकास गर्नेछन् । वस्तुको जन्म, विकास र परिवर्तनको वैज्ञानिक भौतिकवादी नियमले दिएको उच्चतम् ज्ञान यही हो ।

(घ) **समाज, वर्ग र राज्यलाई बुझ्न र बदल्न सकिन्छ**

द्वन्द्वात्मक भौतिकवादी दर्शनले मानव-समाजलाई वैज्ञानिक ज्ञानद्वारा बुझ्न र परिवर्तन गर्न सकिन्छ भन्नेमा विश्वास गर्छ । वस्तु, समाज र राज्यको जन्म र विकासबारे वैज्ञानिक बुझाइ भइसकेपछि त्यसभित्रका गुण र विशेषतालाई पनि बुझ्न सकिन्छ । बुझिसकेपछि तीनलाई परिवर्तन पनि गर्न सकिन्छ भन्ने यसको मान्यता हो । यस सन्दर्भमा दार्शनिकहरूको विशेषतालाई उल्लेख गर्दै मार्क्सले भन्नुभयो, "दार्शनिकहरूले विभिन्न विधिहरूबाट विश्वको केवल व्याख्या मात्र गरेका छन्, जब कि मुख्य प्रश्न यसलाई बदल्नु हो", (मार्क्स-एङ्गेल्स रचनाहरू, हिन्दी संस्करण, खण्ड १, भाग १, फायरबाखमाथि निबन्ध, पृ. १४) । यसो भन्दा सबै प्राकृतिक वस्तुहरूलाई परिवर्तन गर्न सकिन्छ भन्ने होइन । प्रकृति र समाजका केही प्राकृतिक नियम छन्, तिनलाई बदल्न सकिँदैन तर केही त्यसका विकसित विशेषताहरू छन्, जसलाई मानवज्ञानद्वारा बदल्न या रूपान्तरण गर्न सकिन्छ । सूर्य पूर्वबाट उदाउँछ, पश्चिममा अस्ताउँछ । दिनपछि रात आउँछ, ऋतुहरू फेरिन्छन्, मान्छे जन्मेपछि मर्छ । यी नियमहरू फेर्न सकिँदैन तर चिसो मौसममा न्यानो बनाउन सकिन्छ । अँध्यारोलाई उज्यालो बनाउन सकिन्छ । रोग लागेर मर्नेलाई बचाउन सकिन्छ । शोषण, दमन, अत्याचार हटाउन सकिन्छ । सबैलाई शिक्षा दिएर मानवजीवनलाई समान बनाउन सकिन्छ । त्यसैगरी मानव-समाजको विकास र समृद्धिका लागि श्रम (बौद्धिक र शारीरिक) अनिवार्य छ, यसलाई फेर्न सकिँदैन तर एक वर्गले अर्कोलाई शोषण उत्पीडन गर्ने, कोही सुखी, कोही दुःखी हुने, कोही अर्बपति, कोही भीखमङ्गा हुने विशेषतालाई फेर्न सकिन्छ । तर यी विशेषताहरू स्वतः फेरिन्छन् भन्ने होइन, त्यसका लागि सबैभन्दा पहिलो सर्त मान्छेलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण र ज्ञानद्वारा सुसज्जित गर्नुपर्छ । त्यो अवसर आज मार्क्सवादी दर्शनले श्रमिकवर्गलाई उपलब्ध गराइसकेको छ । यस सन्दर्भमा लेनिनले भन्नुभयो, "मार्क्सवादी दर्शन एउटा सम्पूर्णतः दार्शनिक भौतिकवाद हो, जसले मानवजातिलाई, विशेषतः श्रमिकवर्गलाई ज्ञानका शक्तिशाली उपकरणहरू प्रदान गरेको छ", (लेनिन, सङ्कलित रचनाहरू, हिन्दी संस्करण, खण्ड ४, मार्क्सवादका तीन स्रोत तथा तीन सङ्घटक अङ्ग, पृ. १९५) ।

भौतिकवादको विकास नहुँदासम्म पृथ्वीको उत्पत्ति र यसको अस्तित्वबारे सही ज्ञान थिएन । ज्ञान नहुँदा यसलाई मानवअनुकूल बनाउने र परिवर्तन गर्ने कल्पना पनि थिएन । उदाहरणार्थ, हिन्दु धर्मअनुसार पृथ्वीलाई भगवान्ले बनाएका हुन् र यसलाई भीमले बोकेर राखेको विश्वास गरिन्थ्यो । युरोपमा कछुवाको पीठमा पृथ्वी अडेको मानिन्थ्यो (हकिन्सले उल्लेख गरेअनुसार) । एसियामा सर्पको मुखमा बसेको ठानिन्थ्यो तर पछि भौतिक विज्ञानले पत्ता लगायो कि पृथ्वीको उत्पत्ति चार अर्ब वर्षपहिले महाविष्फोटबाट भएको हो, पृथ्वी ब्रह्मान्डीय गुरुत्वाकर्षणको नियमअनुसार अडेको छ र चलिरहेको छ । यसले दुनियाँलाई पूरै नयाँ ठाउँमा पुऱ्याइदियो । त्यसैगरी, पहिले गरिब र धनी हुनुमा भाग्यको लेखा या भगवान्को देन मानिन्थ्यो तर जब समाज विकासको नियमलाई भौतिकवादी कोणबाट बुझाइयो, तब गरिब-धनी हुनुमा आर्थिक उत्पादनमा कायम हुने स्वामित्वको भूमिका मुख्य छ भन्ने पत्ता लाग्यो । गरिब-धनी हुनुको कारण पत्ता लगाइसकेपछि मान्छेले मान्छेलाई ठग्न र शोषण गर्न पाइँदैन भन्ने मान्यता स्थापित हुन पुग्यो । सचेततापूर्वक शोषण, उत्पीडन र पुँजीवादको अन्त्य गरेर मानवजातिलाई शोषणविहीन समाजवादी व्यवस्थातिर लान सकिन्छ भन्ने विश्वास भयो र त्यसका लागि क्रान्ति गर्न थालियो । वस्तुलाई बुझ्न र बदल्न सकिने भएकोले नै विज्ञानका नयाँ-नयाँ अनुसन्धान र विकास सम्भव भएका छन् । मानव अन्तरिक्षदेखि अर्को ग्रहसम्म पुग्न सक्नुको कारण पनि यही हो । श्रमिकवर्गले विभेदकारी दुनियाँलाई बुझ्न र परिवर्तन गर्न सक्छ भन्नुको ज्ञान पनि यही हो । समग्रमा हेर्दा मानव-दुनियाँलाई नयाँ स्थानमा पुऱ्याउनमा द्वन्द्वात्मक भौतिकवादी दर्शनको योगदान निकै महत्वपूर्ण रहेको छ ।

(स्रोतः वैज्ञानिक समाजवाद पुस्तक)

क्रमशः अर्को अंकमा ...

# वैज्ञानिक समाजवाद र जनमतसङ्ग्रह



पूर्णबहादुर सिंह

## १) तीतो सत्य

आज दलाल पुँजीवादी संसदीय व्यवस्था बदनाम एवम् पूर्णतः असफल भएको छ । संसद्वादीहरू बदनामीलाई धोइपखाली र असफलतालाई ढाकछोप गर्ने धृष्टता गरिरहेका छन् । यो व्यवस्था र आफ्नो सङ्कटलाई देश र जनताको बनाउन खोजिरहेका छन् । व्यवस्थाको असफलता, संसद्वादी पार्टीहरूको तेजोभङ्ग र व्यक्तिहरूको अक्षमता पुष्टि भइसकेको छ । आमजनताले पटकपटक व्यक्ति र पार्टीलाई निर्वाचित गरेकै हुन् । कुराजस्तो काम हुन सकेन । नारा र व्यवहारमा ठूलो खाडल देखियो । तसर्थ यो व्यवस्था, पार्टी र व्यक्तिलाई आज आमजनताले छिःछिः र दुरदुर गरिरहेका छन् । आजको जनचाहना, जनअपेक्षा र जनविकल्प अर्थात् जनमत भनेकै वैज्ञानिक समाजवाद हो । आफूलाई प्रजातन्त्र, लोकतन्त्र र जनवादको हिमायती ठान्ने व्यक्ति वा पार्टीहरू किन भयभीत हुने ? दलाल पुँजीवादी संसदीय व्यवस्था सङ्कटग्रस्त मात्र होइन, विघटन भइसकेको छ । वैज्ञानिक समाजवादमा मात्र हाम्रो मुलुक र आमजनताको उज्ज्वल भविष्य र सुन्दर जीवन छ । यो व्यवस्था, अमूक पार्टी र व्यक्ति जनमत र जनविकल्प होइन । वैज्ञानिक समाजवाद नै अद्वितीय विकल्प र सम्पूर्ण समाधान हो ।

## २) चलेका चर्चा

पहिलो, गौरवशाली नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीचको वार्ता र तीनबुँदे सहमति हो । यसको सर्वत्र सकारात्मक र नकारात्मक चर्चा चलिरहेको छ । आमजनता, वामपन्थी, प्रगतिशील, देशभक्त, बुद्धिजीवीहरूले खुसीसाथ स्वागत गरिरहेका छन् । नकारात्मक रूपमा केहीले गोयबल्सलाई नै उछिन्ने गरी जनतालाई भ्रमित गर्ने धृष्टता गरिरहेका छन् । यस्ता भ्रम, वास्तविकता, न्यूनीकरण र अतिरञ्जनाहरूको आधिकारिक जबाफ पार्टीले दिइसकेको छ ।

दोस्रो, सहमति कार्यान्वयन हो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको संवर्द्धनको सच्चा हिमायती नेपाल कम्युनिस्ट पार्टी हो । लोकतन्त्रका हिमायती ठान्नेहरूले पार्टीका नीति, कार्यक्रम, जनसङ्घर्ष, गतिविधिलगायतको स्वागत एवम् धन्यवाद दिनुपर्नेमा फासिवादी दमनको रबैया अपनाएर प्रतिबन्ध लगाइयो । एकतर्फी रूपमा युद्धको घोषणा गरेर जनदमन गरियो । पार्टी झन् जनप्रिय बन्दै गयो । पार्टीले फासिवादी दमनको सापेक्षित जनप्रतिरोध गऱ्यो । नयाँ वातावरणमा वार्ता र सहमति भयो । त्यसको कार्यान्वयनमा उदासीनता देखिन्छ । झूट्टा मुद्दाहरू खारेजी, राजबन्दीहरूको रिहाइ र राजनीतिक संवाद प्रारम्भ गरिनुपर्ने हो तर त्यो भएको छैन । यसमा गम्भीर प्रश्न खडा भइरहेको छ । त्यसको अविलम्ब कार्यान्वयन गरिनु पर्दछ । हलो अड्काउने, गोरु पड्काउने प्रवृत्तिले समस्या समाधान होइन, झन् जटिल बनाउँछ ।

तेस्रो, वैज्ञानिक समाजवाद र जनमतसङ्ग्रह हो । वैज्ञानिक समाजवाद- साम्यवाद नेपाल कम्युनिस्ट पार्टीको मूल लक्ष्य हो । अहिले पार्टीले अघि सारेको जनमतसङ्ग्रह क्रान्तिकारी, आवश्यक र वस्तुवादी राजनीतिक कार्यनीति हो । यसको आमजनता, वामपन्थी, प्रगतिशील, देशभक्त, बुद्धिजीवीहरूले खुसीसाथ स्वागत गरिरहेका छन् । केही मानिसले गलत तरिकाले विरोध पनि गरिरहेका छन् । पार्टी आफ्नो सिद्धान्त, व्यवहार, रणनीति, कार्यनीति, उद्देश्य र कार्यविधिमा स्पष्ट एवम् दृढ छ । दलाल पुँजीवादी संसदीय व्यवस्था, प्रणाली र सरकारसँग यसको कुनै साइनो छैन । यो सरकारमा जाने र मन्त्री खाने हल्ला एवम् भ्रम त सिजोफेनिया हुन सक्छ । यो सरकार आफैँ विघटित छ । सवाल प्रगतिशील संयुक्त सरकारको गठन हो । केही स्वनामधन्य मार्क्सवादी पण्डितहरूले कहाँ जनमतसङ्ग्रहबाट वैज्ञानिक समाजवाद आउँछ ? एकीकृत जनक्रान्ति कहाँ हरायो ? यसप्रकारका भ्रम छर्न खोजिरहेका छन् । मार्क्स-एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रमा रुसमा जनविद्रोह र चीनमा जनयुद्ध भनेर कतै लेख्नुभएको थिएन । ती दुवै ठोस वस्तुको ठोस विश्लेषण र संश्लेषण थिए । 'आजको विश्व र नेपाली परिस्थितिले कार्यदिशामा नयाँ संश्लेषणको माग गरेको छ । त्यस्तो कार्यदिशा जनविद्रोह र जनयुद्धको विकासका रूपमा एकीकृत जनक्रान्ति हुन पुगेको छ' भनेर आदरणीय महासचिव कमरेड विप्लवले (विप्लव सङ्कलित रचना, पृष्ठ १७६) मा स्पष्ट उल्लेख गर्नुभएको छ । यो मार्क्सवादको नयाँ प्रयोग एवम् विकास हो । आत्मगत रूपले रक्षात्मक विश्व-कम्युनिस्ट आन्दोलन, सामाजिक साम्राज्यवादको पतन एवम् असफल समाजवादी सत्ता, महान् नेपाली जनयुद्धले खाएको धक्का र विश्व र नेपालका नयाँ अन्तरविरोधहरू र विशेषताहरूको गहन विश्लेषण र संश्लेषणको परिणाम हो- एकीकृत जनक्रान्ति । पार्टीले अघि सारेको जनमतसङ्ग्रहको राजनीतिक कार्यनीति पनि एकीकृत जनक्रान्ति नै हो । एकीकृत जनक्रान्ति वैज्ञानिक समाजवाद- साम्यवादका खातिर हो । हाम्रो कार्यक्रम लेखमा 'सर्वहारा वर्गको वर्गसङ्घर्ष, आर्थिक सङ्घर्ष र राजनीतिक सङ्घर्षमा विभाजित हुन्छ जुन सङ्घर्षको अन्तिम लक्ष्य- सर्वहारा वर्गद्वारा राजनीतिक सत्तामाथि कब्जा र समाजवादी समाजको निर्माण हो ।' (लेनिन, सन् १९२५ मा लेनिन ग्रन्थसङ्ग्रहको खण्ड ३ मा पहिलोपटक प्रकाशित । खण्ड ४, पृष्ठ १८२-१८६) लेनिनले भनेझैँ नेपाली जनताका सबै सङ्घर्षको महान् लक्ष्य राज्यसत्ता, व्यवस्था र प्रणालीमा आमूल परिवर्तन हो ।

## ३) जनमतसङ्ग्रह

सामान्यतया जनमत वा जनमतसङ्ग्रह एभिदष्कअष्तभ वा च्भाभचभलमग्र दुवै अङ्ग्रेजी शब्द १९ औं शताब्दीमा ल्याटिनबाट आएका हुन् । ल्याटिन शब्दमा जनमतसङ्ग्रह उल्लेख छ जसको अर्थ ' फेरि लिनुहोस्' हुन्छ । यो न्यायिक प्रक्रियामा थप परामर्शका साथ फेरि निर्णय लिनु हो । एभिदष्कअष्तभ लोकप्रिय परामर्श लिन एवम् नागरिकको राय जान्न बोलाइन्छ । यसमा मताधिकारको सहारा छैन । जनताको एक अभिमतका रूपमा बुझिन्छ । यो पनि एक प्रकारको मतदान हो वा कानुन प्रस्तावको एक प्रकार हो । यो कुनै देशको संविधान वा सरकार परिवर्तन गर्न मत दिने एक प्रकारको जनमतसङ्ग्रह हो । च्भाभचभलमग्र भनेको एक प्रत्यक्ष र सार्वभौमिक मत हो जसमा सम्पूर्ण मतदातालाई विशेष प्रस्तावमा मतदान गर्न देशव्यापी वा स्थानीय रूपमा आमन्त्रित गरिन्छ । यो एक नयाँ नीति वा विशिष्ट कानुन अपनाउने परिणाम हुन सक्छ । जनमतसङ्ग्रह- यो वा त्यो कुन व्यवस्था मन पर्छ भनी देशको राजनीतिक व्यवस्था छान्नका लागि अथवा दुई वा दुईभन्दा बढी विकल्पमध्ये कुनै एकमा निर्णय दिनका लागि जनताले निर्वाचनमा झैँ मत दिने कार्य हो । यो एक प्रत्यक्ष मतदान हो जसमा कुनै क्षेत्रविशेषका सबै मतदातालाई मतदानको माध्यमद्वारा कुनै एक विशेष प्रस्तावलाई स्वीकार अथवा अस्वीकार गर्न आह्वान गरिन्छ । यसलाई सबै नागरिकको सहभागिता संयन्त्रजस्तै जनमत र जनमतसङ्ग्रह सहभागितावादी लोकतन्त्र वा उत्पन्न गर्न खोज्ने प्रत्यक्ष प्रजातन्त्रको प्रवर्द्धन गर्ने उद्देश्य र लोकप्रिय परामर्श पनि मानिन्छ । यो प्रत्यक्ष लोकतन्त्रको एक रूप हो । यसमा जनता आफ्नो इच्छाबाट नेता वा व्यवस्था, नयाँ नीति, विशेष कानुन आदिको चयन एवम् फैसला गर्न सक्छन् । प्रचलित रूपमा जनमतसङ्ग्रह अनिवार्य र ऐच्छिक दुई किसिमका छन् । अनिवार्य- संवैधानिक परिवर्तन, वित्तीय निर्णय, अन्तर्राष्ट्रिय सम्बन्ध र युद्ध जनमतलाई मानिन्छ । ऐच्छिक- कानुनसम्बन्धी, फिर्ता बोलाउने र स्वतन्त्र जनमतलाई ऐच्छिक भनिन्छ । बेलायत, इजिप्ट, टर्की, भेनेजुएला, सिक्किम, कास्मिर आदि देशहरूमा र हाम्रै मुलुकमा वि.सं. २०३७ को जनमतसङ्ग्रहका सकारात्मक र नकारात्मक शिक्षाहरू पनि छन् ।

नेपाल कम्युनिस्ट पार्टीले अघि सारेको जनमतसङ्ग्रहको राजनीतिक कार्यनीति डा. शशाङ्क कोइरालाको हिन्दु राष्ट्र पुनर्स्थापित गर्न, डा.सीके राउतको मधेसलाई बेग्लै राष्ट्र बनाउन र राप्रपाको राजतन्त्र र हिन्दु राज्य स्थापनाका लागि जनमतसङ्ग्रहको विषय उठाएजस्तो होइन । हास्यास्पद एवम् प्रहसन इतिहासको पुनरावृत्ति असम्भव छ भनी हामी क्रान्तिकारीहरू दृढतापूर्वक यो उद्घोष गरिरहेका छौँ । पुरानै व्यवस्था र प्रणालीमा संसद्वादीहरू सरकार विघटन, गठन र चुनावलाई केन्द्रमा राखेर लोकप्रिय नाराद्वारा भ्रम छर्दैछन् । यी सबै असफल बकबास मात्रै हुन् भन्ने आमजनतालाई राम्रोसँग हेक्का छ । अब सचेत आमजनताले यो तथ्यमा आधारित सत्य बुझिसकेका छन् । पुरानै व्यवस्था र प्रणालीमा एउटा पार्टीको स्थानमा अर्को पार्टी र एउटा व्यक्तिको पदमा अर्को व्यक्ति हेरफेर गर्ने होइन । दुनियाँमा पुँजीवादी संसदीय व्यवस्था बदनाम र असफल व्यवस्था र प्रणाली हो । यसमा कुनै पार्टी एवम् व्यक्ति सफल हुन असम्भव छ । दलाल पुँजीवादी संसदीय व्यवस्था र प्रणालीमा संसद्मा गएर सत्ताको बागडोर हातमा लिने, जनतालाई दमन, शोषण र उत्पीडन गर्नेभन्दा अरू केही गर्ने र हुन सक्दैन । इतिहासमा पटकपटकको चुनावमा आमजनताले मतदान गरेर पार्टी र व्यक्ति चुने तर भयो के ? दलाल पुँजीवादी संसदीय व्यवस्था चरम भ्रष्टाचार, कमिसन, महँगी, बेरोजगारी, कालोबजारी, चर्को कर, राष्ट्रघात, जनघात, जनविरोधी हर्कतमा बदनाम छ । त्यसले जनजीवन आक्रान्त पारेको छ । गधालाई जुनसुकै साबुनले नुहाए पनि त्यो गाईमा रूपान्तरण हुन सक्दैन भन्ने वास्तविकता पुष्टि भएको छ । '...तिमीले मेरो अठारौँ ब्रुमेरको अन्तिम अध्यायमा नजर लगायौ भने मैले त्यसमा लेखेको मिति देख्नेछौ- फ्रान्सेली क्रान्तिको अर्को कदमचाहिँ नोकरशाही सामरिक यन्त्र एक हातले अर्को हातमा सुम्पिदिने मात्र होइन, बरु त्यसलाई नष्ट गर्ने हुनुपर्छ' भनी मार्क्सले १२ अप्रिल, सन् १८७१ मा कुगेलमानलाई लेखेको विषय (तेस्रो अध्याय, राज्य र क्रान्ति । सन् १८७१ मा पेरिस कम्युनको अनुभव । मार्क्सको विश्लेषण) मा लेनिनले उल्लेख गर्नुभएझैँ गिद्दले सिनो लुछ्ने र कुकुरले हड्डीमा झगडा गरेजस्तै कुर्सीमा व्यक्ति बदल्ने कार्यले समस्याको समाधान हुँदैन । यी व्यक्ति, पार्टी, व्यवस्था र प्रणाली असफल छन् । सदनमा चल्ने हाँडीगाउँको जात्रा, नौटङ्की र दलाल पुँजीवादी संसद्वादबाट आमजनता आजित छन् ।

जनमतसङ्ग्रहको मर्म, महत्व, आवश्यकता, क्रान्तिकारिता र वास्तविकताका बारेमा महासचिव कमरेड विप्लवले 'हामीले जनमतसङ्ग्रहलाई आजको अस्थिरता एवम् सङ्कटलाई निकास दिने राजनीतिक कार्यनीतिका रूपमा प्रस्तुत गरेका छौँ जो कुनै सतही, मनोगत एवम् दाउपेचका रूपमा नभएर सिद्धान्त र व्यवहार, रणनीति र कार्यनीति, उद्देश्य र कार्यविधि, जनअपेक्षा र सम्भावना, जनताका प्रवृत्तिहरू र प्रतिक्रियावादी तत्वहरूको अवस्था, क्रान्तिकारी, जनवादी एवम् देशभक्त शक्तिहरूको सोचाइ र भूमण्डलीकृत पुँजीवादको हस्तक्षेपजस्ता वस्तुस्थितिको लेखाजोखा, विश्लेषण गरेर प्रस्तावित गरेका छौँ । तसर्थ हामी जनमतसङ्ग्रहको कार्यनीतिप्रति इमानदार र प्रतिबद्ध छौँ । परन्तु राज्यले हाम्रो प्रस्तावलाई कसरी लिन्छ र व्यवहार गर्छ भन्ने पक्षलाई घन्टा-घन्टामा हेर्दै अगाडि बढ्न सचेत छौँ' र 'जनतालाई जाँच्नुस्, परिवर्तनप्रति कति लालायित, समर्पित छन् ! जनआन्दोलन, जनयुद्ध, जनविद्रोह, एकीकृत जनक्रान्ति, मतदान, चुनाव जताबाट पनि वैज्ञानिक समाजवाद चाहन्छन् भन्ने प्रस्ट छ ।' (इकागज अनलाइन, २१ जेठ, २०७८ समाजशास्त्री मित्र (प्रा.मधुसूदन सुवेदीलाई विप्लवको जबाफ) मा सारगर्वित ढङ्गले उल्लेख गर्नुभएको छ । वर्तमान सङ्कटको समाधान आमजनता, राजनीतिक पार्टीलगायत सबैले चाहेका छन् । सबैले समाजको अग्रगामी रूपान्तरण स्वीकार गरिरहेका छन् । समाज र जनताबिना राजनीति हुन सक्दैन । जनतालाई आकर्षित गर्न समाजवादको नारा सबैले दिएकै छन् । अनि किन आउँदैन जनमतसङ्ग्रहबाट वैज्ञानिक समाजवाद ! यो संसद् र संविधान मृत्युशैयामा छ । देशका राजनीतिक, आर्थिक, सामाजिक, राष्ट्रियतालगायत समस्याहरूमा केन्द्रित बहस, समीक्षा र समाधानका लागि नेपाल कम्युनिस्ट पार्टी तयार छ । सबै संसद्वादी पार्टीहरू पनि तयार हुनु पर्दछ । संसद्वादी पार्टीहरूले आजको सङ्कट र असफलताको समाधान सरकारको विघटन, गठन र चुनावद्वारा टालटुल गर्न खोजेर हुँदैन, नेपाली श्रमिक जनता, देशभक्त शक्ति एवम् प्रगतिशील लोकतान्त्रिक शक्तिहरूको हित र नेतृत्वको 'प्रगतिशील संयुक्त सरकार' हो । उनीहरूले राम्रो भनेको संविधानमा पनि समाजवाद र भाग ३२ विविध खण्डअन्तर्गत धारा २७५ मा पनि राष्ट्रिय महत्वको कुनै विषयमा जनमतसङ्ग्रहबाट निर्णय लिन सकिनेछ भनेर उल्लेख छ । कुनै पनि साम, दाम, दण्ड, भेदबिना सार्वभौम जनता र लोकतन्त्र (जनवाद) मा विश्वास गर्दै जनतालाई आफ्नो जनमत अभिव्यक्त गर्न दिने र 'दलाल पुँजीवादी संसदीय व्यवस्था वा वैज्ञानिक समाजवाद' रोज्न दिनुपर्दछ । कुन रोज्ने भनेर आमजनताले स्वविवेक एवम् स्वतन्त्रापूर्वक फैसला गरून् । तसर्थ जनमतसङ्ग्रह र वैज्ञानिक समाजवाद आजको युगीन आवश्यकता एवम् धरातलीय वास्तविकता हो । यो नै आमजनमत, जनअपेक्षा र जनविल्प हो ।

## ३) वैज्ञानिक समाजवाद

वैज्ञानिक समाजवाद सर्वोत्कृष्ट व्यवस्था एवम् मानव सभ्यता हो । वैज्ञानिक समाजवाद हवाईकल्पना एवम् सपना होइन । त्यसलाई पेरिस कम्युन, अक्टोबर क्रान्ति, चिनियाँ क्रान्तिभन्दा पहिला पुँजीवादीहरू सुनको भऱ्याङ चढेर आकाश छुने कुरा हो भनेर बकबास गर्दथे । इतिहासको वैज्ञानिक समाजवाद होइन, महासचिव कमरेड विप्लवले भनेझैँ 'नयाँ शिक्षा, संश्लेषण र विशेषतासहितको वैज्ञानिक समाजवाद आवश्यक छ ।' वैज्ञानिक समाजवाद- साम्यवादले मात्र मानव जातिलाई न्याय, मुक्ति, समानता, शान्ति, स्वाधीनता र समृद्धि दिन सक्छ । यसले वर्ग, जाति, लिङ्ग र क्षेत्रको पर्खाल भत्काउँछ । वैज्ञानिक समाजवाद राजनीतिक रूपले सर्वहारा वर्गको नेतृत्व, किसान-मजदुरको मुख्य भूमिका, उत्पीडित जाति, राष्ट्र, लिङ्ग, समुदायको स्वामित्वमा सत्ता, दलाल पुँजीपति वर्गको निषेध, देशभक्त शक्तिहरूसँगको सहकार्यबाट अघि बढ्छ र वर्गविहीन, राज्यविहीन, सर्वोत्तम मानवसमाज, सभ्यता र व्यवस्थामा विकसित हुन्छ । आर्थिक रूपले सामन्ती भूस्वामित्वको अन्त्य, दलाल पुँजीको राष्ट्रियकरण, अति एकाधिकार पुँजीको प्रवेशमा रोक, दलाल एवम् सूदखोर पुँजीमाथि नियन्त्रण, आमजनतालाई गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगार, सूचनासञ्चार, यातायात आदिको अधिकार सुनिश्चित हुने, आत्मनिर्भर अर्थतन्त्रको निर्माण र विकास, राष्ट्रिय एवम् औद्योगिक पुँजीको विकास, उत्पादनमूलक अर्थसम्बन्धको विकासबाट अघि बढ्नेछ । शोषणरहित, समान, सुख-समृद्धिमा विकसित हुनेछ । दलाल पुँजीवादभन्दा फरक दृष्टिकोण, चेतना, जीवनशैली, संस्कार, आचरण र व्यवहारमा अभिव्यक्त हुनेछ ।

वैज्ञानिक समाजवादमा- रोगको महामारी र भोकबाट नागरिकले ज्यान गुमाउनुपर्ने छैन । शिक्षाको नैसर्गिक अधिकारबाट कोही वञ्चित रहने छैनन् । महिलाहरू बालबच्चाको हेरचाह, भान्साको धन्दा आदिबाट मुक्त, बच्चा जन्माउँदा अकालमा ज्यान गुमाउन र विदेशका कालकोठरीहरूमा नारकीय जीवन जिउन विवश हुनुपर्ने छैन । सयौँ बालिका बलात्कारको सिकार हुने स्थितिको अन्त्य हुनेछ । निरास बेरोजगारका रूपमा हजारौँ-हजार युवकयुवतीले आत्महत्या गर्नुपर्ने छैन । वेश्यावृत्ति, चोरी-डकैती, लागूपदार्थ दुर्व्यसन गर्न बाध्य बनाउने पुँजीवादको अन्त्य हुनेछ । वेश्यावृत्ति, चोरी डकैती, लागूपदार्थ दुर्व्यसन, मानव बेचबिखन आदि वैज्ञानिक समाजवादमा कल्पना पनि गर्न सकिँदैन । लाखौँ युवा विदेशमा श्रमदासका रूपमा कठिन जीवन जिउन विवश हुने, गोर्खा भर्तीकेन्द्रहरूजस्ता अर्काको देशमा भाडाका सिपाही बनेर लड्न जान छाती र तिघ्रा नपाउन यत्रतत्र लाम लाग्ने र दैनिक तीन बाकस लास स्वदेशमा आउने अवस्थाको अन्त्य हुनेछ । जब चुनाव नजिक आउँछ अनि लालपुर्जा वितरणको चर्चा मात्र चल्ने, सुकुमबासीहरूको छाप्रोमा डोजर एवम् आगो लाग्नेछैन र उनीहरूको गाँस, बास, कपासलगायत आधारभूत आवश्यकताहरूको सुनिश्चितता हुनेछ । मजदुरहरूले भोकै मर्नुपर्ने छैन । सुखी नेपालीको हल्लामा ६८ लाख मानिस गरिबीको रेखामुनि छन् । कोही धनी र गरिबको खाडल रहनेछैन । मानवसभ्यताको कलङ्क छुवाछूत एवम् विभेदको जाँतोमा दलित समुदायमाथि अमानवीय शोषण, उत्पीडन र दमनको व्यवहारतः अन्त्य हुनेछ । नवीन मानव समाजको निर्माण र वैज्ञानिक समाजवादी समाजको निर्माण हुनेछ । ज्येष्ठ नागरिक, अनाथ र फरक क्षमता (अपाङ्गता) भएका सबैको भरणपोषणलगायत सम्पूर्ण जिम्मा र व्यवस्थापन राज्यले मिलाउनेछ । सांस्कृतिक र धार्मिक रूपमा हुँदै आएको अन्धविश्वास र कुरीति जनचेतनाको माध्यमद्वारा अन्त्य हुनेछ । विज्ञानको प्रचारप्रसारका आधारमा जनतालाई प्रशिक्षित गर्दै वैज्ञानिक संस्कृतिको निर्माण हुनेछ । सामाजिक सेवाको क्षेत्र शिक्षा-स्वास्थ्यमा ठूलो व्यापार एवम् मुनाफा आर्जनको अन्त्य हुनेछ । दुई खालका स्कुल र अस्पताल हुने छैनन् । पुँजी र प्रतिभा विदेश पलायन हुनेछैन । राष्ट्रिय उद्योग-कलकारखाना खुल्नेछन् । बहुमूल्य जडीबुटीहरूको तस्करी बन्द हुनेछ । नदीनाला बेचिने छैनन्, बेचिएका सबै फिर्ता हुनेछन् । खानी-खनिजहरू विदेशी माडेहरूले दलालहरूको मिलोमतोमा दोहन गर्न पाउने छैनन् । विश्वमा सस्तो श्रम बेच्ने, सस्तो कच्चा पदार्थ निर्यात गर्ने, व्यापारघाटा आदिले देश कङ्गाल होइन, वास्तविक रूपमा समृद्ध देश र आमजनता सुखी हुनेछन् । अन्ततः वैज्ञानिक समाजवाद- साम्यवादमा विकसित हुनेछ । डेरिडाले 'मार्क्सले कल्पना गरेको महान् दृष्टान्तको अन्त्य भयो' भने पनि मालेमावादी विचारधारा अपराजेय छ । यसले आज पनि विश्व-मानव जातिलाई प्रज्वलित गरिरहेको छ । फुकुयामाले 'विचारधारात्मक युगको अन्त्य भयो', 'अब प्रजातान्त्रिक संसदीय व्यवस्था नै अन्तिम व्यवस्था हो' भन्ने ऐलान र प्रलाप गरे पनि आज त्यो वास्तविक अर्थमा प्रजातान्त्रिक संसदीय व्यवस्था नै अन्तिम व्यवस्था बन्न पुगेको छ । वैज्ञानिक समाजवाद नयाँ ढङ्गले दृष्टिक्षितिजमा आइपुगेको छ । वैज्ञानिक समाजवाद अद्वितीय विकल्पका रूपमा खडा भएको छ । हाम्रो मुलुकको जनशक्ति, प्राकृतिक स्रोत, साधन, भूगोल, पुँजी, विज्ञान, प्रविधि आदिको प्रयोगले पानीजहाज, चुच्चे रेल, हावामा बिजुली, ग्याँस पाइप आदि होइन, तीन करोड जनतालाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, सूचना-सञ्चार, यातायात आदिको अधिकार सुनिश्चित हुने र चाँदीको पाइप भान्छामा जडान गरेर दूध खान सम्भव छ । दलाल पुँजीवादी संसदीय व्यवस्था अन्त्य र वैज्ञानिक समाजवाद स्थापना गरौँ ।

१५ असार, २०७८

(पुनः प्रकाशित)

सञ्चारकर्मीहरूलाई विभिन्न बहानामा गिरफ्तार गर्ने झूट्टा मुद्दा लगाउने, यातना दिनेसम्मका घटना हुन्छन् । मिसन पत्रकारितामा यस्ता समस्याहरूको सामना गर्नुपर्ने हुन्छ ।

**११. पेसागत सुनिश्चितताको अभाव**

मिसन पत्रकारितामा खट्ने पत्रकारहरू पत्रकार भएरै जीवनयापन गर्नसक्ने अवस्थाको सुनिश्चितता नहुनु पनि यस क्षेत्रको उल्लेखनीय समस्या हो । निश्चित विषय वा क्षेत्रमा विशेष दक्षता हुँदाहुँदै पनि उनीहरू बेरोजगार बन्नुपर्ने, अनिच्छापूर्वक व्यावसायिक संस्थामा आबद्ध बन्नुपर्ने बाध्यता, पत्रकारिताबाहेक अरू अतिरिक्त पेसामा जोडिनु, कतिपय सवालमा पत्रकारिताबाटै पलायन हुनुपर्ने परिस्थितिमा देखिन्छन् । यसैले लामो अवधि खटेर, खारिएर प्राप्त भएको प्रतिभा सजिलैसँग नगुमोस् र उसले आफ्नै क्षेत्रमा विशिष्ट योगदान गर्न सकोस् । त्यसका लागि सबैको ध्यान जानु समाज र राष्ट्रकै लागि कर्तव्यबोध हुन जान्छ ।

**१२. योगदानको मूल्याङ्कन नहुनु**

मिसन पत्रकारिता डटिरहने पत्रकारहरूको उचित मूल्याङ्कन नहुनु एक विडम्बनापूर्ण वास्तविकता हो । विगतमा विभिन्न महत्वपूर्ण विषय र क्षेत्रमा उत्खनन गरी वास्तविकता जनसमक्ष ल्याउने सञ्चारकर्मी हुन् वा विभिन्न परिवर्तनकारी आन्दोलनमा चुनौतीपूर्ण ढङ्गले सञ्चार क्षेत्रबाट डट्ने पत्रकारहरूको अवस्था अहिले कस्तो छ ? तिनीहरू कहाँ छन्, के गर्छन् ? भन्नेबारे चासोसमेत राख्न कसैलाई फुर्सदसमेत छैन । सामान्यतया पत्रकारिता राज्य वा सरकारको प्रतिपक्षीय पेसा मानिन्छ । त्यसैले राज्यले पत्रकारहरूको योगदानको कदर गर्ने विषय विरलै हुन्छ । निकै कमले मात्र त्यो अवसर प्राप्त गरेका छन् । तर अनेकौँ परिवर्तनकारी सङ्घर्षमा सञ्चार मोर्चाबाट असाधारण भूमिका पूरा गर्ने सञ्चारकर्मीहरू व्यवस्था परिवर्तनपछि पनि उपेक्षित हुनु, गुमनाम हुनु अझ फेरि पनि सरकारबाटै प्रताडित बन्नु निकै दुःखद् विषय हो । यसरी ऊर्जाशील उमेरमा खतरा मोलेर काम गर्ने सञ्चारकर्मीहरूको उत्तरार्द्धमा देखिने टिठलाग्दो अवस्थाले नयाँ पुस्तालाई यस क्षेत्रमा समर्पित भएर अघि बढ्न हिच्किचाहट पैदा हुने गर्छ । यस किसिमको नकारात्मक विरासतको अन्त्य हुनुपर्छ र विगत र वर्तमानमा यस क्षेत्रमा योगदान पुऱ्याउने सबैलाई मूल्याङ्कन, उचित कदर, आत्मसन्तुष्टि र आत्मगौरवको वातावरण सिर्जना गर्नुपर्छ ।

**१३. धैर्यको अभाव र सस्तो लोकप्रियताको अपेक्षा**

अहिले फास्टफुडको जमाना छ । तुरुन्तै लगानी गरेर तुरुन्तै फल पाउने आशा गरिन्छ । मिसन पत्रकारिता चुनौतीपूर्ण लामो यात्राको हिँडाइ हो । यसको विषयको विशिष्टताले तुरुन्तै र सजिलै परिणाम प्राप्त हुँदैन । यसमा पनि उल्लिखित र अन्य विभिन्न अवरोधहरू आइपर्ने हुन्छन् । यस्तो अवस्थामा शीघ्र परिणामको अपेक्षा गर्नेहरूको धर्यको बाँध टुट्न सक्छ र छिटै निराशा पलाउन सक्छ । अर्कातर्फ तुरुन्तै भाइरल बन्ने र चर्चामा आउने अहिलेको परिवेश पनि छ । त्यसले पनि लामो समयसम्म अध्ययन, खोज र परिष्कार गर्ने विषय र कार्यलाई जटिल र कष्टकर लाग्ने बरु सजिलै र छिटै चर्चित बन्ने मनोकाङ्क्षाहरू नवयुवाहरूमा पलाउन सक्छ । यहाँनेर ख्याल गर्ने विषय के हो भने क्षणिक चर्चाको पात्र बन्नुभन्दा दीर्घकाल सम्मानित व्यक्तित्वका रूपमा पहिचान निर्माण गर्नु कयौँ गुणा उत्कृष्ट विषय हो ।

**१४.पेसागत इमानदारी र अनुशासनको सवाल**

यो समय जुनसुकै पेसामा पनि इमानदारी जोगाउनु निकै कष्टकर विषय बनेको छ । सञ्चार क्षेत्र पनि यो समस्याले ग्रसित बनेको छ । कतिपय सञ्चारकर्मीहरूको गलत क्रियाकलापले सिङ्गो सञ्चार क्षेत्र बदनाम र अविश्वसनीय पनि बन्न सक्छन् । एकातिर आफ्ना वैयक्तिक, पारिवारिक जीवनयापन र पेसागत सामग्रीहरूको अभावका कारण टिक्नै गाह्रो भएको पीडाको बोझ छँदैछ । अर्कातिर इमानदार सञ्चारकर्मीहरूलाई विभिन्न प्रभोलन, आर्थिक लाभ र सुविधाहरू उपलब्ध गराई किन्ने होडबाजी र अवसर पनि छ । यसो हेर्दा एकातिर दुःखैदुःख र अर्कातिर सान, सौकत र सुविधैसुविधा । इमानदार भएर बाँच्न गाह्रो, बेइमान बन्न आत्मै तगारो । यस्तो अवस्थामा कुन रोज्ने भन्ने द्विविधा पनि अवश्य छ । यहीँनेर एक असल मिसन सञ्चारकर्मी र अन्यको भेद छुटिन्छ । अहिले मिसन पत्रकारहरूले बेहोर्नुपरेको कष्टसाध्य परीक्षा यही हो ।

समग्र सञ्चार क्षेत्रमा नै पेसालाई देखाएर आर्थिक बार्गेनिङ गर्ने, सञ्चार पेसाको शक्तिलाई दुरूपयोग गर्ने, व्यक्तिगत इगोलाई समाचारको विषय बनाइदिने, कसैले दिएको भोज वा उपहारले समाचारमा प्रभाव पार्नेलगायत समस्या र आरोपहरू पनि देखिन्छन् । यसतर्फ सबै सञ्चारकर्मी सचेत रहन जरुरी छ । यो नियमकानुनको सवाल मात्र नभएर पेसागत इमानदारी र आत्मअनुशासनको विषय बन्नुपर्छ ।

अन्त्यमा उल्लिखित, अन्य चुनौती र समस्याहरू हुँदाहुँदै पनि मिसन पत्रकारिता आफैँमा एउटा विशिष्ट र सम्मानित विधा हो । यसका चुनौतीले पनि यसको महत्वलाई पुष्टि गर्दछन् । अन्य समाचारको तुलनामा यसका सामग्रीहरू दीर्घकालीन महत्वका हुन्छन् र प्रायः पुराना हुँदैनन् ।  नयाँ अध्येता र शोधार्थीहरूलाई पनि यसका विषयहरू सन्दर्भसामग्री बन्न सक्छन् । मिसन पत्रकारहरूको आफ्नै पहिचान, गौरव र सम्मान छ । यति बेला मिसन पत्रकारिताको महत्व र सान्दर्भिकता झनै बढेर आएको छ ।चुनौतीहरूको सामना गर्दै नयाँ परिवेशअनुरूप यसलाई विकास गर्न सके यसको भविष्य व्यापक र विशाल छ ।

# रोल्पा बाङ्मा हत्याकाण्डको संस्मरण

सङ्गम

बाङ्मा हत्याकाण्ड २०५६ असार ८ गते रोल्पा जिल्लाको तत्कालीन भाबाङ गाविस वडा नं. ६ बाङ्मामा तत्कालीन ५ नं. एरिया सांस्कृतिक परिवारसहितको अभियान टोलीलाई सेल्टर लिइरहेको अवस्थामा घर घेरा हाली प्रतिक्रियावादी सत्ताका जल्लादहरूद्वारा गरिएको बीभत्स हत्याकाण्ड हो ।

उक्त दर्दनाक हत्याकाण्ड बाईस वर्ष पुगेर तेईस वर्षमा प्रवेश गरिसकेको छ । हामीलाई निरन्तर क्रान्तिको गतिशील प्रवाहमा सलल बगिरहने माडी खोलाको पानीझैँ केवल सागर पुग्ने हतारो मात्र भएर नै होला यति लामो समय बितेको पनि पत्तै भएन । तत्कालीन रोल्पा जिल्लाको ५ नं. एरिया पार्टी समितिले एरियाव्यापी सांस्कृतिक अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो । अभियान उत्तर–पश्चिममा पर्ने त्यही गाविसबाट गर्ने भन्ने तालिका संयोग मात्र नभएर सापेक्षित रूपले सुरुमा नै गर्नुपर्ने संवेदनशील स्थिति र स्थानको कारण पनि थियो । जहाँ बर्गसङ्घर्षका क्षेत्रमा उल्लेखनीय प्रतिरोध सङ्घर्षहरू भएको विगत र बलिदानको हिसाबले पनि त्यही ठाउँ बढी प्रभावित हुन पुगेको थियो । जहाँ २०५४ सालमा नै जिल्ला पार्टी सदस्य एवम् गाविस अध्यक्ष क. भीमबहादुर बाठामगर (गजल), उपाध्यक्ष दीपेन्द्र घर्तीमगर (रमेश) र ०५५ सालमा तत्कालीन जनमुक्ति सेनाको पश्चिमाञ्चल सैन्य हेडक्वार्टरद्वारा परिचालित १ नं. प्लाटुनका भाइस कमान्डर क. राजबहादुर बुढामगर (किरण) जस्ता योद्धाहरूको सहादत भइसकेको थियो । त्यति बेलासम्म एरियामा ०५० सालमै जङ्कोटबाट क. पुर्खे सुनार, ०५२ सालमा जनयुद्ध सुरु भएलगत्तै होमा गाविसबाट पार्टी सदस्यहरू क. जयधन थापा, इन्द्रजित पुन मगर र लहरे पुन मगर, कोटगाउँ गाविसबाट गाविस उपाध्यक्ष क. तिलकराम बुढा मगर, ०५५ वैशाखमा तत्कालीन जिल्ला पार्टी सदस्य एवम् एरिया सेक्रेटरी क. नरबहादुर पुन मगर (ज्वाला), असार ७ गते तत्कालीन जिल्ला कार्यालय स्टाफ क. कुलबहादुर घर्ती मगर (सुरेश), असार १६ गते र १८ गते कोर्चाबाङबाट क. भूमिसरा पुन मगर र क. लुद्रबहादुर घर्ती मगर (राकेट) लगायत एरियाभरिबाट १५ भन्दा बढी कमरेडहरूको सहादत भएको थियो । तत्कालीन अवस्थामा दुस्मनको अवस्था र राजनीतिक कार्यक्रमअन्तर्गत जनचेतनामूलक कार्यक्रमका साथसाथै पार्टीको सङ्गठन, सङ्घर्ष र आर्थिक गतिविधिको सुरुआतको सांस्कृतिक मोर्चा भएकाले एरिया सांस्कृतिक मोर्चा पनि आफ्नो जिम्मेवारीलाई गम्भीरतापूर्वक आत्मसात गर्दै अभियानमा लामबद्ध भएको थियो । त्यही अभियान टोली दहबाङ, बाछे र ह्युबाङलगायत ५/६ स्थानमा कार्यक्रम सम्पन्न गरी एनाबाङ पुगेको रहेछ ।

कार्यक्रम अरू गाउँहरूमा पनि तर्जुमा भएको भए पनि अन्तिम कार्यक्रम बन्न पुगेको उक्त गाउँमा भव्य रूपमा कार्यक्रम सम्पन्न गरी अँध्यारो रातको साँघुरो बाटोमा थकित र अनिदो शरीर लिई बाङ्मा पुगेर सेल्टरमा आँखा झिमिक्क हुनु र बमगोला बर्सिनु पनि सँगै भएपछि ११ जना कमरेडलाई दुस्मन सत्ताको जुठोपुरोमा बाँचेका कुत्ताहरूले नृशंशतापूर्वक हत्या गरेका रहेछन् । हामी भने त्यस दिन कोटगाउँ गाविसको वडा नं. ६ सेताबाङमा थियौँ । राती अबेला पुगेका हामी उज्यालो नहुँदै सेल्टर फेरेर सहिद परिवारलाई भेटी कुरा गर्ने र दिनभर त्यहीँ बसी साँझ अँध्यारो भएपछि अनिताको सम्पर्कमा हिँडिहाल्ने योजना बनाएर त्यहाँ गएका थियौँ । त्यो सहिद क. भानसिंह परियारको घर थियो । आँटीमा बिसाएका हामी एकछिन त फेरि निदाएछौँ । दिदीले चाँडै नै खाना पकाएर हामीलाई खाना खानलाई हात धुन भन्नुभएकाले लोटा लिएर हामी बार्दलीमा उभियौँ । उत्तर फर्केको बार्दली भएकाले बिहानको घामले झलमल्ल जङ्कोटको उपल्लो भाग पूरै देखिएको थियो । असारको बर्सातृको महिना भएर पनि त्यस दिन बादल र पानी दुवै थिएन । बरु आकाश सफा र खुला थियो ।

समय करिब साढे ६ हुँदै थियो होला । त्यत्तिकैमा पूर्वतिरबाट झुल्केघामसँगै झल्कँदै सेतो हेलिकोप्टर पश्चिमतिर ओड्माबाङ, छेडा, दमाकुरका भीरहरू हुँदै दहबाङको सिरानबाट झवाबाङका घरहरूमा ठोकिएलाझैँ गरी उड्दै ओझेल पऱ्यो । हामी हात धोएर खाना खान बस्यौँ । फेरि हेलिकोप्टरको आवाज आयो । हामी बाहिर निस्केर हेऱ्यौँ, त्यो लिबाङतिर फर्क्यो । हामी फेरि खाना खानतिर लाग्यौँ । त्यतिन्जेल हेलिकोप्टरले ३/४ चक्कर लगायो । हामीलाई भने कहाँ के भएछ ? भन्ने भएर अर्के-अर्के लागिरह्यो । त्यसरी तारन्तार उड्नुको कारण पछि पो थाहा भयो ! बाङ्मा हत्याकाण्ड गराएका हत्याराहरू आतङ्कित भएर तुरुन्त लिबाङ बेस क्याम्पमा सुरक्षित उतार्नलाई त्यसरी ओहोरदोहोर गरेका रहेछन् !

कमरेड तुफानसँग सम्पर्क भएपछि हामी कोटगाउँ गाविसतिर लागेका हौँ । म अखिल नेपाल जनसांस्कृतिक महासङ्घ जिल्ला समितिको बसाइबाट फर्केर सांस्कृतिक टिमसँग जोडिने भन्ने थियो । इन्चार्ज कमरेडसँग सम्पर्क गर्दा केही समय आफ्नै क्षेत्रको काममा लाग्ने निर्देशन भएकाले हामी अनिताको सम्पर्क हुँदै क. कमलाको घरसम्म पुगेका थियौँ तर घटनाबारे खबर भएपछि हामी पश्चिम लागेका गाउँ पुगेपछि घटनाबारे सबै कुरा जानकारी भयो । तर घटनाबारे सम्बन्धित कमरेडहरू र सहिद परिवारहरूसँग कसरी कुरा राख्ने, हामीलाई हिम्मतै आएन । निकै मेहनत र हिम्मत गर्दै नेतृत्वका कमरेडहरूको सहयोगमा हामीले धेरै कुरा मिलाएर पूरै पार्टी लागेर जानकारी गर्ने-गराउने काम भयो किनकि मेरो कार्यक्षेत्रबाट ४ जना कमरेडको सहादत भएको रहेछ । त्यस हत्याकाण्डमा सेल सेक्रेटरी क. सुजन, मिलिसिया प्रमुख क.मङ्गल बुढामगर (झरना), जनप्रिय कलाकारहरू क. सुकप्रसाद घर्तीमगर (झन्कार), क. कपिल, क लालबहादुर सार्की (बलदेव), दिलकुमार बुढामगर (क.माइन्ड), दुर्गासिंह घर्तीमगर (क. विकास), क. गोविन्द घर्तीमगर, क.विशाल, क. कमारी घर्तीमगर र क. देउमती विश्वकर्मालगायतको उच्च सहादत भएको रहेछ । साथै उक्त घटनाबाट दुस्मनको बमगोलासँग प्रतिरोध गर्दै सांस्कृतिक परिवारका संयोजक क. सन्दीप र सदस्यहरू क.सिर्जना, छहारी, अस्मिता, गुलाफ, सृष्टि र स्थानीय कमरेडहरू क. विक्रम र क. रगुन घेरा तोड्न सफल हुनुभएको रहेछ ।

अभियान तयारीको क्रमसँगै माडी दक्षिणका गाविसहरूका मिलिसियाहरूको संयुक्त प्रशिक्षण शिविर पनि सँगै राखिएको थियो । त्यही नै सांस्कृतिक परिवारको बाँकी तयारीको काम पनि पूरा गरिएको थियो जुन हाम्रै क्षेत्रमा पर्थ्यो । तालिम सकिएपछि मिलिसियाहरूलाई आआफ्नो क्षेत्रमा फर्काउन र अभियान टोलीलाई अभियानमा पठाउनका लागि तालिम समापन तथा बिदाइ समारोह आयोजना गरिएको थियो । उक्त कार्यक्रममा कमान्ड इन्चार्ज क. सोनाम, एरिया इन्चार्ज क. सिजल र सहायक इन्चार्ज क. विश्वक्रान्तिहरूको उपस्थिति थियो । कार्यक्रमका प्रमुख अतिथिलगायत सबै अतिथिले शिविरमा हासिल गरेको ज्ञानलाई उचित प्रकारले व्यवहारमा उतार्न र सांस्कृतिक टिमलाई जनभाकामा सिर्जनाहरू गर्दै जाने शुभकामना दिनुभएको थियो । अभियान टोलीलाई थप उत्साहित गर्दै प्रमुख अतिथि क.सोनामले ‘ पार्टीको योजनाअनुसार सुखदुःख र हाँसो-आँसुका संवेगहरू हुँदै क्रान्तिको यात्रा पार गर्नुछ, त्यसमा तपाईंहरू अभियानलाई सफल पारेर आउनुहुनेछ र नयाँ योजनाको उचाइमा हाम्रो मेट हुनेछ’ भन्दै दरिला हात मिलाएर बिदाइ गर्नुभएको थियो । तर युद्ध अनिश्चयताहरू हुँदै गुज्रने प्रक्रियाकै कारणले होला असामान्य परिस्थितिहरू पैदा गर्दै घटना नसोचेको भएर पनि हुन पुग्दा रहेछन्, बाङ्मामा त्यही भयो । मिलिसियाहरू, अभियानटोली, व्यवस्थापन, अतिथि तथा जनसमुदायहरू सबैले उच्च कमरेड्ली भावना, मनोबल र प्रतिबद्धतालाई व्यक्त गर्ने गरी कसिला, दरिला हात मिलाएर सबै आआफ्नै गन्तव्यका लागि छुट्टिएका थियौँ । तर अनायासै त्यो समयले ८/१० दिन पनि पार नगर्दै कमरेडहरूको ठूलो सङ्ख्यामा भएको सहादतले हामीलाई अत्यन्त मर्माहत बनायो । घटनाको खबर सपना हो कि विपना हो ! भनेझैँ भयो । एकैनास उमेर, एकै ताल हिँडाइ, एउटै सपना, लक्ष्य बोकेका लहलहाउँदो उमेरका मुनाहरू यसरी कत्लेआम भएको खबर सुने पनि विश्वास गर्न भने निकै गाह्रो भयो ।

देशमा दिन-प्रतिदिन चर्कँदै गएको युद्ध, श्रमिक वर्गको सपना बदल्ने अग्निपरीक्षाको तालिका झन्पछि झन नजिक सरिरहेको परिदृश्यका साथ मृत्यु या मुक्तिको शपथ लिएर सहिद अभियानमा लामबद्ध नेता, कार्यकर्ता र सहिद परिवारहरूले आइपर्ने घटना र क्रान्तिको कोटालाई स्वीकार गर्नुपर्ने अहम् जिम्मेवारीलाई आत्मसात गर्दै आन्दोलनमा भएका अन्य सकारात्मक र नकारात्मक घटनाहरूको श्रेय, कर्तव्य र बलिदानको अभिभारा सम्झनु र समालिनुपर्ने दायित्वजस्तै जिम्मेवारीमा हामी बाँधिन पुग्यौँ । निःशब्द स्तब्ध अवस्थाहरू हुँदै कैयौँ क्षण टोलाएर बस्ने वा अनायास अश्रुधाराहरू सहन गर्दै एकले अर्कालाई खास गरी सहिद परिवारलाई परेको पीडामा सकेसम्म दुःख साट्ने र सहानुभुति जनाउँदै यो क्रान्तिको नियम हो र यसलाई सहजै पचाउनुपर्छ भन्दै विश्वस्त भएका थियौँ । त्यस कुरालाई हामीले भन्दा सहिद परिवारले छिट्टै आत्मसात गर्नुभएको हो । त्यतिबेला हामी कोरिया युद्धमा सहिद हुन पुगेका थुप्रै चिनियाँ जनमुक्ति सेनाका जवान एवम् कमान्डरहरूसँगै क. माओका जेठा छोरा आनइङको पनि मृत्यु भएको थियो । थुप्रै नेताहरूले अरूको जे भए पनि आनइङको शवलाई चीन ल्याउनुपर्छ भन्ने प्रस्ताव राखेका थिए । आनइङकी श्रीमती, माओकी बुहारीको पनि त्यही आग्रह थियो तर अध्यक्ष माओले त्यसो हुँदैन, सबै जनमुक्ति सेनाका अफिसर र जवानहरूले कोरियाली जनताको मुक्तिआन्दोलनमा चीनका तर्फबाट चिनियाँ सर्वहारा वर्गको त्यस मुक्तियुद्धमा गौरवशाली मृत्युवरण गरेर महत्वपूर्ण हिस्सेदारी दर्ता गरेका छन् । त्यसैले आनइङ र अरू कमरेडहरूमा फरक व्यवहार हुन सक्दैन । आनइङ पनि चिनियाँ जनताका छोराछोरीमध्ये एक थिए । त्यसैले अरूले उतै सद्गत गर्दा उसलाई पनि त्यही हुन्छ भनेर सम्झाउनुभएको र बुहारीलाई सम्झाउदै तिमीले अब आनइङलाई बिर्सनुपर्छ, चीनका अग्ला-अग्ला र हरिया पहाडहरू हेरेर उसलाई र दुःखलाई बिर्सने प्रयत्न गर्नुपर्छ भनी सम्झाउनुभएको कुरा सम्झने र भलाकुसारी गर्ने तथा पाउनका लागि गुमाउनुपर्ने ऐतिहासिक कर्तव्य र कोटा चुक्ता भएको, सैद्धान्तिक पक्षद्वारा आफू र आफूहरू पनि विश्वस्त भयौँ र विश्वस्त पार्ने प्रयासहरू गरेका थियौँ ।

हाम्रो अभियानको सुरुआत र मेरो महासङ्घको बैठकको मिति उस्तै-उस्तै समय नपरेको भए म पनि अभियानमै हुने थिएँ । घटनाको दुई दिन अगाडि म सम्पर्कमा पुगे पनि केही समयपछि जाने भन्ने भएकाले म तुफानजीकहाँ पुगेको थिएँ । सबै सँगै हुन्छौँ भन्ने कुरा मैले साथीहरूसँग पनि भनेको थिएँ । घट्ना भएपछि भने आफूलाई कस्तो-कस्तो भई नै रह्यो । सबै सधैँ, सँगसँगै क्रान्तिको काममा लाग्दै हिँडेको, बर्सौं बिताएका कमरेडहरूलाई गुमाउनु पर्दा र साझा सल्लाह, सहकार्य र प्रतिबद्धतामा आफूले घात गरेजस्तो, न कस्तो-कस्तो लागिराख्यो । हामी भौतिकवादी हौँ तर भावनाको अथाह ज्वारभाटासँग झेल्दा क. झन्कार, क. विशाल, क. बलदेव र क. माइन्डसँग भित्रभित्रै क्षमायाचना गर्न मन लागिरह्यो । त्यसो हुनुमा सहिदक मरेडहरू वर्गीय रूपले मात्र समीप नभएर नाताबाट र छरछिमेकसमेत पर्ने, क्रान्तिको यात्राका सहयात्री र दौँतरीहरू हुनुहुन्थ्यो । त्यस घट्नामा सहादत प्राप्त क. सुजन, सहिद क.रमेशका भाइ हुनुहुन्थ्यो भने क. कुमारी घर्ती मगर सहिद क. किरणकी साली हुनुहुन्थ्यो । अन्याय-अत्याचारले ग्रसित समाज र सामाजिक विभेद त छँदैछ, त्यसैमाथि कम्युनिस्ट समाज व्यवस्थाप्रतिको आकर्षण र आस्था राख्नुलाई नै अपराधको बिल्ला लगाउँदै झूट्टा मुद्दा, गिरफ्तारी र हत्या हुँदै जानु र आफन्तहरू गुमाउँदै जाने स्थितिले राज्यविरुद्ध मुक्तियुद्धमा होमिनैपर्ने अवस्था तत्कालीन अवस्थामा सिर्जना भएको थियो । त्यसक्रममा नै योद्धाहरूको हत्याको बदला लिँदै वर्गयुद्धलाई अगाडि बढाउने कसम र प्रतिबद्धतासहित युद्धमा होमिनुभएका कमरेडहरूसहित ११ जना कमरेडको बलिदान हुनपुगेको हो जुन बलिदान जनयुद्ध र नेपालको मुक्ति आन्दोलनका लागि मात्र नभएर विश्व सर्वहारा श्रमिक वर्गको आन्दोलनका लागिसमेत अमूल्य शिक्षा एवम् निर्देशक बनिरहनेछ ।

आज हामी एकीकृत जनक्रान्तिमार्फत नेपालमा वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्दै आजको विश्व अन्तरविरोधहरूअनुसार हेलिँदै नयाँ विचारद्वारा श्रमिक वर्गलाई सच्चा र उच्चतम् विश्वव्यवस्थातर्फ डोऱ्याउने अभियानमा लामबद्ध छौँ । हाम्रो यो महत्वाकाङ्क्षाको आधार नै महान् जनयुद्ध र बाङ्मालगायत स्थानका बलिदानका कीर्तिमानहरू हुन् । जहाँ त्याग र बलिदानमा मृत्यु वा मुक्तिको एजेन्डा मात्र थियो । योद्धाहरू मृत्युवरण गर्न तयार हुनुभयो तर दयाको भिक माग्नुभएन र उच्च सहादत प्राप्त गर्नुभयो । त्यो बलिदानको जगमा नै आज फेरि क्रान्तिको अभियान जारी छ र आजको स्थितिमा बृहत् कम्युनिस्ट एकताको आवश्यकताले गहिरो यथार्थमा हामी उभिन पाएका छौँ । त्यसैले बाङ्मा र त्यस्तै बलिदानीपूर्ण इतिहासको जनयुद्धसँग साइनो भएका शक्तिहरू पुनः क्रान्तिका लागि एकीकृत र केन्द्रीकृत भई फेरि जुट्न जरुरी भइसकेको छ । हामीलाई बलिदानहरुले त्यही सन्देश दिएका छन् ।

उक्त घटनामा परेर हामीले आत्मीय सहयोद्धा, जीवनसाथी, घरपरिवार र आफन्त गुमायौँ तर क्रान्तिले संसार हल्लाउने ऊर्जा प्राप्त गऱ्यो । आज प्रचण्ड-बाबुरामलगायतले जनयुद्धलाई शर्मनाक स्थितिमा पुग्ने गरी रणनीति र कार्यनीति विकासको समस्याहरूमा बल्झिएकोमा उनीहरूलाई बिदा गरेर एकीकृत जनक्रान्ति अगाडि बढिसकेको वर्तमानले क्रान्तिकारी जनसमुदाय, सहिद परिवार र नेता-कार्यकर्ताहरूमा चहऱ्याइरहेको घाउमा मलमपट्टीको काम गरेको छ । जनयुद्धलाई सखाप पारियो भन्नेहरूका विरुद्ध हिजो, आज र भोलिसम्म पनि क्रान्तिको गतिलाई बढाउनमा झन्पछि झन् प्रतिबद्ध बन्दै गरेको यथार्थले सहिद परिवार र आफन्त एवम् क्रान्तिकारी जनसमुदाय सबैलाई गौरवान्वित बनाएको छ । विचार सही भएमा नभएका चीजहरू प्राप्त हुँदै जाने सैद्धान्तिक मूल्यतर्फ इङ्गित गर्दै आठौँ राष्ट्रिय महाधिवेशनमा महासचिव क. विप्लवले प्रतिनिधिहरूको जिज्ञासालाई प्रस्ट पार्दै भन्नुभएको थियो, ‘नेपाल कम्युनिस्ट पार्टीको नामबाट व्यापक कम्युनिस्ट एकता अभियान अब सुरु भयो । यसले पार्टीलाई एकीकृत र केन्द्रीकृत गर्दै बृहत् कम्युनिस्ट एकताको कदम चाल्नेछ र सबैखाले वर्ग र समुदायलाई समेत एकीकृत र केन्द्रीकृत गर्नेछौँ ।’

आज हामी त्यही विचार र एजेन्डाको सेरोफेरोबाट नै क्रान्तिलाई अगाडि बढाउँदैछौँ । साथै दुस्मन वर्गले श्रमिक वर्गविरुद्ध गरेका सबै षड्यन्त्रहरू पुराना र नाकाम हुँदै गएका छन् र नयाँ जालझेलमा रुमल्लिएका छन् । त्यसैले एकपछि अर्को ठक्कर र कठिनाइहरू सहँदै विचारद्वारा निर्देशित गर्न सक्षम महान् जनयुद्धमा र आज पनि सशक्त बनाउँदै लगेका छौँ । बाङ्माको बलिदानले माओवादी जनयुद्धको रोल्पा र त्यसको मध्यक्षेत्रमा पर्ने तत्कालीन ५ नं. एरियाको वर्गसङ्घर्षको कुरा मात्र नभई सिङ्गै जनयुद्धलाई गुणात्मक गतिमा अगाडि बढाउनुपर्ने आवश्यकतालाई दर्साउँदै अद्वितीय इतिहास बन्न पुग्यो जसले पार्टी विस्तारको प्रारम्भिक अभियानदेखि २०५० सालको वर्गसङ्घर्षमा कोटगाउँ, होमा, जङ्कोट, भाबाङ र सिङ्गै रोल्पाले निर्वाह गरेका भूमिकाहरू र त्यसबाट आतङ्कित तत्कालीन काङ्ग्रेसको सरकार तथा सीडीओ अब्दुल रइस खाँ (कपिलवस्तु) ले व्यापक रूपमा झूट्टा मुद्दा, गैरन्यायिक गिरफ्तारी र हत्याअभियान सुरु गरेको थियो । चर्चित ‘दार्बोट अप्रेसन’ पनि त्यसै बेला चलाइएको थियो । युद्धमय रापतापका साथ सङ्घर्षको गतिद्वारा ०५२ सालको युद्ध उद्घोषलाई अगाडि बढाउने जिम्मेवारी पनि यस क्षेत्रले जिम्मेवारीपूर्वक पूरा गरेको र त्यसपछिका गुणात्मक फौजी कारबाहीहरू- कोटगाउँ एम्बुस, क.खडकबहादुर बुढामगर (स्क्वाएड सदस्य) को सहादत, सफल एम्बुस र क. आशीषको उच्च सहादतजस्ता कारबाहीहरू उच्चतामै भएका हुन् । त्यस परिस्थितिले बर्गसङ्घर्षको वेग उचाइतिर कुदिरहेको आभास हुन्थ्यो ।

त्यस्तै गतिहरू खुसी र दुःखी तथा आँसु र हाँसोको सन्तुलनको बाहक बनेको सांस्कृतिक अभियानसमेत युद्धमोर्चामा भिड्नुपर्ने युद्धको नियमभित्र परेर पनि साहसपूर्वक बलिदान गर्न पुग्यो । त्यसरी नै फौजी र राजनीतिक कार्यक्रमको तीव्रतामा बढ्दै गएको स्तरद्वारा मात्र जनयुद्धको निरन्तरता कायम हुन सक्ने र सहिदको सपना पूरा हुने कुराको निर्देशन नै ऐतिहासिक बाङ्मा हत्याकाण्ड हो । समय बित्दै जाँदा जारी क्रान्तिले त्यो अभिभारा पूरा गरेको पनि हो । दुस्मन सत्ताको ठाउँमा जनताको जनसत्ता, हत्यारो शाहीसेनाको ठाउँमा जनताको जनमुक्ति सेना, भ्रष्ट-घूसखोर न्यायालयको ठाउँमा जनताको जनअदालत र दुस्मनको घेराबन्दी क्षेत्रविरुद्ध स्वतन्त्र र खुला आधारइलाका स्थापना गर्दै जनअर्थतन्त्रको अभ्याससम्म पुऱ्याउने काम जनयुद्धको वीरतापूर्ण इतिहासकै कारण थियो । बलिदान तत्काललाई दःखद्, असैह्य र अनपेक्षित हुने भए पनि श्रमिक वर्गको मुक्ति र स्वतन्त्रता सहिदका सपना पूर्णताका लागि कहिल्यै ननिभ्ने ऊर्जाको काम गर्ने कुरा जनयुद्धले नै प्रमाणित गरेको छ । क्रान्तिमा बाधाहरू आउँदासमेत सहिदको रगत र सपनाले गर्दा निरन्तर क्रान्तिको प्रवाहमा दौडिरहन सक्षम वैचारिक हतियार एकीकृत जनक्रान्तिको विकसित विचारद्वारा बेलाबेलामा आउने समस्याहरूमा समेत गति कायम गर्दै जान सफल भएको छ ।

०७५ साल फागुन २८ मा सामाजिक दलाल पुँजीवादी केपी ओली नेतृत्वको सरकारले हाम्रो पार्टीका विरुद्ध लगाएको प्रतिबन्ध र २०७७ फागुन २१ गते ३ बुँदे सहमतिपत्रमा भएको हस्ताक्षरको मितिसम्म पुग्दा हाम्रो राजनीतिक विजय भएको छ । केपी ओलीले सहमति लागू नगरे पनि पार्टीको पहलकदमीले सफलता प्राप्त गरेको कुरामा द्विविधा छैन । यो निरन्तरको सफलता, जनयुद्धमा बाङ्माजस्तै बलिदानीपूर्ण इतिहासकै कारण भएको हो । जसले क्रान्तिकारी आन्दोलनलाई युगयुगसम्मका लागि निर्देशित गरिरहनेछन् । बाङ्मा हत्याकाण्ड त्यस्तै एक अद्वितीय बलिदानको इतिहास हो जो युगौँयुग स्मरणमा ताजा भैरहनेछ ।

(नेकपा नेता सङ्गम दलाल राज्यसत्ताको जेल तथा हिरासतमा १९ महिना बसेपछि भर्खरै मुक्त भएका हुन् । उनले यो संस्मरण २०७८ असार ८ गते कपिलवस्तु जिल्ला कारागारमा रहँदा लेखेका हुन्- सम्पादक ।)


**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरु जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

# घुमिफिरी पहिलोपल्ट रुम्जाटार



अशोक सुवेदी

खोज्दै धुकधुकीमा जनक्रान्तिका नयाँ कसला
बटुल्दै बटुकामा हिजो 'मिस फायर' भएका
र प्रयोगमा आएर कतै अल्झिरहेका गोलीहरू
उभाउँदै पोल्टामा बमबारुदको धुवाँ
टिप्दै पाखापखेरामा छरिएका छर्राहरू पेटारोमा
उधिन्दै/खोतल्दै क्रान्तिकारी योद्धाका चिहानहरू
पार्दै जोडजाड कमरेडहरूका हाडखोर
र बनाउँदै आकृति
दुत्कार्दै क्रान्तिका भगौडा नायकहरूलाई
खोज्दै, स्थापित गर्दै नवनायकहरू
बेर्दै स्वागतको न्यानो अँगालोमा
क्रान्तिका अविश्रान्त सिपाहीहरूलाई,
आइपुग्यौँ घुम्दैफिर्दै रुम्जाटार
चुम्यौँ पहिलोपल्ट रुम्जाटार...

रुम्जाटार पुगेर बिदा हुनुअघि कार्यक्रमस्थलमा बस्दै गर्दा मेरो मनमा आएको विचार र भावनाको छाल र तरङ्गको एक झोक्का थियो यो। हामी उभिइरहेका थियौँ चैत ३ मा तर थिएन कतै त्यसको गौरवशाली इतिहासप्रति गर्व, न त चर्चा नै थियो २ दिनपछि आइरहेको सांस्कृतिक प्रतिरोध दिवसको । तीन दशकअघिको यही साता काभ्रे अनेकोटमा सारङ्गी, गितार र मादल बजाउँदै जनता जगाउन बस्तीमा पसेको निहुँ बनाएर जिउँदै निहत्था जलाइएका सांस्कृतिक सहिदहरूप्रति कुनै पीडा र आवेग पनि थिएन। त्यस्तै न त थियो सामन्ती सत्ताका रक्षकहरूविरुद्ध लड्दालड्दै १७ वर्षअघि यहीँ बलिदान गरेका २७-२७ जना महान् सहिदहरूप्रति श्रद्धा र श्रद्धाञ्जली नै। यो नहुनु पनि स्वाभाविक नै थियो किनकि सांस्कृतिक क्रान्तिका नायकहरू नै आफ्नै इतिहासप्रति गर्व होइन, पश्चाताप गर्दै धमाधम भैँसीपूजा गर्दै थिए र 'धर्मनाश' गरेको प्रायश्चितमा घरघरमा लगाउँदै थिए रुद्री, एकाहा र सप्ताह। यसरी चारैतिर प्रतिक्रान्तिको दूषित हावा मडारिइरहेको मौसममा हामीले तय गरेका थियौँ ओखलढुङ्गाको ऐतिहासिक स्थल रुम्जाटारको साहित्यिक यात्रा। यो थियो २०७४ साल चैत २ गतेको दिन र भेला भएका थियौँ देशका विभिन्न भूगोलमा जन्मिएका, विभिन्न उमेर, पेसा, स्वभाव, रुचि र विचारसमूहका स्रष्टा र साहित्यिक पत्रकारहरू। अनि केही थान सरकारी कर्मचारीहरू पनि।

आज रुम्जाटार यात्राको १६ महिनापछि हामीले रुम्जाटार यात्रा गर्दाका तामाकोसी, सुनकोसी, दूधकोसी र लिखुहरूमा अर्बौं घ्याम्पा पानी मात्र बगेको छैन, यही भूमिमा कयौँको बलिदान पनि थपिइरहेको छ र बगेको छ क्रान्तिकारीहरूको रगत पनि । कतिपय सूक्ष्म स्मृतिहरू विस्मृतिको गर्तमा बिलाइसकेका छन् र नयाँनयाँ अनुभूति र अनुभवहरू सल्बलाइरहेका छन् । ठीक यतिबेलै आएको छ प्रस्ताव रुम्जाटार यात्राको स्मृतिलाई उतार्नुपर्‍यो शब्दगुच्छाहरूमा भनेर आयोजकहरूबाट र म थालिरहेछु कनिकुथी विस्मृतिको गर्तमा पुरिइसकेका स्मृतिका पानाहरू पल्टाउन।

सन्दर्भ-सङ्केत

कोदोको पिठो, सिस्नोको तिहुन, निर्गुणको दाउन
धर्म र कर्म गुरुङले गर्‍यो छक्क पर्‍यो बाहुन !
सन्त ज्ञान दिलदास
तिम्रै सुन्दर हरियालीमा
तिम्रै शीतल वक्षस्थलमा
यो कविको शैशवकाल बित्यो
हाँस्यो, खेल्यो वन-कुञ्ज घुम्यो
मेरो प्यारो ओखलढुङ्गा !
...
तामाकोसी त्यो सुनकोसी
त्यो गिरी फोरी बहने रोसी
मेरो हृदयको तिम्रो चित्र
पारिरहन्छ हरदम पवित्र
मेरो प्यारो ओखलढुङ्गा !

भाग्य लहरमा लहरी-लहरी
पुगेँ म यस मरुस्थलमा कसरी
तर खेद छैन तिम्रो आकृति
लेखिएको छ यो हृदयभरि !
मेरो प्यारो ओखलढुङ्गा !
सिद्धिचरण श्रेष्ठ

पूर्वको ओखलढुङ्गालाई चिनाउने केही काव्यात्मक पङ्क्ति हुन् यी । यसभन्दा अझ बढी त नेकपाका संस्थापक महासचिव पुष्पलाल र प्रथम विद्यार्थी सहिद गङ्गालाल श्रेष्ठलाई रामेछापको भँगेरीमा जन्माएर भक्तलाल श्रेष्ठ र तुलसीदेवी श्रेष्ठले विसं १९८१ पछि केही वर्ष कर्मथलो बनाएको र पुष्पलाल-गङ्गालाल केही समय धुलीमाटी गर्दै खाइखेली गरेको स्थान पनि हो ओखलढुङ्गा । मेरो आफ्नै जन्मजिल्ला रामेछापको छिमेकी जिल्ला पनि हो ओखलढुङ्गा। पञ्चायती निरङ्कुश शासन मैमत्त हुँदा रामेश, रायन, पारिजात, निनु, मञ्जुल र अरिमहरूले राजनीतिक/वैचारिक रूपमा असङ्गठित नै भए पनि 'राल्फा' को नाउँबाट सत्ताविद्रोही सांस्कृतिक आवाज गुञ्जायमान पारेको जिल्ला पनि हो यो। राजनीतिक रूपमा राणाशासन, पञ्चायती शासन, संसदीय व्यवस्था, शाहीकाल र त्यसपछि स्थापित दलाल संसदीय व्यवस्था यी सबै काल र चरणहरूमा परिवर्तनका पक्षमा ओखलढुङ्गा जिल्लाले अग्रणी स्थान ओगटेको छ । जनयुद्धकालका चर्चित दुई घटना रुम्जाटार मोर्चा र उज्जन प्रकरण अर्थात् 'बालकृष्ण ढुङ्गेल' प्रकरणले पनि यस जिल्लालाई चर्चामा ल्याइरहे । यद्यपि यी दुवै घटना माओवादी राजनीतिक आन्दोलनको जीवनमा खिल बनेर बसेका छन् । यो संस्मरणात्मक लेख यसै जिल्लाको रुम्जाटारमा २०७४ साल चैत २ देखि ४ गतेसम्म गरिएको साहित्यिक यात्राका गतिविधि र त्यसको सेरोफेरो-सदर्भसँग सम्बन्धित छ।

यात्रा-पृष्ठाधार

यात्रा मेरो जीवन र शिक्षाको अभिन्न अङ्ग बनिसकेको छ । वस्तुले चेतनाको विकास गर्छ भनेझैँ सुनेको भन्दा देखेको कुरा बढी विश्वसनीय र प्रभावकारी पनि हुन्छ/हुँदो रहेछ। त्यसैले म आफूसँग सम्बन्धित ज्ञानवर्द्धक र शिक्षाप्रद यात्राहरूमा हम्मेसी छुट्न रुचाउँदिनँ । यात्रा गर्नुअघि विषय, पात्र र स्थानप्रति मेरो विशेष चासो हुने गर्छ। यी तीनै विषयले ध्यानाकर्षित गरे भने मलाई कसैले पनि यात्राबाट विमुख गर्न सक्तैन भन्ने मेरो जिद्दी छ। यो मैले आफ्नै अनुभूतिका आधारमा भनेको हुँ । पछिल्लो समयमा यात्रालाई नियात्रा बनाउनेमा मेरो रुचि बढेको छ। यात्रा गर्ने, खानपिन र होहल्लामा रमाउने र अन्तिममा हात लाग्यो शून्य हुने अवस्थाबाट बचेर त्यसलाई सार्थक र प्रभावकारी बनाउनुपर्नेमा मेरो दाबी रहँदै आएको छ । तर कतिपय अवस्थामा अर्को पक्ष हाबी हुँदा उद्देश्य प्रभावित नहुने गरेको भने होइन।

पञ्चायतकालको अन्तिमअन्तिमतिर भान्दाइ अच्युत आचार्यसँग चरौँदी खोलैखोलाको लामो बाटो हुँदै धादिङको स्यादुलको यात्रा गरेपछि मलाई आन्तरिक यात्राप्रति अलि बढी नै रुचि जाग्न थालेको हो । यात्रा गर्नुअघि सामान्य लागे पनि फर्किंदासम्म त्यसले एउटा भव्य कथा निर्माण गर्‍यो । त्यसपछि म यात्रा गर्नुअघि केही कुरामा घोत्लिन थालेँ। नभन्दै त्यसपछिका प्रायः मेरा यात्रा नियात्रा बन्ने गरेका छन्। कतिपय विषय, पात्र र स्थानका कारणले र कतिपय मेरो आफ्नै क्रियाशीलताका कारणले पनि । जे होस् म र यात्रा पर्यायवाचीजस्तै छौँ भनेर दाबी र गर्व दुवै गर्छु। म आफूलाई यात्रा मन पर्ने हुनाले अरूलाई पनि मेरो जन्मजिल्लामा साहित्यिक-सांस्कृतिक-वैचारिक यात्रा गराउँदै आएको छु विगत डेढ दशकदेखि । मेरो जन्मजिल्लाबाहिरका झन्डै चार सय स्रष्टाले रामछोप, भँगेरी, सानीमदौ सिर्जनानगर, कठजोरलगायत स्थान भ्रमण गरिसकेका छन् यस अवधिमा। त्यसैले प्रायः यात्राहरूमा म आयोजक बन्ने गरेको छु र कतिपय यात्राहरूमा अतिथि । जे होस् दुवै काममा यात्राको आनन्द आउँछ, एउटामा अलि बढी कर्तव्यबोध र आयोजक हुनुको नाताले जिम्मेवारीबोधले किच्छ, अर्कोमा अलि स्वतन्त्र हुन पाइन्छ।

यात्राकै कुरा गर्दा पञ्चायतकालमा भूमिगत जीवन जिउने अभ्यास गर्ने क्रममा सिन्धुलीदेखि काठमाडौँसम्म जङ्गलैजङ्गल यात्रा गरेको र गोदावरी जङ्गलमा गुराँसका फूल खाएर दिन र रातहरू बिताएको सम्झिन्छु। पञ्चायत सकिनासाथ मसालको जवस सम्मेलन र रक्तिम सांस्कृतिक परिवारको कार्यक्रम लिएर दिल्ली पुगेको र जनयुद्ध उत्कर्षमा पुग्दै गरेको समय शाहीकालमा शासकहरूको आँखा छलेर भूमिगत रूपमै भारतका सिक्किम, दार्जिलिङ, सिलिगुडीलगायत क्षेत्रमा यता र उताका सरकारी गुप्तचर र प्रहरीका आँखाहरू छलेर गरेको यात्रा सम्झिँदा कहिलेकहीँ आङै जिरिङ्ग हुन्छ। त्यसैले मैले यात्राबाट जति अनुभव लिएको छु, अध्ययनबाट त्यसभन्दा कमै लिएको छु कि भन्ने पनि लाग्छ। सायद यात्रा, भ्रमण मेरो शिक्षा पनि हो र कमजोरी पनि। यही बुझेर हुनुपर्छ साथीहरू भन्ने गर्छन्- कति गर्छस् हँ यात्रा ? म भन्छु- जीवन नै उद्देश्यमा पुग्ने सङ्घर्षपूर्ण यात्रा हो। जीवन रहुन्जेल र सकुन्जेल गरिरहन्छु। कुनै समय यस्तैमा मृत्युचिन्तन गरिरहेका साथीहरूलाई भनेको थिएँ- म कि युद्धमा मारिन्छु कि त यात्रामा।

यो सुनेर कतिपय साथीहरू छक्क पनि पर्छन् र कतिपय उदेक पनि मान्छन्। म आफैँलाई थाहा छ यसो भन्नु भनेको ' कालगति' ले अर्थात् बूढो भएर, थलिएर, अरूका लागि बोझ भएर मर्दिनँ भन्नु हो । अशक्त शरीर र मस्तिष्क लिएर बोझ थप्दै निरर्थक जीवन एक पल पनि बाँच्नु हुँदैन भन्ने मेरो मत छ। समाजवादी मुलुक जनगणतन्त्र कोरिया (उत्तरकोरिया), रुस, चीनलगायत देशको भ्रमण गर्न मैले जग्गा नै बेचेको कुरा सुनेपछि कयौँ साथीले मेरो उद्घोष सही भनेर कुरा गरेको सुनेको छु। त्यसैले जस्तो पायो त्यस्तो होइन, सार्थक यात्रा अर्थात् नियात्राका लागि मेरो मन सधैँ तयार रहन्छ।

विषयसङ्केत

'अशोकजी, सन्चै हुनुहुन्छ ?', चिरपरिचित ओखलढुङ्गे कवि एवम् साहित्यिक पत्रकार चेतनाथ धमलाको फोनले सङ्ग्रहालय निर्माणमा एकोहोरिइरहेको मेरो मन बिथोलियो।

विशेष काम नपरी सितिमिति फोन गर्ने मान्छे होइनन् चेतनाथ । पक्कै जरुरी काम पर्‍यो होला भन्ठानेँ र सीधै विषयमा प्रवेश गर्न चाहेँ।

'भन्न त अलि पहिला पनि भनेको हुँ तर तपाईं कता हुनुहुन्छ ? ओखलढुङ्गामा नेपाल साहित्यिक पत्रकार सङ्घले साहित्यिक पत्रकारितासम्बन्धी गोष्ठी र साहित्यिक कार्यक्रम गर्दैछ। जाऊँ भनेर निम्ता गर्नलाई...', कुनै औपचारिकताबिनै चेतनाथले विषय राखे।

म नजाँदा के हुन्छ ?- मैले अलिअलि जिस्क्याएँ पनि धमलाजीलाई।

तपाईं अलि फरक 'स्वाद' र विचारको हुनुहुन्छ नि, त्यसै भएर- उनले पनि दुरुस्तै भने।

केही दिनअघि पनि उनले निम्ता गरेका थिए तर कामको व्यस्तताका कारण मैले असहमति जनाएको थिएँ, भाउखोजेर होइन, व्यस्त भएकाले । गोष्ठीको विषय सोधेँ । यात्राका यात्रीहरूको नाम सोधेँ । केही खलपात्रहरू पनि छन् कि भन्नेमा मेरो चासो थियो । उनले त्यस्ता पात्रहरू यात्रामा नरहेको जानकारी गराए । प्रमुख अतिथि निनु चापागाईं, नेपाल साहित्यिक पत्रकार सङ्घका अध्यक्ष, मेरा आफ्नै जिल्लाबासी साहित्यकार नगेन्द्रराज शर्मा, साहित्यिक पत्रकार सङ्घका पूर्वअध्यक्ष एवम् जिल्लाबासी रोचक घिमिरे, साहित्यिक पत्रकारिताबारे अन्तरक्रिया, कविताबाचन र साहित्यिक कार्यक्रम... यी विषयले मन लोभ्यायो तर जन्मथलो र काठमाडौँतिरका केही कामलाई तीन दिन थाती राख्नुपर्ने अवस्था आयो।

अन्तिमपटक चेतनाथजीलाई घुर्क्याउने प्रयास गरेँ, ' कार्यक्रम राम्रो हुँदाहुँदै पनि आउन सकिनँ भने क्षमा गर्नुहोला है, हित-जून युद्ध-कला सङ्ग्रहालयको अन्तिम तयारीमा छु। यो मेरो स्वप्न आयोजना हो आफ्नै रगतपसिनामा निर्माण हुने। यही चैत २५ गते सङ्ग्रहालय उद्घाटन गर्नुछ। त्यसै कामका लागि काठमाडौँ र रामेछाप दौडधूपमा छु...।'

अहिले कहाँ हुनुहुन्छ त ?- उनले फेरि खिरिल्याए।

म यतिबेला जन्मस्थलमा- मैले जबाफ दिएँ।

उसो भए कुनै पनि हालतमा आउनुपर्छ। हामी तपाईंलाई खुर्कोटमा पर्खिरहन्छौँ- उनले जोड गरे।

कार्यक्रमको गरिमा, जन्मजिल्लालाई लिखुले छुट्याए पनि सिमाना जोडिएको जिल्लाको पहिलो यात्रा र उनको हुट्हुटीले उनलाई निराश पार्न सकिनँ। थोरै द्विविधा मात्र राखेर भनेँ- कुनै ठूलो समस्याले दुःख दिएन भने अवश्य आउनेछु।

कार्यक्रम आयोजना गर्न कति गाह्रो हुन्छ, त्यो मलाई थाहा छ। यो डेढ दशकमा चार सय अतिथि स्रष्टालाई मेरो जन्मघरमा पुर्‍याउन मैले करिब चार हजारजनासँग स्वीकृति लिएको छु । एउटै यात्राका लागि दुई-तीन सयजनालाई कम्तीमा पाँचपटकका दरले फोन गर्नुपर्छ। अन्तिममा यात्रा तय हुने बेलामा तय हुने सङ्ख्या भनेको त्यही तीसदेखि पैँतीसजना हो । यात्रा सुरु हुने दिन बिहान वा यात्रा सुरु गर्ने पाँच मिनेटअघि फोन स्विचअफ गर्नेहरूको सङ्ख्या पनि दर्जन नाघ्छ। त्यसैले म आयोजकमध्येका पनि अगुवाहरूको संवेदशीलता बुझ्छु।

धमलाजीलाई मैले अलि बढी नै सताएँ कि भन्ने पनि लाग्यो तर यो समय नै त्यस्तै सङ्गीन थियो । त्यसैले उनले पनि बुझे भन्नेमा विश्वस्त हुन्छु म।

त्यसपछि उनले ढुक्क भएझैँ गरेर फोन राखे।

यो थियो २०७४ साल फागुन अन्तिमअन्तिमतिरको कुरा।

ओखलढुङ्गा भन्नासाथ मेरो मनमा आउने अरू पनि केही चित्र-बिम्बहरू छन्- पात्र, घटना र स्थान सम्बन्धमा। म जन्मिएको रामेछापको पूर्वीतरको जिल्ला ओखलढुङ्गाका अधिकांश सिमानाको सीमाखोला लिखुखोला हो । त्यही खोला तरेर मेरा ६ भाइ जिजुहरूमध्ये एक भाइ बाँकीमेरी हुँदै शिल्खुबेसी पुगेका थिए।

ओखलढुङ्गा जिल्लाकै नाम राख्ने क्षमताको ऐतिहासिक ओखल र त्यसको इतिहासका बारेमा पनि मेरो मनमा थुप्रै जिज्ञासाहरू थिए। लेती, गाम्नाङ, कुवापानी क्षेत्र र पोकली झरनासँग त मेरो गाउँको अर्थात् मेरा बन्धुबान्धवको बिहेबारी नै छ भन्दा पनि हुन्छ। गाउँमा ठूलाबा र काकाका छोराहरूले लेती र गाम्नाङका केही चेलीहरूलाई बेहुली बनाएर भाउजूका रूपमा भित्र्याएका छन् । टाढाको बिहे, आफू बालकै हुनाले बिहेमा जन्ती जान नपाएको घिडघिडो पनि छ । त्यसैले बाल्यावस्थादेखि नै ओखलढुङ्गा मेरो मस्तिष्कमा गाढा सपना भएर बसेको छ।

व्यवस्थासँगका केही कुरा

यो र यस किसिमका व्यवस्थासँग पञ्चायतकालदेखि नै असहमति छ मेरो । त्यसैले मैले २०४३ सालदेखि व्यवस्थाविरोधी गतिविधिमा संलग्न भएर भूमिगत जीवन रोजेँ। २०४६ सालको आन्दोलन असफलता र सम्झौतामा टुङ्गयाइएपछि तत्कालीन नेकपा (माओवादी) को आह्वान र नेतृत्वमा अर्को विद्रोह सुरु भयो- २०५२ साल फागुन १ गतेदेखि । सुरुमा नैतिक समर्थन र २०५४ सालदेखि नैतिक-भौतिक दुवै समर्थन गर्दै पूर्णकालीन नै भएर पत्रकारिता, सङ्गठन हुँदै माओवादी आन्दोलनमा लागियो। कसैका लागि प्रजातन्त्र देखिने त्यो व्यवस्थासँग पनि मत मिल्ने कुरो भएन । फेरि पञ्चायतकालमा जस्तै भूमिगत जीवन रोज्नुपर्‍यो । त्यसैले प्रतिक्रियावादी/यथास्थितिवादी कुनै पनि किसिमका सरकार र सरकारी कार्यक्रमहरूमा मेरो रुचि र सहभागिता रहँदैन । मत पनि मिल्दैन । आजीवन विद्रोही स्वभावका कारण राजा-काङ्ग्रेस सरकारले २०५५ सालमा बेपत्ता बनाउँदा पनि झुकिएन र संयोगले बाँचियो भने नाफाको जीवन सक्रिय होउन्जेल देश, जनता र वर्गको सेवामा लगाउनुपर्छ भन्ने हृदयैदेखि छ। झन् २०७० सालको 'संविधानसभा २' को सशक्त बहिष्कार र २०७४ सालको 'स्थानीय तह' को चुनावको खारेजीपछि त सत्ताको आँखी हुने नै भइयो। आफूलाई सरकार र त्यहाँ रहेका मानिस, उनीहरूको क्रियाकलाप मन नपर्ने, सरकार र सरकारी मान्छेलाई आफू मन नपरिने भएपछि सङ्गत हुने कुरा पनि भएन। जे हुन्छ, मैदानमै हुन्छ भन्यो, आफ्नो बाटो हिँड्यो।

'हामीलाई खोजिरहेका सरकारी मान्छेहरू त छैनन् नि चेतनाथजी', मैले आयोजक संस्थाका उपमहासचिव रहेका धमलाजीलाई २ पटक दोहोर्‍याएको थिएँ । उनले ढुक्क हुन आग्रह गर्दै आश्वस्त पारेका थिए । मेरो सङ्केत जनयुद्धलाई सामाजिक फासिवाद र फासिवादी आतङ्क भन्दै जनयुद्धकालमा सत्ताको 'प्यारो' भएका र जनयुद्धको शान्तिपूर्ण बाटोमा विघटन भएपछि रातारात 'क्रान्तिकारी' बनिटोपलेर सरकारी पद हत्याइरहेका चरम अवसरवादी पात्र/प्रवृत्तिहरूप्रति पनि लक्षित थियो। प्रकारान्तरले यो प्रवृत्तिसँग चेतनाथ आफू पनि लडिरहेकै थिए। त्यसैले उनले मेरो सङ्केत नबुझ्ने कुरा भएन।

चैत ३ को सन्दर्भ

आयोजकले सचेततापूर्वक नभए पनि कार्यक्रमका लागि राम्रै दिन रोजेका रहेछन् चैत ३ गते। यात्रा चैत २ गते सुरु हुने भए पनि ओखलढुङ्गा पुगेर खास औपचारिक कार्यक्रमचाहिँ ३ गते हुँदै थियो । नभन्दै आइपुग्यो यात्रा सुरु गर्ने दिन चैत २ । नेपालको साहित्यिक इतिहासमा २०४६ सालदेखि चैत ३ को विशेष महत्व छ । पञ्चायती व्यवस्थाविरुद्ध प्रगतिशील स्रष्टाहरूले आन्दोलनमा ऐक्यबद्धता जनाउँदै तत्कालीन 'राजकीय प्रज्ञा प्रतिष्ठान' को प्राङ्गणमा धर्ना बस्न खोज्दा जनयुद्ध चलिरहेको समयमा ज्ञानेन्द्र शाहले 'राष्ट्रकवि' बनाएका माधव घिमिरे उपकुलपति थिए क्यारे । उनले आफ्ना आराध्यदेव राजा र राजतन्त्रविरुद्धको आन्दोलनमा 'अराष्ट्रिय तत्व' कहलिएका कम्युनिस्ट र विद्रोही काङ्ग्रेसको आन्दोलनलाई साथ दिने विद्रोहका लागि प्राङ्गण उपलब्ध गराउन नसक्ने भन्दै राज्यशक्तिकै दुरूपयोग गरेपछि स्रष्टाहरू त्रिचन्द्र क्याम्पसस्थित घण्टाघरलाई विद्रोहको थलो बनाउन बाध्य भएका थिए र त्यहीँबाटै विद्रोही स्रष्टाहरूलाई कायरतापूर्वक गिरफ्तार गरेको थियो पञ्चायती सरकारले। झडप भएको थियो- विचार र सिर्जनाका पक्षधर स्रष्टा र बन्दुक/लाठीधारी पञ्चायती सुरक्षाकर्मीका बीच। कयौँ स्रष्टाहरूले हिरासतको चिसो छिँडी कुर्नुपरेको थियो विद्रोह बोल्दा। अझ त्योभन्दा डरलाग्दो गरी २०६२ साल चैत ३ गते पुरानो बानेश्वरमा शाहीशासनका विरुद्ध 'सिर्जना चैत्र ३' मनाउँदै गरेका निहत्था स्रष्टाहरूलाई शाहीसत्ताका रक्षकहरूले गोली प्रहार गरेका थिए। हो, त्यही चैत ३ गते जुरेको थियो पूर्वको ऐतिहासिक जिल्ला ओखलढुङ्गामा साहित्यिक पत्रकारिताबारे बहस गर्ने र सिर्जना सुन्ने/सुनाउने अवसर। यसै सन्दर्भले पनि लोभ्याएको थियो मलाई। मलाई थाहा थियो यो यात्रामा मसँग ठ्याक्कै विचार मिल्ने वा म आबद्ध राजनीतिक/सांस्कृतिक विचारका मानिस कोही पनि हुने छैनन् तर पनि विषय, स्थान र पात्रले असाध्यै लोभ्याएको थियो मलाई ओखलढुङ्गा जान। कहिल्यै परिस्थितिको दास नबन्ने, बन्न नखोज्ने भएकैले ठाउँठाउँमै झडप पर्छ मेरो। चित्त नबुझेको कुरा भनिहाल्नुपर्ने, बहसमा उत्रिएर छिनोफानो गरिहाल्नुपर्ने, चुनौतीको सामना गरिहाल्नुपर्ने, सम्झौता र सम्झौतावादमा कत्ति विश्वास नगर्ने। यही स्वभावका कारण कतिपय ठाउँमा दुःख, हैरानी, लाञ्छनासमेत भोगेको छु। २०६५ सालतिर प्रगतिवादी कविता-लेखनसम्बन्धमा अखिल नेपाल लेखक सङ्घले दोलखाको जिरीमा आयोजना गरेको तीनदिने गोष्ठी-भेलामा केही मै हूँ भन्ने कवि र विश्लेषकका क्षमता धुजाधुजा पारेदेखि कतिपय पात्रहरूअलि झस्किन्छन् मदेखि ।तैपनि स्वभाव भन्ने कुरो बदल्न नसकिने रहेछ र बदल्नु पनि नपरोस्। कवि हितप्रसाद उपाध्यायले गुनगुनाएका श्लोकहरू सम्झिन्छु- बरु पटक्क भाँच्यूँला, म निहुरिउँला उसै किन ? लागेपछि लाग्यो-लाग्यो। गर्छु भनेपछि गर्छु-गर्छु। हुन्न भनेपछि हुन्न-हुन्न।

यात्रा आरम्भ

जति दिनको होस्, यात्रा गर्ने र यात्रामा रमाउने भनेपछि घर, परिवार, काम, थातथलो सबै भुल्नुपर्ने हुन्छ । टाढाको यात्रा त होइन, तर पनि तीन दिन भनेको लामै समय हो काममा व्यस्त भएको बखत।

ओखलढुङ्गा जाने दिन बिहानै जन्मथलो सिर्जनानगरबाट मन्थली आएर बस चढेँ र खुर्कोट पुगेर ओर्लिएँ। काठमाडौँबाट स्रष्टाहरू आइपुग्न केही समय लाग्ने थाहा पाएपछि समयको सदुपयोग गर्दै कमरेड ऋषि देवकोटा 'आजाद' को जन्मघर र उनले निर्माण गरेको पोखरी तथा स्तम्भ भ्रमण गरेर समय कटाएँ।

यही खुर्कोट हो जसले आजादजस्ता विद्रोही योद्धाहरू जन्माएको थियो । तीसको दशकको मध्यमै जनयुद्धका लागि सिन्धुली, रामेछाप र दोलखा तयार छन् भनेर पार्टी केन्द्रमा हतियार-कार्यदिशा माग्ने कमरेड ऋषि देवकोटा ' आजाद' जन्मिएको र जनयुद्धका कयौँ योद्धाहरू जन्माएको ठाउँ हो खुर्कोट । यहीँभन्दा अलि माथि दक्षिणतिर त छ ऐतिहासिक सिन्धुलीगढी जहाँ जनयुद्ध आरम्भ भएकै रात योद्धाहरूले प्रहरीचौकी कब्जा गरेका थिए । त्यही ऐतिहासिक सिन्धुलीगढी हो त्यो जहाँ राष्ट्रवादी नेपालीहरूले अङ्ग्रेजविरुद्धको लडाइँमा ऐतिहासिक वीरता प्रदर्शन गर्दै विजय प्राप्त गरेका थिए। त्यही ऐतिहासिकताको स्मरण गर्दै र प्रतिक्रियावाद-संशोधनवादविरुद्ध अर्को विद्रोह आह्वान गर्दै २०६५ साल फागुन १ गतेमार्क्सवादी साहित्य प्रतिष्ठानको नेतृत्व गर्दै ऐतिहासिक सिन्धुलीगढी किल्लाबाट सिर्जनात्मक विद्रोह उद्घोष गरेको पनि एक दशक बितिसकेको थियो। त्यही उद्घोषले जन्माएको थियो संशोधनवादविरुद्ध नयाँ आन्दोलन। आफैँले नेतृत्व गरेको अभियानमा सहभागी थिए सीपी गजुरेल, अनिल शर्मा विरही, डा. ऋषिराज बराल, पूर्ण विराम, डा. नन्दीश अधिकारी, गङ्गा श्रेष्ठ, विश्वम्भर लामिछाने, प्रोल्लास सिन्धुलीय, प्रतापराज वन्त, जीवेन्द्र शाही नीलगगन, प्रसिद्धा शर्मा, विमला अधिकारीलगायत करिब एक सयजना स्रष्टा र झन्डै पाँच सय स्थानीय बासिन्दा। ठूलै महोत्सव बनेको थियो सिन्धुलीगढीमा त्यतिबेला साहित्यको। माउलाई चिलले टिपेपछि बेसहारा भएका चल्लाहरूको जस्तै स्थिति बन्यो त्यसपछि माओवादी आन्दोलनमा। जनयुद्धका नाइकेहरूलाई साम्राज्यवादी चिलले टिपेपछि तितरबितर भएका योद्धाहरू एकत्रित हुन लागेको बेला थियो त्यो र त्यही क्रममा सांस्कृतिक अभियानको नेतृत्व गरेको थियो मार्क्सवादी साहित्य प्रतिष्ठानले।

समय, परिस्थिति र विचार कति वेगवान् र बलवान् रहेछन् ! करोडौँ सर्वहाराहरूको आशाको केन्द्र बनेको माओवादी युद्ध रातारात समाप्त पारिदिएका थिए केही खलपात्रहरूले आत्मरक्षाको भूत जागेपछि। कहाँ गए सहिदका सपना ? कहाँ पुगेबेपत्ता योद्धा र घाइतेहरूका चाहना र योगदान ! दुष्टहरूले सबै खरानी पारिदिए र चिल्लीबिल्ली पारिदिए। तिनै चिल्लीबिल्ली भएका सपनाहरूथिग्र्याउने र नयाँ शक्तिशाली विद्रोह आरम्भ गर्ने महान् अभियान बनेको थियो त्यो यात्रा। हो, लडाइँमा पराजित भए पनि त्यस्तै केही सपनाहरूले अन्तिम समयमा लालसलाम, जनयुद्ध जारी छ, जनक्रान्ति जारी छ भन्दै बलिदान गरेको ऐतिहासिक थलो पनि हो ओखलढुङ्गाको रुम्जाटार। कहिलेकहीँ पराजयबाट पनि पाठ सिक्न सकिन्छ । त्यही पराजयको पाठशालाको समेत अध्ययन गर्ने स्थल बन्दै थियो मेरा लागि रुम्जाटार यात्रा।

यिनै कुराहरूस्मरण गर्दै र स्रष्टाहरूलाई पर्खँदै झन्डै डेढ घन्टा समय बितेको पत्तै भएन खुर्कोटमा। स्रष्टाहरूको आगमनपछि थाहा भयो- खाना खाने बिन्दु पनि त्यही खुर्कोट नै तय गरिएको रहेछ । पूर्वपरिचितहरूसँग रमाउँदै र अपरिचितहरूसँग परिचय साट्दै खाना खायौँ र गाडीमै आराम गर्ने निर्णय गर्दै गाडी चढ्यौँ । आधाभन्दा धेरै बाटो यात्रा गर्न बाँकी नै थियो र बाँकी नै थियो घुमिफिरी पहिलोपल्ट रुम्जाटारको भूमि स्पर्श गर्न। यात्रुहरू थिए निनु चापागाईं, रोचक घिमिरे, नगेन्द्रराज शर्मा, श्रीओम श्रेष्ठ रोदन, ज्ञानुवाकर पौडेल, जयदेव भट्टराई, नारदमणि गौतम, तुल्सीहरि कोइराला, लक्ष्मी उप्रेती, लक्ष्मी भट्टराई, गोविन्द चौलागाईं, ईश्वरी ओझा, झविन्द्र भुसाल, युवराज नयाँघरे, रामप्रसाद पन्त, कला अनुरागी, पदम राई, विष्णु भण्डारी, माधवप्रसाद पोखरेल गोज्याङ्ग्रे, होमशङ्कर बास्तोला, नवराज पुडासैनी ज्योत्स्ना, अर्जुन तामाङ, केदार बास्कोटा थाक्ले, लक्ष्मी रुम्बा, सुकन पुडासैनी मित्रअनि सिन्धुलीबाटै यात्रा तय गर्दै हुनुहुँदो रहेछ कवि प्रसिद्धा शर्माले। गाडी चढ्ने बेलामा पो थाहा भयो। अघि नै थाहा भएको भए खुर्कोटमै उहाँ एकातिर र म अर्कोतिर साथीहरूको प्रतीक्षा गर्दै समय कटाउनुपर्ने त थिएन भन्ने लाग्यो।

यात्राको गति

बाटामा अनुभूतिहरू साटासाट गर्ने, जीवनको परिभाषा गर्ने र एकएकवटा सिर्जना पस्केर परिचित हुने वातावरण बनाएका थिए ओखलढुङ्गे स्रष्टा केदार बास्कोटा थाक्लेले। उनी मेरा पूर्वपरिचित पनि हुन्। बीच बाटोमा चढेकाले मेरो सिट पनि पछाडि नै परेको थियो । अगाडिबाटै अनुभूति र सिर्जना राख्ने क्रम सुरु भयो । कतिपयले राखे । कतिपय लजाए र कतिपय त 'ठूला' पनि पल्टिए। यात्रालाई रोचक, स्मरणीय र ज्ञानवर्द्धक बनाउनुपर्छ भन्ने मेरोपनि मान्यता छ। मेरो पालोमा मैले गाउँगाउँबाट उठ...गीतका केही हरफ गुनगुनाउँदै तीसको दशकको आरम्भसम्म उत्कर्षमा रहेको राल्फा आन्दोलनका रामेश, रायन, अरिम, मञ्जुल, पारिजात र निनु राल्फाहरूलाई सम्झिने प्रयास गरेको थिएँ। चैतको पहिलो साता अर्थात् सांस्कृतिक प्रतिरोध दिवसको साता भएकाले इच्छुक, अनेकोट र सांस्कृतिक प्रतिरोधको स्मरण पनि गरेको थिएँ । तर हाँसको बथानमा बकुल्लाझैँ मैले पस्किएको गाउँगाउँबाट उठ गीत र अनेकोटप्रतिरोध दिवसको सन्दर्भको उति वास्ता वा उचित सम्मान भएनझैँ लाग्यो मलाई । होस् पनि किन ? जहाँ त्यत्रो त्याग, शौर्य र बलिदानको सम्मान छैन, हिजोका नायकहरू नै इच्छुक, चुनु र दिलमायाहरूका कविता, गीत र बलिदान भुलेर राजभक्त माधव घिमिरेका कविताबाट सन्तुष्टि लिइरहेछन्। प्रतिक्रान्ति मौलाउँदै गएको यस्तो दूषित मौसममा एउटा चेतनामूलक गीतप्रति रुचिभन्दा वितृष्णा जाग्नु वा खिसीट्युरीको विषय बन्नु कुनै अनौठो थिएन ।यात्रामा जनयुद्धप्रति प्रतिबद्ध र समर्पित कोही थिएनन् भन्दा पनि हुन्छ । जनगणतन्त्र कोरिया (उत्तरकोरिया) को दोस्रोपटकको यात्रामा अन्तर्राष्ट्रिय समुदायसामु यही जागरण गीत गाउँगाउँबाट उठ...प्रस्तुत गर्ने मेरो ढिपी र दुनियाँले यो गीत र नृत्य मनपराएपछि असन्तुष्ट भएको एउटा गिरोह नेपाल फर्किएपछि शङ्कास्पद सञ्चारमाध्यमहरूको दुरूपयोग गर्दै मेराविरुद्ध खनिएको थियो । मैले कोरियामा जस्तै ओखलढुङ्गा यात्रा गर्दा गाडीमै पनि भनेँ- म एक्लै भए पनि यो र यस्ता गीत गाइरहन्छु। फेरि एक दिन देश र जनताको गीत गाउने र सहिदबनेर पनि वर्गमुक्ति गर्नेहरूको सुन्दर लाम लाग्नेछ...। मलाई यसो भन्ने हिम्मत २०५५ साल चैत ५ गते काभ्रेको अनेकोटमा सत्ताबाट जिउँदै जलाइएका च्याङ्बा लामालगायत सातजना निहत्था कलाकारले गरेको प्रतिरोधले पनि दिएको थियो। इच्छुक, चुनु, दिलमाया, शिव, शारदा, रक्तिम, लोकरोशन, मस्तलगायत डेढ सयभन्दा बढी सांस्कृतिक सहिद र झन्डै नौ हजार सहिदको रगतले दिएको थियो।

खुर्कोटभन्दा पूर्व अर्थात् खुर्कोट-घुर्मी-ओखलढुङ्गा सडकको यात्रा मेरा लागि पहिलो यात्रा थियो। तर बाटामा पर्ने स्थानका नामहरू भने पहिलेदेखि नै सुनिएका र हृदयभित्र गढेकाथिए । हामी सिन्धुली कटेर उदयपुर छुँदै ओखलढुङ्गाको यात्रा गरिरहेका थियौँ अर्थात् सुनकोसी किनारैकिनार, सुनकोसीलाई बायाँपट्टि, रामेछापतिर पारेर पश्चिमबाट पूर्वतिर कुदिरहेका थियौँ। हामी हिँडिरहेकोभूगोल महाभारतपर्वतमालाको उत्तरी काछ थियो, केही रसिलो, केही हराभरा।

हामी यात्रा गरिरहेको सिन्धुलीकोभूगोललाई सिन्धुलीगढी, सुनकोसीलगायत स्थान र सम्पदाका नामले पनि चिनिन्छ भने सहिद आजाद, विशाल, कुमार, महेन्द्र श्रेष्ठ, चित्रनारायण श्रेष्ठ, सम्झना दाहालहरूको जिल्लाका रूपमा पनि चिनिन्छ। पूरै दक्षिण पर्केको सुनकोसीउत्तरतिरको भूगोल भने रामेछापको हो, तीन लालको जिल्ला । तीन लाल (कृष्णलाल-गङ्गालाल-पुष्पलाल) देखि तीफदिले रगत बगाएको बेथान, २१ जनाले सामूहिक बलिदान गरेको दोरम्बा, जनयुद्धमा सत्ताको पागलपनका कारण निर्दोष मानिसहरूको सामूहिक हत्यास्थलबनेका सालु, चुचरे गर्ज्याङ अनि शिवलाल, चन्द्रलाल र हितप्रसाद उपाध्यायहरूले स्थानीय सामन्तहरूसँग सम्झौताहीन सङ्घर्ष गरेको विद्रोहको किल्ला खाँदबारी भएको जिल्ला । दक्षिणतिर फर्किएको चट्टानी भूगोल भएकाले तुलनात्मक रूपमा पूर्वका जिल्लाहरूमा रामेछाप अलि रुखो र सुक्खा जिल्ला नै हो। यो जिल्लाले विगतमा इमानदार राजनीतिक नेतृत्व प्राप्त गर्न नसक्दा गौरवशाली इतिहास भएर पनि ओझेलमा पर्‍यो। विकास भएन। तलतल तामाकोसी र सुनकोसीको पानी त्यसै खेर गइरहेको छ। त्यसकै माथिका जमिनहरू सुक्खा छन्, पटपटी फुटेका छन् र मानिस पानी पिउन नपाएर काकाकुल बनिरहेका छन् । विगतमा यस्तै जिल्लालाई नेताहरूले सुगम र विकसित घोषणा गरेर सत्ताको चाकडी गरे । जसरी रामेछापका सामन्तहरूले सानीमदौका किसानहरूको रगतपसिनाबाट निर्मित इतिहास खाइदिए, त्यसैगरी त्रिवेणी खुर्कोटमा पुगेपछिसुनकोसीले तामाकोसीको गौरवशाली इतिहास निलिदियो। उस्तैउस्तै इतिहास, आकार, पृष्ठभूमि र वर्तमान भएका तामाकोसी र सुनकोसी एकै ठाउँमा मिसिएर बगेपछि त्यसको नाउँ सुनकोसी रहनु तामाकोसीको इतिहास मात्र होइन, वर्तमान र भविष्यमाथि पनि सरासर अन्याय थियो। हामी यो अन्याय निरीह भएर सहँदै वा बुझपचाउँदै अघि बढिरहेका थियौँ। कसैले पनि किन अब तामकोसीको

अस्तित्व सकियो भनेर बुझ्न र सोध्न आवश्यक पनि ठानेन। सायद इतिहास विजेताहरूको मात्र बन्छ भन्नेमा सबै मस्तराम थिए। कसरी विजेता बनाइन्छ भन्ने कुरामा कसैले मस्तिष्क मन्थन गरेको देखिएन।

हामी हैबार बेसी हुँदै अघि बढ्यौँहैबार, सुँगुरे, बितिजोर, ट्याक, ट्याउँ, निहुरे, साखर, चाल्नेलगायत ससाना खोला र खहरेहरूले हामीलाई स्वागत, सत्कार र बिदाइ गरिरहे। सुँगुरेखोलाको सुँगुरे जलविद्युत् आयोजना पनि निकट भएरै पछि बस्यो। सिन्धुली र उदयपुरको सिमाना रहेको बादुरा खोला पुग्नुअघि सुम्नामबेसीको वल्लो भाग देखियो। हो, यही ठाउँमा हो हाम्रा पुर्खाले पाँच सय वर्षअघि गोरखा धावातान्द्राङबाट पूर्व लाग्दा तत्कालीन मल्ल राजाहरूलाई ताम्रपत्र गराएरमन्थली आएपछि केही बिर्ता पाएको। यो बिर्ता पनि केही टाठाबाठाहरूले खाइदिएका रहेछन् तर ठाउँकोनाउँ भने सम्झनामै छ। यता हामी सिन्धुली छोडेर उदयपुर छुँलाछुँला जस्तो गर्दैछौँ, उत्तरतिर लिखुले रामेछाप र ओखलढुङ्गालाई जोडिरहेको छ। लिखु पनि तामाकोसीको इतिहास निल्ने सुनकोसीमै आएर आफूलाई समाप्त पार्दैछ। यिनै तामाकोसी, सुनकोसी, भोटेकोसी, दूधकोशी, अरूण, बरुण र तमोर मिलेपछि केही पूर्व पुगेर बन्छ सप्तकोसी। सप्तकोसी कुनै एउटा कोसी मात्र नभएर समूह भएकाले यो केही समानतामूलक नाउँ हो भन्ने मलाई लाग्छ। सम्पदाका नाउँ राख्दा पनि शासकहरूको खास रुचि वा स्वार्थ गाँसिएको देखिन्छ।

कोसी वा नदीहरू सभ्यताका मुहान हुन्। जहाँ पानी हुन्छ त्यहाँ बस्ती बस्छ। हामीले भर्खरै छाडेर आएको खुर्कोट पारिपट्टिको रामेछापको पुछारमा रहेको सेलेघाटको थुम्कोमा कुनै दिन माझीको राजधानी थियो। राजधानी रहेको दरबारको भग्नावशेषका रूपमा पुराना इँटका पर्खालहरू अझै साक्षीका रूपमा छन्। सुनकोसीले तामाकोसी, लिखुलगायत सभ्यताको अस्तित्व समाप्त पारिदिएझैँ कालान्तरमा अन्य जातिका शासकहरूले माझी समुदायको शासन समाप्त पारिदिए। हाम्रै आँखा अघिल्तिरको घटना हो, मन्थलीका घिमिरे जिम्मल, मुखिया र भँगेरीका सामन्तहरूले सानीमदौका सुवेदी किसानहरूसँगै तामाकोसीकिनारका माझीहरूको इतिहास पनि समाप्त पारिदिएका थिए। यो तामाकोसी र सुनकोसी सभ्यताको आरम्भमा माझीहरूनै यहाँका आदिवासीहरू थिए। तर अहिले यहाँ माझीहरूको सभ्यता त परै जाओस्, इतिहास र वर्तमानको भग्नावशेष भेट्न पनि मुस्किल होलाजस्तो भइसकेको छ।

पारि उत्तरपट्टि रामेछाप र हामी यात्रा गरिरहेको महाभारतको काछ सुनकोसीकिनारबाट सिन्धुलीलाई बिदा गरेपछि हामी घुर्मी प्रवेश गर्‍यौँ। यहीँबाट सुरु हुन्छ ओखलढुङ्गा जाने सिद्धिचरण राजमार्ग। मानेभञ्ज्याङतिर उक्लिँदै गर्दाअलि माथि पुगेपछि थाक्लेको थाप्लोमाथिबाट बाटो छुट्टियो- पूर्व गए जयरामघाटमा सुनकोसी र दूधकोशीको सङ्गम भेटिने। अलि माथिल्लो बाटो जाँदा खोटाङ दिक्तेल।ओखलढुङ्गाको भूमि छोएपछि स्थानीय स्रष्टाहरूले यता र उता देखाउँदै भने-यो थाक्ले केदार बास्कोटा थाक्लेको गाउँ, यो केतुके चेतनाथ धमलाको जन्मथलो, उता छहरेतुलसीहरिको, कुइभीरहोमशङ्करको, रुम्जाटार सीतारामको, टोक्सेलनारदको जन्मस्थल। जन्मस्थल भनेपछि हुरुक्कै हुन मान्छे हुँ म पनि। मेरो जन्मस्थल, अग्रज र पुर्खाहरूप्रतिको मोह वा प्रेमका कारण कतिपय मानिस क्षेत्रीयतावादी, जन्मथलोवादी, जिल्लावादी, पितृवादीसम्म भन्न भ्याउँछन्। म त गर्वसाथ भन्छु- जन्मथलो र जन्म दिने अग्रजहरूप्रति कृतघ्न हुनेहरूलाई शिर उठाएर हेर्ने अधिकार छैन। तत्तत् ठाउँमा पुगेपछि मैले सहयात्रीहरूको अनुहारको भाव पढेँ- कारणवश आफ्नो जन्मथलोमा बस्न नपाएकाहरू, नबसेकाहरूआफ्नो जन्मथलोमा आइपुग्दाको भाव उस्तै हुन्छ कि केही बदलिन्छ ? म आफू हरेकपल्ट, कहिले त सातामा दुईपटकसम्म जन्मथलो पुग्दा पनि आफूलाई नयाँ र जन्मथलोलाई अझ नयाँ पाउँछु। मेरो भाव र ऊर्जा पटकैपिच्छे बदलिइरहन्छ, बढिरहन्छ जन्मथलोमा पुग्दा। मैले ओखलढुङ्गाको यात्रा तय गर्नुको एउटा कारण सिद्धिचरण श्रेष्ठको जन्मथलोप्रिय, मातृभूमिप्रिय 'मेरो प्यारो ओखलढुङ्गा' कविता पनि हो। नारायणगोपाल र रामेशका भिन्नाभिन्नै आवाजमा यो कविताबाट निर्मित गीतको ओज कविताभन्दा पनि बढेको पाउँछु म।

### घुमिफिरी पहिलोपल्ट रुम्जाटार चुम्दा

पश्चिम आकाशमा पुगेर घामले दिनसँग बिदा माग्दै गर्दा हामी लगलगे हुँदै सिद्धिचरण नगरपालिकामा रहेको सदरमुकाम रमाइलो डाँडा पुग्यौँ र हल्का चियाबिस्कुट चपाएर पेटलाई शान्त गरायौँ। सदरमुकामबाट छुट्टिने रहेछन् उत्तरी जिल्ला जाने बाटो र रुम्जाटार झर्ने बाटो। रात पर्न थालिसकेको थियो। हामी अँध्यारोमा गुलेली हानेजस्तै भूगोलको परिकल्पना गर्दै कच्ची बाटो गन्द्र्याङगुन्द्रुङ गर्दै झर्‍यौँझर्दै ११ किलोमिटर ओरालो। स्थानीय सीताराम थिए हाम्रा पथप्रदर्शक। उनैले परिचित गराए अँध्यारोमा पनि रुम्जाटार पुग्नुअघिका स्थानहरूलाई। केही देखिए पो ! ए, हो, हो भन्दै औपचारिकता पूरा गर्दै हामी रुम्जाटार चुम्ने ध्याउन्नमा लाग्यौँ। नभन्दै आइपुग्यो रुम्जाटार। बिहानैदेखि यतिबेलासम्म अर्थात् झन्डै २२५ किलोमिटरको यात्रा तय गरिसकेको गाडीले हामीलाई रुम्जाटार सिटी सेन्टरको ढोकैसम्म पुर्‍याइदियो। सेन्टरका सञ्चालक अहमद मन्सुरले स्वागत गर्नासाथसीतारामले अभियात्रीहरूलाई खादा रमाला लगाइदिए। दिनभर उनी हामीसँगै थिए, साँझ स्थानीय सहआयोजक बनेर स्वागत गरे। केही छिनमै हामी दुई दिनका लागि सोही सेन्टरका पाहुना बनिहाल्यौँ। स्रष्टाहरूका बीचको रमाइलो नै यही हो। सिर्जना र सहकार्य।

ओखलढुङ्गा सदरमुकाम हुँदै बेलुका रुम्जाटार पुग्नासाथ हामीलाई त्यहाँको वातावरणले लोभ्याइसकेको थियो। बिहानै हामीले रुम्जाटारको स्वरूपलाई पैदलै नियाल्यौँ। बिहानको अनौपचारिक कार्यक्रम नै थियो रुम्जाटारको अवलोकन भ्रमण किनकि ११ बजेबाट मात्र सुरु हुन्थ्यो साहित्यिक पत्रकारितासम्बन्धी छलफल र कविगोष्ठी। रुम्जाटारको पूर्वतिर सिस्नेखोला थियो भने पश्चिमतिर ठोट्नेखोला थियो। दुई खोलको बीचमा उठेको तप्क्याने टार रहेछ रुम्जाटार। बिहान मात्र देखिएको थियो यसको सकल स्वरूप। मलाई रनजोर खोलामाथि खारखोला र कोकाहा खोलाका बीचमा रहेको खाँदबारी र सानीमदौ-सिर्जनानगरको भूगोलजस्तैजस्तै लाग्यो रुम्जाटारको बनोट। उचाइ मात्र रुम्जाटारको बढी। अरू उस्तैउस्तै। बिहानभर हामीले रुम्जाटार भ्रमण गर्‍यौँ। अनुभूतिहरू छताछुल्ल भए। भौतिक रूपमा हेर्दा कोदोको राम्रो उत्पादन हुने रुम्जाटारबासीहरूको सहर र राजधानी पलायनका कारण परम्परागत पोसाकमा सजिएकी सुन्दर बिधुवी युवतीजस्तो लाग्यो मलाई। सरदर साढे तीन सय गुरुङ समुदाय रहेको यस बस्तीका परम्परागत शैलीको झल्को दिन हरेक घरका ढोकामा भोटेताला झुन्ड्याइएको थियो। कम्तीमा सदरमुकाम र पाएसम्म बेलायत यहाँका 'लाहुरे' हरूको गन्तव्य रहेछ। ब्रिटिस क्याम्प नै स्थापना गरेर युवाहरूलाई छाती नापेर उता सप्लाई गरिरहेको रहेछ रुम्जाटारले। रुम्जाटारजस्तै वैधव्य बोकेर दैनिक बचेखुचेका चिचिला नानीबाबुहरूका छाती नापिरहेको थिक्यो भर्तीक्याम्प, तिनै चिचिलाहरू युवा बनुन्जेलका लागि कुरिरहेको थियो भर्तीक्याम्प। साँच्चै भनूँ भने रुम्जाटार युवा गुरुङहरू उत्पादन र सप्लाई गर्ने फ्याक्ट्री नै रहेछ। यतिबेला गुरुङहरूको उत्पादन कम भएकाले रित्ता घर र खाली क्याम्प रुँघेर बसेको रहेछ रुम्जाटार। घरघरमा ताला, बारीहरू बाँझै, घर कुरुवासमेत नपाइने अवस्थाको रुम्जाटार अब आफ्ना सन्ततिहरूमा पनि नियमित होइन, घुमिफिरी जीवनमा कहिलेकहीँ आइपुग्ने थलो बन्दै रहेछ।

प्रभातकालीन भ्रमणकै क्रममा थप प्रस्ट भयो, जन्मथलो इलाम भएर पनि विसं. १८०८ तिर ओखलढुङ्गामा बसेर चिन्तन र साधना गर्ने निर्गुण भक्तिधारा र जोसमनी सन्त परम्पराका नायक सन्त ज्ञानदिलदासको कर्मभूमि, जनयुद्धका नायक प्रचण्डको प्रधानमन्त्री पद खाइदिने रुक्माङ्गद कटुवालदेखि लोकगायिका मेलवादेवीसम्मको जन्मथलो, चर्चित कविता 'मेरो प्यारो ओखलढुङ्गा' का रचनाकार सिद्धिचरण श्रेष्ठदेखि ज्ञानेन्द्रका प्रशंसक भएर पनि वर्तमान' लोकतान्त्रिक गणतन्त्र' का राष्ट्रगीतका रचनाकार व्याकुल माइलासम्म ओखलढुङ्गाकै हुन्। अझ उदेकलाग्दो कुरा त सिद्धिचरणको सालिक बेवारिस भएर बसिरहेको ओखलढुङ्गामा सत्तापूजकहरूले व्याकुल माइलाको पनि जिउँदैमा सालिक बनाउने तयारी गरिरहेका छन् रे भन्ने सुनियो ! गोष्ठीमा त मैले अलि सीधासिधी भन्नुपर्‍यो- राणा शासनको बेला क्रान्तिबिना शान्ति आउँदैन भन्ने चर्चित क्रान्तिकारी कविता लेखेर जेल परेका सिद्धिचरण श्रेष्ठ कालान्तरमा राजतन्त्रका विरुद्ध लड्न नसकेर सम्झौता गरे। यता अर्का राजभक्तलाई हामीले राष्ट्रिय गीतका रचनाकाकार भनेर स्वीकार्नुपर्ने र जिउँदैमा उनको सालिक हेर्नुपर्ने बाध्यता आइलागेको छ।उनको गीतलाई राष्ट्रिय गीत चयन गरिएपछि अखिल नेपाल जनसांस्कृतिक महासङ्घको ब्यानरमै हामीले बहिष्कार आन्दोलन नै सञ्चालन गरेका थियौँ। ज्ञानेन्द्र शाहलाई महान् भन्दै उनले सम्पादन गरेको गीतको पुस्तक नै प्रमाणका रूपमा प्रस्तुत गरेका थियौँ। यस्ताअनौठा संयोगहरू पनि रहेछन् ओखलढुङ्गामा। मेरो भनाइपछि कतिपयले जिब्रो काढेको देखियो। क्रान्तिबिना शान्ति आउँदैन भन्ने कवि जन्मिएको जिल्लामा आएर पनि सत्य बोल्न डराउने ? मैले हाकाहाकी भनेँ।

प्रभाती यात्राकै क्रममा एउटा ऐतिहासिक संयोग मिल्यो। प्रगतिशील सौन्दर्यचिन्तक निनु चापागाईं र म सँगसँगै यात्रा गरिरहेका थियौँ। उनले अलि माथि ठूटो मात्र रहेको वरचौतारीमा पुग्ने बेलामा चौतारीतिर औँल्याउँदै मसँग भने, ' अशोकजी म तपाईंलाई एउटा पुरानु कुरा सम्झाउँछु। म निनु राल्फा हुँदा हाम्रो राल्फा समूहले २०२८ सालको एक साँझ यही वरको चौतारीमा भव्य सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको थियो। सामन्तहरूले हामीमाथि आक्रमण गर्ने प्रयास गरेका थिए। हाम्रो समूहले त्यसको प्रतिरोध गरेको थियो।'

निनुजी (मभन्दा अग्रज भए पनि म निनु चापागाईंलाई पहिलेदेखि नै निनुजी भन्छु र उहाँ पनि सहर्ष स्वीकार गर्नुहुन्छ) लाई मैले भनेँ, 'यो कुरा यही बेलामा सार्वजनिक गरौँ र केही तस्बिर खिचाऊँ। यो ऐतिहासिक सन्दर्भले स्रष्टाहरूलाई एउटा खुराक दिन सक्छ।'

उनी त्यति इच्छुक थिएनन् तर मैले उनलाई अलि कर लगाएँ। के सोचे कुन्नि, उनले स्वीकृति दिए। नभन्दै मैले वरचौतारीमा पुगेर राल्फाको इतिहास कोट्याउँदै रामेश, रायन, मञ्जुल, अरिम, पारिजातसँगै राल्फा अभियानका एक नायक निनु राल्फा हामीसँगै रहेको, यही स्थानमा २७ वर्षअघि ऐतिहासिक सांस्कृतिक कार्यक्रम र सामन्तविरुद्ध विद्रोहसमेत भएकाले त्यस विद्रोहका एक अगुवा पात्र निनुसँग तस्बिर खिचाऔँ भनेर आह्वान गरेँ। त्यसपछि निनु चापागाईंलाई निनु राल्फा सम्झिएर तस्बिर खिचाउनेहरूको होड नै चल्यो।

प्रभाती यात्राकै क्रममा हामी पुग्यौँ रुम्जाटार एयरपोर्टमा। यो एयरपोर्ट माओवादी जनयुद्धकालीन जीवनको एक नकारात्मक बिम्ब र शिक्षा बनेर बसेको इतिहास छ। भूगोलका बारेमा राम्रोसँग परिचित हुन नसक्दा रुम्जाटार मोर्चामा माओवादीले नराम्रो धक्का खाएको हो। २०५९ साल कात्तिक १० गते रुम्जाटार विमानस्थलमा रहेको तत्कालीन शाहीसेनाको क्याम्पमाथि माओवादी जनसेनाले आक्रमण गर्दा जनमुक्ति सेनाका २७ जना योद्धाको बलिदान भएको थियो भने क्याप्टेनसहित २ शाही सैनिक मारिएका थिए। एयरपोर्ट सुरक्षाका लागि बसेको नेपाल प्रहरीका सई रामकुमार श्रेष्ठले हाम्रो समूहलाई एयरपोर्ट घुमाइदिए। उनले पनि रुम्जाटार मोर्चाको नामले स्थापित उक्त लडाइँका बारेमा केही सुनेका रहेछन्। हामीले त्यहाँको भूगोल पनि हेर्‍यौँ। एयरपोर्टको पूर्वीतर पूरै भीर रहेछ। राती भएको लडाइँमा माओवादी जनमुक्ति सेनाका कयौँ योद्धालाई शाहीसेनाले पूर्वीतरको त्यही भीरमा लगेर लडाएको रहेछ। त्यो भयानक त्रासदीको १७ वर्षपछि त्यही ठाउँमा पुगेर हामी लडाइँको रातको परिकल्पना गरिरहेका थियौँ। हुनत आज जनयुद्धका नायकहरूले नै जनयुद्धलाई आईएनजीओकरण गराइसकेका छन्। त्यत्रो महान् युद्धलाई न्यूनीकरण र भ्रष्टीकरण गरेर 'माओवादी द्वन्द्व' मान्दै प्रचण्ड-बाबुरामहरूले जनमुक्ति सेनाका योद्धाहरूलाई 'लडाकु' मा सीमित गराएर विघटित र आत्मसमर्पण गराइदिए। रुम्जाटार मोर्चामा वीरगति प्राप्त गर्ने जनमुक्ति सेनाका योद्धाहरूलाई मैले निर्धक्क लालसलाम गरेँ र के प्रतिबद्धता व्यक्त गरेँ भने केही कायर हरूले दुस्मनको पाउमा लगेर इतिहास समाप्त पार्ने दुष्प्रयत्न गरे पनि धुलोमा फ्याँकिएको क्रान्तिको झन्डा उठाएर नेपालबाट क्रान्तिको अर्को ज्वालामुखी उम्लिरहेको छ र त्यो लाभाका रूपमा देखिइरहेको छ।

### उत्कर्षमा औपचारिक कार्यक्रम

खासमा औपचारिक कार्यक्रम त यतिबेलासम्म सुरु भएकै छैन। प्रभात यात्राबाट रुम्जाटार अवलोकन गरी ११ बजेतिर निवास र हल भएको ठाउँमा फर्किएपछि खाना खाइयो। अलि ढिलै फर्किएकाले आयोजकहरूलाई कार्यक्रमको अलि चाप परेजस्तो देखिन्थ्यो। हुनत म पनि नेपाल साहित्यिक पत्रकार सङ्घको केन्द्रीय सदस्य हुँ तर पनि विभिन्न विचार र प्रवृत्तिका केही मानिसले संस्थालाई बपौतीजस्तै ठानेकाले संस्थागत सहभागिताभन्दा ठूलो मेरो केही रुचि र दखल छैन भन्दा पनि हुन्छ।

आतिथ्य ग्रहणपछि सुरु भयो औपचारिक कार्यक्रम। नेपाल साहित्यिक पत्रकार संघ आयोजक रहे पनि प्रायोजक रहेछ प्रेस काउन्सिल नेपाल र तारतम्य मिलाएको रहेछ काउन्सिभित्रकै साहित्यिक विभागले। त्यसको जिम्म रहेछ मित्र चेतनाथलाई। वास्तवमा मैले यो कुरा रुम्जाटार पुगेर औपचारिक कार्यक्रम सुरु भएपछि ब्यानर देखेर मात्र थाहा पाएँ। सरकारी ब्यानर गाँसिएको देख्दा मेरो अरूचि र असहमति रहन्छ भनेर होला, चेतनाथजीले यो रहस्य नखोलेका होलान् तर उनको सदासय र संवेदनशीलतालाई म बुझ्छु। मञ्च र अग्रपङ्क्तिमा नेपाल साहित्यिक पत्रकार संघका पदाधिकारीसँगै आसन ग्रहण गरे प्रेस काउन्सिल नेपालका झविन्द्र भुसाल, गोविन्द चौलागाईं, ईश्वरी ओझा, रामप्रसाद पोखरेल र कुशल अर्यालहरूले पनि।

साहित्यिक पत्रकारिताको अवस्था' शीर्षकमा गोरखापत्रका कर्मचारी नारद गौतमले प्रस्तुत गरे कार्यपत्र। त्यसमा थियो ओखलढुङ्गाको साहित्यिक इतिहास। मलाई त लागेको थियो ओखलढुङ्गा आएर नेपालको समग्र साहित्यिक पत्रकारिताको अवस्थाकै बारेमा जानकार हुन पाइने भयो तर रहेछ ओखलढुङ्गाको मात्रै साहित्यको अवस्था र अझै उनले स्नातकोत्तर तहमा लेखेको शोधग्रन्थ पो रहेछ। आयोजकहरूले कस्तो मिलाएका रहेछन् भने कार्यपत्र (मेरो भाषामा शोधपत्र) प्रस्तुत गर्ने पनि सरकारी कर्मचारी नारद गौतम र टिप्पणी गर्नेहरू पनि श्रीओम श्रेष्ठ रोदन, तुल्सीहरि कोइरालालगायत सरकारी कर्मचारी र सरकारी पत्रकार मात्रै। समीक्षात्मक टिप्पणी नआउने हो कि भन्ने मेरो चिन्ता सही ठहरियो।

शोधपत्र ओखलढुङ्गाको साहित्य, साहित्यकार र पत्रकारिताको इतिहास रहेछ, साहित्यिक पत्रकारिताको होइन। विषय, ब्यानर, प्रस्तोता र टिप्पणीकारका विषयमा मेरो मतभिन्नता रह्यो। शोधलेखकले आफ्नो विषयमाराम्रै मेहनत गरेका हुन् तर कार्यक्रमका विषयमा भने राम्ररी तालमेल खाएको देखिएन। सुझाव दिनेहरूले राम्रै दिए। टिप्पणीकार हरूले पनि योजनाअनुसारकै गुणग्राही टिप्पणी गरे।

सुझाव दिँदै सीताराम गुरुङले कुइभीर स्मारिका, ११ वटा काव्य लेख्ने सिंहराज गुरुङ, बबकुनी गुरुङका सिर्जना, डीबी राईको खोजी उपन्यास, लीला गुरुङको कवितासङ्ग्रह, अस्वीकृत विचारका कवितारामका कृति, साहित्यिक अभियानहरू छुटेको बताए। टिप्पणीकारले शोधपत्रमा उल्लिखित विष्णुचरण, भद्रा घलेहरूको जन्मथलोका बारेमा जिज्ञासा उठाएका थिए। तर ओखलढुङ्गाको साहित्यिक पत्रकारिताको इतिहास, वर्तमान र भविष्य के हो भन्नेबारेमा न शोधपत्रमै उल्लेख थियो, न टिप्पणीकारहरू नै त्यसमा प्रवेश गर्न रुचि देखाए, न त सुझावकर्ताहरूले नै। केही सुझावदाताले शोधपत्र अध्ययन गर्न नदिइएको, अनलाइन र इपत्रकारिताको अध्ययन छुटेकोलगायत विषय पनि राखेका थिए तर वर्गसत्तामा साहित्य र पत्रकारिताको वर्गस्वरूप र ओखलढुङ्गाको साहित्य र साहित्यिक पत्रकारितामा वर्गपक्षधरताको कुरै नउठेकाले शोधपत्र अुरो रहेको अलि तीखो टिप्पणी पेस गरेँ। म टिप्पणिकार वक्ता थिइनँ, सुझावदाता टिप्पणीकार थिएँ। शोधपत्रमा ओखलढुङ्गाको साहित्य र साहित्यिक पत्रकारिताको चरणगत, विधगत, वैचारिक पक्षधरतागत, कथित 'वाम' र सही वाम अर्थात् क्रान्तिकारी स्रष्टा, सिर्जना र पत्रकारिता, क्रान्तिकारी इतिहास भएर पनि जीवनको उत्तरार्द्धमा वैचारिक स्खलन भएका पात्ररुको सही मूल्यांकन हुनुपर्नेलगायत विषय उठान गरेँ। सायद मेरो टिप्पणी र सुझाव आयोजक, प्रायोजक, शोधलेखक र टिप्पणीकर्ताहरूको अपेक्षाप्रतिकूल बनिरहेको थियो। मञ्चासीनहरूको मुहार र भावको अध्ययन गर्दा त्यस्तै लाग्थ्यो।

वक्ताहरू थिए प्रेस काउन्सिलका पत्रकार गोविन्द चौलागाईं, काउन्सिल कर्मचारी ईश्वरीप्रसाद ओझा, सिद्धिचरण नगरपालिकाकी उपमेयर इच्छाकुमारी गुरुङ, ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तहरू।सिर्जना र स्रष्टाप्रति श्रद्धालु र पत्रकारिताप्रति तीक्ष्ण दृष्टिकोण राख्ने व्यक्ति रहेछन् प्रमुख जिल्ला अधिकारी पन्त। जोसिलो कवितन वाचन गरे र हलको वाहवाही पनि खाए। उनले भनेका थिए, संविधान जारी भएको दुई वर्षभित्रै र स्थानीय चुनाव भएको वर्ष दनिभित्रै जनताबाट सरकार, व्यवस्था र नेताहरूको कार्यशैलीप्रति नै निराशा, असन्तुष्टि र आक्रोश व्यक्त हुन सुरु भइसकेको छ।यो राम्रो सङ्केत होइन। स्रष्टा र पत्रकारहरूले यसप्रति संवेदनशील बन्नुपर्छ। एउटा सरकारी प्रतिनिधिले यसो भनेर मुलुकमा ठूलै विद्रोहको सङ्केत गरेका थिए तर यथास्थितिवादी सत्ताका पूजक मस्तरामहरूले त्यो कुरालाई त्यति गम्भीर रूपमा लिएको देखिएन। अर्थात् सत्ताको भाटगिरीले उनीहरूको आलोचनात्मक चेतना भुत्ते बनाइसकेको बुझ्न कुनै गाह्रो थिएन।

वनिताकी सम्पादक लक्ष्मी उप्रेतीले समाचारमूलक पत्रकारिता र साहित्यप्रधान पत्रकारिता दुवै पत्रकारिताका क्षेत्र भए पनि राज्यले दिने सुविधा फरकफरक भएको गुनासो पोखिन् भने आयोजक संस्थाका उपमहासचिव चेतनाथ धमलाले शोधपत्र दुई सय पाँच वर्षको ओखलढुङ्गाको इतिहास भएको दाबी गरे। शोधपत्रमा टिप्पणी गर्दै प्रमुख अतिथि रोचक घिमिरेले दिनेशहरिको जन्म सर्लाहीको हरिऔनमा भएकाले मिलाउनुपर्ने, ध्रुवहरिको जन्म ओखलढुङ्गामै भएको, शोधपत्रका १९ र २४ पृष्ठ दुरुस्तै दोहोरिएको, कलेवर र आकार बढाउन मात्रै जेसुकै तथ्य राखिएको देखिएको टिप्पणी गरे। पहिलो सत्रमा मेरो सुझाव र टिप्पणी केही बेरपछि राख्ने अनुमति चाहन्छु।

दोस्रो सत्र सुरु भयो नगेन्द्रराज शर्माको अध्यक्षता, निनु चापागाईंको प्रमुख आतिथ्य र रोचक घिमिरे, चेतनाथ धमला, गोविन्द चौलागाईं, ईश्वरी ओझा, सीताराम गुरुङलगायतको आतिथ्यमा। सीतारामले शुभकामना दिँदै र स्वागत गर्दै एउटा कविता लेख्नु थियो शीर्षकमा एउटा कविता पनि वाचन गरे। अतिथिका तर्फबाट अशोक सुवेदी, विष्णु भण्डारी, कला अनुरागी, ज्ञानुवाकर पौडेल, रामप्रसाद पन्त, केदार बास्कोटा थाक्ले, लक्ष्मी रुम्बा, नवराज पुडासैनी ज्योत्स्ना, होमशङ्कर बास्तोला, प्रसिद्धा शर्मा, माधवप्रसाद पोखरेल, कुशल अर्याल, अर्जुन तामाङ, जयदेव भट्टराई, सुमन पुडासैनी मित्र, पदम राई, लक्ष्मी भट्टराई, त्रिपुरा पौडेल, युवराज नयाँघरे, चेतनाथ धमला, तुल्सीहरि कोइराला, रोचक घिमिरेले क्रमैसँग विभिन्न स्वाद, विचार र बान्कीका कविता र केहीले गजल/मुक्तक प्रस्तुत गरे। मैले 'दिलमायाहरू' कविता वाचन गरेँ।

स्थानीय बालस्रष्टा कृतिका गुरुङ, कृष्णकुमारी गजमेर, अञ्जु भुजेल, दुर्गालक्ष्मी गुरुङ, प्रतिष्ठा दाहाल, उदयराज न्यौपाने, बीएम मायालु, निर्विकार गुरुङ, दुर्गा सुब्बा सानु कोविद, विकास राई, रोहितकुमार गुरुङ, अशोक दाहाल, निकिता दाहाललगायतले पनि आआफ्ना सिर्जना वाचन गरे। बालस्रष्टाका सिर्जनामा मैले धेरै उकुसमुकुस पाएँ। यी स्रष्टाले निरन्तर सिर्जना वाचन गर्ने र प्रकाशन गर्ने ठाउँ पाउने हो भने रुम्जाटार पनि केही वर्षमै सिर्जनानगर बन्छ भन्नेमा म ढुक्क भएँ। किनकि मेरो जन्मथलो सिर्जनानगर बन्नुअघि, सानीमदौ छँदै एउटा घरबाट पनि कुनै बालबालिकाको कविता प्रस्तुत हुँदैनथ्यो। जब २०६३-६४ बाट हितप्रसाद उपाध्याय जूनमाया सुवेदी साहित्य प्रतिष्ठनले पुरस्कार राशिसहित हरेक वर्षको चैत २४, २५ र २६ गते साहित्य सम्मेलन गर्न थाल्यो, हरेक घरबाट बाल, वयस्क र वृद्ध/अग्रजहरूले समेत सिर्जनागर्न र वाचन गर्न थाले। स्रष्टाहरूको गाउँका रूपमा परिचित हुँदै गएपछि सानीमदौलाई हित-जून स्मृति भवनमा आयोजित भेलाले सिर्जनानगर नामकरण गर्‍यो। आज हरेक घरमा स्रष्टा छन् र बालबालिकाले पनि निर्धक्क उत्कृष्ट सिर्जना गर्दै वाचन गर्छन्। सिर्जनानगर र सिर्जना स्थापित छ।

कार्यक्रमका प्रमुख अतिथि प्रगतिशील सौन्दर्यचिन्तक निनु चापागाईंले छलफल र बहसका रूपमा केही महत्वपूर्ण विषय उठाए। उनले बालबालिकाका सिर्जनालाई पञ्चायती राष्ट्रवादी भाव र विचारका रहेको किटान गरे। ओखलढुङ्गासँग आफ्नो साइनो-सम्बन्धसमेत राख्दै निनुले भने, मेरी आमा ओखलढुङ्गाकी चेली हुनुहुन्थ्यो। रामेशहरूसँग राल्फा बनेर हिँड्दाका स्थानले मलाई विगतमा पुर्‍याइदियो।'

उनले भने, मित्र डीआर पोखरेल यहीँका थिए। ओखलढुङ्गामै सबैभन्दा धेरै पुस्तक लेख्ने घटराज भट्टराई थिए। यसै जिल्लाका होमनाथ दाहाल मेरा सहपाठी थिए। मैले यसै जिल्लामा कर्मथलो बनाएका पितृसत्ताविरोधी, छुवाछूतविरुद्ध लेख्ने सन्त ज्ञान दिलदासका पक्षमा र नारीका विरुद्ध, पुरेतवादका पक्षधर, जातिवादका पक्षपाती तनहुँका भानुभक्तका विचारका विरुद्ध लेखेर गाली पनि खाएको छु तर गर्व छ। मैले चिनेका यो जिल्लाका व्यक्तिहरू रायन, रामेश, कविताराम र प्रेमनारायण प्रेमी पनि हुन्।' कविता सस्तो विधा होइन भन्दै उनले समाज परिवर्तन साहित्यको उद्देश्य भएकाले कविता, सिर्जना र छलफल-गोष्ठीहरू पनि त्यसैप्रति लक्षित र केन्द्रित हुनुपर्नेबताए। कार्यक्रमका अध्यक्ष नगेन्द्रराज शर्माले लेख्नुअघि अध्ययन गर्नुपर्ने बताए। कसका कविताको स्तर कस्तो छ भनेर यस्ता सार्वजनिक कार्यक्रममा नामै तोकेर भन्न गाह्रो हुने उनको टिप्पणी थियो। कार्यक्रमको उत्तरार्द्धमा मैले रुम्जाटारमा पुस्तकालय खोल्न सुझाव दिँदै आफूँसग रहेका, आफूले लेखेका र सम्पादन गरेका केही मार्क्सवादी पुस्तक स्थानीय सहआयोजकलाई हस्तान्तरण गरेँ।

कार्यक्रम सकिएपछि खानपिन भयो। भोलिपल्ट बिहानै हामी रुम्जाटार सिटिसेन्टर छाडेर रमाइलोडाँडास्थित सदरमुकामतर्फ लाग्यौँ। सिद्धिचरण नगरपालिकाले स्रष्टाहरूको अभिनन्दन गर्ने कार्यक्रम बनाएको थियो। सिद्धिचरण नगरपालिकाका प्रमुख मोहनकुमार श्रेष्ठ, उपप्रमुखलगायत प्रतिनिधिले स्रष्टाहरूलाई भव्य स्वागत गर्दै खानपान गराए। स्थानीय प्रतिनिधिहरूको स्रष्टा र सिर्जनाप्रतिको आशक्ति उल्लेख्य लाग्यो।ऐतिहासिक ओखल हेरियो। ओलको इतिहास सुनियो। सिद्धिचरण श्रेष्ठको अलपत्र र बेवारिसजस्तो लाग्ने सालिकको अवलोकन गरियो। तस्बिर खिचाइयो। त्यहीँनजिकै रहेका जनकलाकार रामेश र रायनका घरहरूको अवलोकन गरियो। त्यसपछि हामी २ दिनअघि आएकै बाटो काठमाडौँ फर्कियौँ।

औपचारिक रूपमा कार्यक्रम त सकियो तर मेरो मनको खुल्दुली भने सकिएन।

फर्किंदा गाडीमा दर्शन, विचार, राजनीति र सिर्जनाका बारेमा रुम्जाटार जाँदाको दिनमा भन्दा अझ उचाइ र गहिराइमा बहस भयो। रुम्जाटार कार्यक्रम र सिद्धिचरण नगरपालिकाको परिचयात्मक कार्यक्रममा सरकार, व्यवस्था, सरकारी स्रष्टा र कर्मचारीप्रति म अलि कडा रूपमा प्रस्तुत भएकै हुँ किनकि यो सत्ताप्रति मेरो असहमति छ र वैज्ञानिक समाजवाद प्राप्तिका लागि अर्को विद्रोह अर्थात् एकीकृत जनक्रान्तिको यात्रामा लामबद्ध छु। मेरा पूर्वपरिचित स्रष्टा मित्रश्रीओम श्रेष्ठ 'रोदन' ले एकीकृत जनक्रान्तिबारे विनम्रतापूर्वक केही जिज्ञासा, केही रोष र केही आक्रोशपूर्ण प्रश्नहरू राखे। उनको प्रश्नको जबाफ फर्काउन भ्याउँदानभ्याउँदै अर्को स्रष्टाको प्रश्नको झटारो आइसकेको हुन्थ्यो। महाभारतकालीन युद्धका एक पात्र अभिमन्युझैँ भएर म वैचारिक युद्धमा सामेल भएको थिएँ। तर मैले उनले जस्तो व्यूह तोड्न नसक्ने अवस्था आएन। उनीहरूको अन्तिम प्रश्नको सार थियो- एकीकृत जनक्रान्ति के हो ?नेपालमा अब एकीकृत जनक्रान्ति कहिले सफल हुन्छ ? फेरि जनता र देशलाई यसरी नै धोका हुँदैन भन्ने ग्यारेन्टी के छ ?

करिब तीन घन्टाको 'शास्त्रार्थ' पछि मैले यात्राका सबै स्रष्टाहरूलाई आश्वस्त पारेँ- यो श्रमिक जनता र दलाल, सामाजिक फासिवादी र ऐँजेरु पुँजीवादी व्यवस्थाबीचको लडाइँ हो। उत्पीडित मुलुक र साम्राज्यवादी/उत्तरसाम्राज्यवादी मुलुकको शासनसत्ताका बीचको लडाइँ हो। यसमा नेपालमै भएको ऐतिहासिक जनयुद्धका साथै संसारमा भएका सबै वर्गसङ्घर्षहरूको अनुभव, पद्धति, प्रविधिका साथै केही नयाँ प्राविधिक पाटा र पक्षहरूको पनि प्रयोग हुन्छ/भइरहेको छ। राष्ट्रघाती, भ्रष्ट र दलालहरू छाडेर तपाईं देशभक्त, निम्न र मध्यमवर्गीय स्रष्टाहरू जुन दिन एकीकृत जनक्रान्तिमा घोषित रूपमा लामबद्ध हुनुहुन्छ, त्यो दिन म तपाईंहरूलाई जनक्रान्ति कहिले सफल हुन्छ भनेर ठोकुवा गर्न सक्छु तर यही प्रतिक्रान्तिकारी, अविश्वासी, धोकेबाज, दलाल र गद्दार सत्ताको रक्षकबनेर जबसम्म निम्न र मध्यमवर्ग पनि क्रान्तिप्रति प्रश्न र शङ्का गरिरहन्छ तबसम्म क्रान्ति पूरा हुँदैन। जारी रहन्छ। वैज्ञानिक समाजवाद स्थापना हुनका लागि समाजवादी व्यवस्थाका उपभोक्ता र सञ्चालकहरू अहिलेदेखि नै क्रान्तिमा लामबद्ध र समर्पित हुनुपर्छ। दुःख अरूले गरोस्, क्रान्ति अरूले गरिदेओस्, बलिदान र क्षति अरूको होओस्। आफूले कुनै पनि जोखिम मोल्न नपरोस् र तयार भएको फसल मात्र उठाउन र खान पाऊँ भन्ने न्यून स्तरको अवसरवादी चेतनाको जालो नच्यातिएसम्म क्रान्ति सफल हुँदैन। समय लाग्छ। क्रान्तिका लागि नेपाली श्रमिक/सर्वहारा वर्ग तयार छ र समर्पित भएर लागिरहेकै छ तर दलाल र श्रमिक वर्गका बीचको जालो, झिल्ली र पर्दाका रूपमा रहेको मध्यम वर्गले आफ्नो कित्ता स्पष्ट नपारेसम्म र क्रान्ति र परिवर्तन आवश्यक हुनेहरू क्रान्तिमा लामबद्ध नबनेसम्म क्रान्ति सम्पन्न हुने समय निर्धारण गर्न गाह्रो हुन्छ।

त्यसपछि गाडीमा रहेका सबै स्रष्टा यात्रीले ताली बजाएर मेरो भनाइको समर्थन गरे। मलाई लाग्यो- यो वर्ग पनि क्रान्ति चाहन्छ तर खतरा मोल्न चाहँदैन। यो वर्गलाई जारी क्रान्तिपछि आफ्नो भूमिका र भविष्य के हुन्छ भन्नेमा अझै अलमल छ। यो वर्ग आफ्नो सुरक्षा खोजिरहेछ र चुनौती मोल्न डराइरहेको छ। अब क्रान्तिको यात्रामा अलमिलएको यो पक्षलाई प्रस्ट पार्नु आवश्यक छ।

### रुम्जाटार यात्राका केही संयोग र रोचक पक्ष

निनु राल्फा : साढे तीन दशकअघिको राल्फा आन्दोलनको स्थान आइपुग्दा 'नोस्टाल्जिक' हुँदा रोचक लाग्यो।

निनुको अभिव्यक्ति : मेरी आमाले माइत ओखलढुङ्गा हो भनेको सम्झिएपछि यहाँ आएर मैले आमाई धेरैबेर सम्झिरहेँ सुन्दा मैले पनि मेरी आमालाई सम्झिरहेँ।

तीन लक्ष्मीको उपस्थिति : लक्ष्मी उप्रेती, लक्ष्मी भट्टराई र लक्ष्मी रुम्बा। यसले एउटा राम्रै छलफल र चर्चा पायो।

२२ वर्षका दुई श्रेष्ठ सहिद : राणाशासनविरुद्ध गङ्गालाल श्रेष्ठ र दलाल पुँजीवादविरुद्ध रामकुमार श्रेष्ठ। यो अवस्थाले समाज अझै पनि त्याग, शौर्य र बलिदानका लागि निरन्तर लामबद्ध छ भन्ने सङ्केत दिएको छ।

केही पात्रहरूको अघिल्तिर लागेको विशेषणको फुँदोले स्रष्टाहरूको मौलिकतालाई नै होच्याइरहेको अनुभूतिसमेत भयो। युवराज नयाँघरे समसामयिक यथास्थितिवादी धाराका राम्रा निबन्धकार हुन् भन्नेमा कुनै द्विविधा छैन। उनी मेरासुवेदी बन्धु पनि हुन् तर उनलाई अरू परिचय नै नभएजस्तो गरी कथित मदन पुरस्कार विजेताको पगरी गुथाइहँदाम्रष्टा युवराज नयाँघरे भने त्यहीँ किचिएको र सामाजिक चेतानस्तर कमजोर नै रहेको अनुभूति भइरहेको थियो। किनकि अब मदन पुरस्कारका दाताको उद्देश्य र प्राप्तकर्ताको हैसियत मापन गर्ने विधिका बारेमा बारेमा कुनै भ्रमहरू बाँकी छैनन्।उनको आफ्नै परिचय छ स्रष्टाको। विचार आआफ्नो ठाउँमा छ र लडाइँ पनि जारी छ।

… … …

यो स्मृति लेख्न बस्दै गर्दा इतिहासका सबै कुरा फिक्का पार्दै र रामेछाप र ओखलढुङ्गाको साइनो थप बलियो पार्दै कमरेड रामकुमार श्रेष्ठको बलिदानीको खबर सनसनीपूर्ण रुपमा सार्वजनिक भएको छ। रामेछापको मन्थली नपा ४ गैराथोकमा जन्मिएर रामेछापमै बामे सर्नसिकेका रामकुमार २०७६ साल जेठ १२ गते साँझ काठमाडौँ सुकेधारा बम विस्फोटमा परी गम्भीर घाइते भएका थिए। नेकपाका होनहार सैनिक योद्धा रामकुमारले स्कुले शिक्षा भने ओखलढुङ्गाबाट लिएका थिए। त्यसैले उनले आफूलाई जन्म रामेछाप र शिक्षादीक्षा ओखलढुङ्गामा पाएको हुँ भनी गर्वसाथ भन्ने गर्थे। उनीसँग मेरो राम्रो परिचय थियो। उनी कयौँपल्ट पार्टीका औपचारिक कार्यक्रमहरूमा हित-जून स्मृति भवनमा आएर छलफल र बहसमा भाग लिएका छन्। ठ्याक्कै गङ्गालालको जीवनसँग संयोग मिलेको छ रामकुमार श्रेष्ठको। गङ्गालाल पनि रामेछाप भँगेरीमा जन्मिए। ओखलढुङ्गाबाट औपचारिक शिक्षाको सुरुआत गरे र निरङ्कुश राणा शासनविरुद्धको विद्रोहको अग्रमोर्चामा लामबद्ध भएर हाँसीहाँसी बलिदान स्वीकार गरे। रामकुमार पनि रामेछापकै भँगेरीभन्दा बेही कोस उत्तरतर्फ पर्ने गैराथोकमा जन्मिए। औपचारिक शिक्षा ओखलढुङ्गाबाट आरम्भ गरे। सामाजिक दलाल संसदीय व्यवस्थाका विरुद्ध एकीकृत जनक्रान्तिको विद्रोहमा एउटा गम्भीर मोर्चामा सहभागी भए र हाँसीहाँसी काठमाडौँको ओम अस्पतालमा बलिदान गरे।राणाशासन अन्त्य गर्न स्थापित नेपाल प्रजापरिषद्मा आबद्ध भएर विद्रोहमा सामेल भइसकेका गङ्गालाललाई मृत्युदण्ड दिनुअघि अन्तिम इच्छा सोध्दा 'राणा शासनको अन्त्य होस्' भन्ने जबाफ दिएका थिए। रामकुमारलाई उनकी दिदी सुनिताले 'तिमी यति ठूलो जोखिम मोलेर युवा अवस्थामै किन यस्तो कठोर भूमिगत जीवन रोजिरहेका छौ बाबु ?!' भनेर सोध्दा उनले भनेका थिए, 'दिदी म यो दलाल पुँजीवादी व्यवस्था ढलेर वैज्ञानिक समाजवाद आएको देख्न चाहन्छु। असमान सामाजिक व्यवस्था अन्त्य भएर समान भएको देख्न चाहन्छु र सहिद बन्दा मेरो शवमा कम्युनिस्ट पार्टीको रक्तरञ्जित झन्डा ओढाइएको अवस्था चाहन्छु' भनेका थिए। गङ्गालाल र रामकुमार दुवै नेवार समुदायका श्रेष्ठ थरका थिए भने दुवैजना २२ वर्षको उमेरमा सहिद भए।

अन्त्यमा यो साहित्यिक र पत्रकारितासम्बन्धी यात्राका सहयात्री, अग्रज र अन्य स्रष्टाकासाथै यात्रामा निम्ता गर्ने चेतनाथजी, हार्दिकतासहित न्यानो स्वागत गर्ने र आतिथ्य दिने ओखलढुङ्गे जनसमुदाय, मेरो तीक्ष्ण टिप्पणी सजिलै पचाइदिने यात्रुहरू र फर्किंदा एकीकृत जनक्रान्तिप्रति अभिरुचिपूर्वक जिज्ञासा राख्ने र आवस्स्त हुने जिज्ञासु स्रष्टाहरू सबैप्रति धन्यवाद प्रकट गर्दै यो विवरणात्मकजस्तो लाग्ने यात्रा वर्णन यहीँ समाप्त गर्ने अनुमति चाहन्छु। यात्रा वर्णन समाप्त भए पनि हाम्रो सहयात्रा अझ आत्मीय बन्ने र नयाँनयाँ यात्राहरू तय हुने अपेक्षा पनि प्रकट गर्दछु।

(प्रेस काउन्सिल नेपालको 'साहित्यिक पत्रकारिताको विकासमा प्रेस काउन्सिल' २०७७' बाट साभार)

## उदयपुरमा ....

२०४८, जनमोर्चाको जिल्ला अध्यक्ष २०४८, अखिल नेपाल किसान सङ्घको जिल्ला अध्यक्ष २०५४, एकीकृत नेकपा माओवादीको जिल्ला सल्लाहकारको जिम्मेवारी निर्वाह गरेका थिए।

हाल उनी नेकपामा आबद्ध थिए । केही वर्षदेखि खत्री कम्युनिस्ट नामधारी संसदीय पार्टीले जनतालाई धोका दिएको, संसद्वादमा पतन भएको र अब क्रान्ति गर्ने शक्ति नेकपामा मात्रै आशा र भरोसा भएको भन्दै नेकपामा आबद्ध भएका थिए । समाजमा वर्ग रहेसम्म 'म र हामी' बीचमा लडाइँ चलिरहने र अन्ततः हामीले विजय हासिल गर्ने उनको बिश्वास थियो । जीवनभर कम्युनिस्ट आन्दोलनमा लागेर बस्ने घरसमेत नभएका खत्रीलाई नेपाल कम्युनिस्ट पार्टीले ३ कोठे आवाससमेत निर्माण गरिदिएको थियो भने एक वर्षदेखि मासिक २,००० खर्चसमेत व्यवस्था गर्दै आएका थिए।

श्रद्धाञ्जली कार्यक्रमको प्रमुख अतिथि पार्टी सेक्रेटरी लक्ष्मण पौडेल, सञ्चालन दुर्गा तामाङले गरेका थिए भने अध्यक्षता खत्रीकी छोरी स्वस्तिकाले गरेकी थिइन् । अन्य पालिका इन्चार्ज, सेक्रेटरी पनि अतिथिका रुपमा सहभागी थिए।

कार्यक्रममा पौडेलले पूर्णबहादुर खत्रीको निधनले अभिभावकविहीनताको महसुस भएको र आन्दोलनमा उनको अभाव जहिले खड्किरहने बताए। पौडेलले खत्रीले जीवनभर क्रान्तिकारी बनेर, निजी सम्पत्तिको तिलाञ्जली दिएर र पदलोलुपताबाट टाढा रहेर आन्दोलनलाई सघाएको बताए। उनको यो त्याग, समर्पण र क्रान्तिकारी गोरेटो कोरिदिएका कारण सम्मानस्वरुप आवास निर्माण गरिएको बताए।

कार्यक्रममा उनको आवास निर्माणमा सहयोग गर्नेहरूलाई कदरपत्र वितरण गरिएको थियो । अन्त्यमा खत्रीकी माइली छोरी एवम् कार्यक्रमकी अध्यक्ष स्वस्तिकाले जीवनभर बुबाले गरेको योगदानलाई सम्झेर नेकपाले गरेको सहयोगप्रति परिवार आभारी भएको भन्दै धन्यवाद व्यक्त गरिन्।

## ५ दिने आधारभूत ....

देशमा पत्रकारिता क्षेत्रमा बढ्दै गएको विकृति र विसङ्गतिका बारेमा प्रस्ट पारेका थिए। जनस्तरबाट समाज सेवा र मिसन पत्रकारिताको शुभकामना दिँदै उनले पत्रकार महासंघमा भइरहेको विकृतिको विरोधमा आन्दोलनमा जान सक्ने जनशक्ति उत्पादन भएको बताए।

जनपत्रकार संगठनका केन्द्रीय सदस्य तथा प्रदेश १ संयोजक आलोकले दलाल संसद्वादी राज्य व्यवस्था परिवर्तन र एकीकृत जनक्रान्तिका निम्ति सत्यतथ्य सूचनाका लागि ससाना कुराबाट सुरु गरी गलत प्रमाण पहिल्याउनुपर्ने बताए। जनपत्रकार सङ्गठन नेपालका केन्द्रीय सदस्य शोभराज बरालले प्रशिक्षणका क्रममा समाचार लेखन सीप महत्वपूर्ण रहेको र अभ्यास रहनुपर्ने विषय भएकाले सधैँ अभ्यस्त रहन आग्रह गरे।

तालिममा प्रदेश नं. १ र प्रदेश नं. २ का जनपत्रकार सङ्गठन नेपालमा आबद्ध पत्रकाहरूको सहभागिता रहेको थियो। ५ दिनसम्म चलेको तालिम मोरङको सुन्दरहरैँचामा भएको थियो।

जनपत्रकार सङ्गठन नेपालको केन्द्रीय सदस्य सर्गम श्रेष्ठ सुमनले सञ्चालन गरेको कार्यक्रममा जनपत्रकार सङ्गठन नेपालका केन्द्रीय सदस्य प्रवीण अधिकारी, नेकपा मोरङ जिल्ला सेक्रेटरी नरेश र पाँचथर सेक्रेटरी सन्तोषको उपस्थिति थियो।

## जुनीका विकट ....

जुनीचाँदे गाउँपालिका इन्चार्ज सूर्यकिरण शाही, अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य एवम् जिल्ला इन्चार्ज विराजन शाही, जुनीचाँदे गाउँपालिका सेक्रेटरी कुलराज शाहीलगायतको उपस्थिति थियो।

कार्यक्रममा पार्टीको धारणा वैज्ञानिक समाजवाद र हाम्रो भूमिका विषयमा सूर्यकिरण शाही र विद्यार्थीको वर्तमान अवस्था विद्यार्थीको आगामी कार्यभारबारे विराजन शाहीले प्रशिक्षण दिएका थिए भने कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी) जिल्ला सचिव तिलक बिष्टले गरेका थिए। कार्यक्रमबाट सरस्वती शाहीको अध्यक्षतामा १३ सदस्यीय मावि मूल एकाइ समितिसमेत गठन गरिएको छ। समितिको उपाध्यक्षमा विनोद शाही, सचिवमा हिमाल शाही, सहसचिवमा पारस बुढा र कोषाध्यक्षमा समीक्षा शाहीलाई चयन गरिएको छ।

जिल्लाव्यापी सञ्चालित उक्त जागरण अभियान जुनीचाँदेका सम्पूर्ण विद्यालयमा सञ्चालन गरिने सङ्गठनका जिल्ला इन्चार्ज विराजन शाहीले बताए।

## नेकपा केन्द्रीय समिति ..

वैज्ञानिक समाजवादमा परिवर्तन गर्न सम्भव भएन र छैन।'

बैठकपछि सार्वजनिक प्रतिवेदनमा भनिएको छ, 'नेपालमा संसदीय व्यवस्था चालीस बर्षदेखि असफल बन्दै आएको छ । जनताले निरन्तर यसका विरुद्ध सङ्घर्ष र विद्रोह गरिरहेका छन्। पछिल्लो एक वर्षदेखि यो अनेकौँ सङ्कटबाट गुज्रिरहेको छ । तथापि अहिले उसको स्थानीय चुनावको समय आएको छ र यसलाई थोरै भए पनि आफ्नो सङ्कट छल्ने साधन बनाउन जुटेको छ।'

प्रतिवेदनमा अगाडि भनिएको छ, 'पार्टी एकीकृत जनक्रान्तिमा निरन्तर बढिरहँदा हाम्रो मोर्चासामु संसदीय व्यवस्थाको स्थानीय चुनाव आइपुगेको छ। यसलाई कस्तो कार्यनीति बनाएर लडियो भने तत्कालिक रूपले वैज्ञानिक समाजवाद प्राप्त गर्ने हाम्रो रणनीतिलाई फाइदा पुग्छ ? हामीले सही निष्कर्ष निकाल्ने विषय बनेको छ । निश्चय पनि हाम्रो पार्टीसँग नेपाली कम्युनिस्ट आन्दोलनका चुनाव बहिष्कार र उपयोगका दुवै अनुभवहरू छन् । कुनै बेला भन्ने बहिष्कार, गर्ने उपयोगका अनौठा प्रयोग पनि छन् । केही संसद्वादी कम्युनिस्टहरूले चुनावलाई निरपेक्ष रूपले उपयोगको नीति बनाएर भाग लिँदै गएका छन् । उनीहरूलाई चुनावको कुनै समस्या नै भएन । केही कम्युनिस्टहरूले बहिष्कार भने पनि उपयोग भने पनि केवल कार्यनीतिक प्रयोगमा मात्र सीमित छ । त्यसको ठोस रणनीतिक उद्देश्यसँग जोडिएको छैन । त्यसले गर्दा उनीहरूलाई पनि खासै चिन्ता र समस्या भएन । एउटा गर्नु पर्दथ्यो, गरे । तर हाम्रोजस्तो पार्टी जो निरन्तर क्रान्तिमा बढिरहेको छ, जोसँग आफ्नो रणनीतिअनुरूप जीवन्त कार्यनीतिहरू बनाउनुपर्ने जिम्मेवारी छ, जसले कार्यनीतिक गल्ती गर्दा क्रान्तिको रणनीतिक उद्देश्यमा घातक प्रभाव पार्ने अवस्था छ। यसले चुनावबारे बनाउने कार्यनीति अन्तको भन्दा गुणात्मक रूपले फरक र संवेदनशील छ । वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षका अनेक पक्ष, राष्ट्रिय सङ्घर्ष र अन्तर्राष्ट्रिय पाटापक्षसँग सम्बन्ध राख्ने यो कार्यनीतिलाई ठोस गर्दा, बहिष्कार वा प्रयोग जे गर्दा पनि गम्भीर प्रकारले विश्लेषण गर्न र निष्कर्ष निकाल्न जरुरी छ।'

प्रतिवेदनमा अझ अगाडि भनिएको छ, 'हामीले कार्यनीति ठोस गर्दा जहिले पनि देश, श्रमिक जनता, मित्रशक्ति र पार्टीपङ्क्तिको अवस्थालाई केन्द्रभागमा राखेर गर्नुपर्छ। कस्तो कार्यनीतिले देशको हितमा नागरिकहरूलाई ध्रुवीकृत गर्न मद्दत गर्छ, जनता र पार्टीको सम्बन्धलाई मजबुत बनाउँछ, जनतालाई एकताबद्ध र सक्रिय बनाउँछ, पार्टीपङ्क्तिलाई जनतामा पुग्न सहज तुल्याउँछ र क्रान्तिलाई अगाडि बढाउन मद्दत गर्छ भन्ने पक्षहरूलाई ध्यान दिएर बनाउनुपर्छ । यसरी विचार गर्दा पार्टीलाई दर्ता गरेर चुनाव उपयोगमा नजाने तर एमसीसी एवम् राष्ट्रघातविरोधी प्रतिनिधिहरूलाई सहभागी गराउने र सहयोग गर्ने नीति प्रयोग गर्नु उपयुक्त हुनेछ।'

राष्ट्रिय परिस्थितिका विषयमा निर्णय गर्दै पार्टीले भनेको छ, 'सुगौली सन्धिबाट अङ्ग्रेजको नवउपनिवेशमा बदलिएको नेपाल सन् १९५० को भारतसँगको असमान सन्धिपछि भारतको नवउपनिवेशमा पुग्यो। यो एमसीसी सम्झौताले नेपाललाई अमेरिकी साम्राज्यवादको अर्धउपनिवेशमा धकेलिदिएको छ । यसलाई जनताको बलद्वारा प्रतिरोध गरिएन र रोकिएन भने एकपछि अर्को गर्दै २१ औँ शताब्दीको अमेरिकी उपनिवेशमा पुग्ने चुनौती टड्कारो छ।'

एमसीसीविरुद्ध सङ्घर्षको समीक्षा गर्दै पार्टीले भनेको छ, 'एमसीसीविरुद्धको खुला सङ्घर्षमा जेजति नागरिकहरू सहभागी बने ती नेपाली जनताका प्रतिनिधिमूलक अभिव्यक्ति मात्र हुन् । एमसीसीविरुद्ध हरेक बस्ती, गाउँ र घरघरमा मत व्यक्त भएको छ । यतिसम्म कि काङ्ग्रेस-माके-एस-जसपाका नेताहरूले राष्ट्रघातमा सहमति दिए पनि तिनैका कार्यकर्ता र समर्थक जनता पनि एमसीसीका विरुद्ध रहेका छन्। आउँदा दिनमा हुने क्रान्तिकारी आन्दोलनमा यसको सकारात्मक प्रभाव रहने स्पष्ट छ।'

यस विषयमा अझ अगाडि भनिएको छ, 'राष्ट्रघाती एमसीसी सम्झौता र अमेरिकी हस्तक्षेपका विरुद्ध पार्टीले सञ्चालन गरेका प्रतिरोध सङ्घर्षका कारण देशभित्र राष्ट्रघाती र राष्ट्रवादी, देशघाती र देशभक्त, दलाल र स्वाभिमानी शक्ति र प्रवृत्तिका बीचमा तीव्र ध्रुवीकरण पैदा गरेको छ । राष्ट्रलाई परिआउँदा कसले काँध थाप्ने र जोखिम मोल्ने साहस गर्छ, कसले निःस्वार्थ देशको स्वाधीनताका लागि जीवन समर्पित गर्छ अनि कसले कायरता र लाचारी प्रदर्शन गर्छ, कसले तुच्छ कुर्सी, मन्त्री र पैसाका लागि देशलाई बुझाउन तयार हुन्छ भन्ने तथ्य आमजनताले देख्ने अवसर पाएका छन्। जनताले कुन शक्ति र प्रवृत्तिलाई सहयोग, माया र साथ दिने, कसलाई घृणा र दुत्कार्ने भन्ने बुझ्दै गएका छन्।'

'पार्टीको ऐतिहासिक जिम्मेवारी' शीर्षकमा अगाडि भनिएको छ, 'अमेरिकी साम्राज्यवादी हस्तक्षेप र दलालहरूको आत्मसमर्पणवादी चरित्रका कारण देश सङ्कटमा परेको छ । देशको स्वाधीनता र सार्वभौमिकता सर्वाधिक खतरामा परेका छन् । जनतामा गहिरो चिन्ता छ । स्थितिले देशको राष्ट्रिय स्वाधीनता र जनअधिकारको नेतृत्व गर्नुपर्ने जिम्मेवारी पार्टीको काँधमा आएको छ । एकातिर क्रान्तिकारी कम्युनिस्ट पार्टी हुनुको कारण आम श्रमिक जनता, सर्वहारा वर्ग, युवा, बुद्धिजीवीहरूको नेतृत्व गर्नुपर्दछ भने अर्कोतिर देशको स्वाधीनतामा खतरा आएका कारण सम्पूर्ण देशभक्त, प्रगतिशील, वामपन्थी, अग्रगामी मित्र शक्तिहरूको नेतृत्व लिनुपर्दछ । यो भनेको मूलतः जनवाद र स्वाधीनताको नेतृत्व गर्नुपर्ने जिम्मेवारी हो।'

अगाडि भनिएको छ, 'देशको रक्षा गर्नुको सट्टा दलाल पुँजीपति वर्गको संसद् साम्राज्यवादी मालिकसामु लम्पसार परेर देश बेच्न पुगेपछि देशको स्वाधीनताको रक्षा गर्ने जिम्मा क्रान्तिकारी पार्टीको नेतृत्वमा आमश्रमिक जनताको हातमा आएको छ। राजनीतिक सिद्धान्तअनुसार कुनै पनि संस्था र कानुनभन्दा जनताको शक्ति नै सार्वभौम एवम् निर्णायक हुन्छ। कुनै पनि कारणले होस्, जनताले जिम्मा दिएको वा खडा गरेको संस्थाले जनभावनाको नेतृत्व गर्न सक्दैन भने त्यसलाई विस्थापन गर्ने र पुरानोको ठाउँमा नयाँ संस्था स्थापना गर्ने अधिकार पनि जनताकै हुन्छ। यस अर्थमा एमसीसीलाई संसद्ले पास गर्नु नेपाली जनताको भावना र जनमतविपरीतको अपराध हो । यसलाई कुनै पनि अर्थमा कार्यान्वयन हुन दिनु हुँदैन। त्यसका लागि श्रमिक जनताको प्रत्यक्ष सहभागितामा एमसीसीलाई रोक्न र असफल पार्न सङ्घर्ष गर्नुपर्दछ।'

अन्तर्राष्ट्रिय परिस्थितिको मूल्याङ्कन गर्दै प्रतिवेदनमा भनिएको छ, 'बीसौँ शताब्दीको उत्तरार्द्धमा पूर्वसोभियत सङ्घको विघटनले पैदा भएको अमेरिकी साम्राज्यवादी नेतृत्वको एकध्रुवीय विश्व २१ औँ सदीको तेस्रो दशकमा प्रवेश एवम् युक्रेनी युद्धसँगै समाप्त भएको छ र विश्व मूलतः दुई ध्रुवमा विभक्त हुन पुगेको छ । एकातिर अमेरिका-ब्रिटेनसहितको ध्रुव खडा भएको छ भने अर्को रुस-चीनसहितको ध्रुव देखापरेको छ । यो ध्रुवीकरणले विश्वलाई नयाँ शीतयुद्धतिर धकेल्छ वा तेस्रो विश्वयुद्धतिर लैजान्छ अहिले नै स्पष्ट छैन तर विश्वको ध्रुवीकरण निकै तीव्र गतिमा फैलिने र हरेक देशलाई प्रभाव पार्ने भने निश्चित छ। प्रतिस्पर्धा, भिडन्त, द्वन्द्व, युद्धजस्ता विषयको सम्भावित परिणामको विश्लेषण गर्दा भन्न सकिन्छ, पुँजीवादी युद्धहरूबाट जति नै पीडा भोग्नु परे पनि यसले मानव जातिलाई साम्यवादी क्रान्तिको महत्वबोध गराइदिनेछ । साम्राज्यवादी युद्धले साम्यवादी क्रान्तिको मार्ग खोलिदिनेछ। क्रान्तिका लागि नयाँ अनुकूलताहरू पैदा गरिदिनेछ । यसरी हामी भन्न सक्छौँ- पुँजीवादी बहुध्रुव र उनीहरूबीचको युद्धले क्रान्तिका लागि यो सताब्दीमा अनुकूलताहरू बढाइदिनेछ।'

यही चैत ४ गते सुरु भएको बैठक आज सकिएको हो। पार्टी महासचिव विप्लवको राजनीतिक प्रतिवेदनमाथि केन्द्रीय सचिवालय सदस्य, केन्द्रीय सल्लाहकार सदस्य र केन्द्रीय सदस्यले राखेका सुझाव, जिज्ञासा र प्रश्न राखेका थिए। त्यसपछि महासचिवले जिज्ञासाहरुका विषयमा प्रतिउत्तर दिएका थिए।

## महासचिव विप्लव ..

सचिवालय सदस्य र केन्द्रीय समितिका सदस्यहरूले यसलाई राजनीतिक आन्दोलनकै नयाँ परिघटनाका रूपमा लिएको प्रतिक्रिया दिएका छन् । केन्द्रीय जनकम्युनमा श्रम कार्यमा सरिक भएका पार्टी केन्द्रीय सदस्य एवम् रातो खबर प्रकाशन गृहका निर्देशक वसन्त श्रेष्ठ 'प्रज्वलन' ले कम्युनमा पार्टी महासचिवका साथमा सचिवालय सदस्यहरूसँगै श्रममा जोडिँदा सर्वाधिक नयाँ अनुभूति भएको प्रतिक्रिया दिए।

शनिबार सुरु भएको केन्द्रीय समितिको बैठकमा बिहीबार खाना समयसम्म सबै केन्द्रीय समितिका सचिवालय सदस्य, केन्द्रीय सदस्य र सल्लाहकार समितिका सदस्यले महासचिव विप्लवद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमाआआफ्नासुझाव,धारणासहित आफ्नो जिल्ला/क्षेत्र/जिम्मेवारीको रिपोर्टिङ प्रस्तुत गरेका छन्। पार्टी केन्द्रीय स्रोतले बैठक केही समय सञ्चालन हुने जानकारी दिएको छ।

## दोलखामा विभिन्न ..

गाउँपालिका-६), डिलबहादुर थामी (कालिञ्चोक गाउँपालिका-१), नेपाली काङ्ग्रेसबाट पृथ्वीबहादुर बुढाथोकी (भीमेश्वर नगरपालिका- ३), श्यामकाजी थामी (भीमेश्वर नगरपालिका -१), सन्तोष थामी (भीमेश्वर नगरपालिका- १), नहेन्द्र थामी (भीमेश्वर नगरपालिका-१), नेकपा एमालेबाट छविलाल थामी (भीमेश्वर नगरपालिका-३), गोकुल थामी (कालिञ्चोक गाउँपालिका- ६) र मङ्गोल नेसनल अर्गनाइजेसनबाट कृष्ण थामी (बिगु गाउँपालिका- ८) रहेका छन्।

उक्त कार्यक्रमका प्रमुख अतिथि नेकपा दोलखा जिल्ला सेक्रेटरी माधव गौतमले नवप्रवेशीहरूलाई स्वागत गर्दै दलाल, तस्कर, भ्रष्टाचारीका विरुद्ध सशक्त रुपले लड्नका निमित्त नवप्रवेशीहरूलाई अनुरोध गरे। उनले देशका उद्योगहरू बेचेर खानेहरूलाई कारबाही गरिने बताए। उनले राष्ट्रघाती एमसीसीका विरुद्धमा सशक्त रुपले लड्नुपर्ने बताए।

यसैगरी विशेष समिति सदस्य एवम् कार्यक्रमका विशेष अतिथि अर्जुन योगीले नवप्रवेशीहरूलाई स्वागत गर्दै एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गरिछाड्ने बताए । उनले श्रमिक, उत्पीडित जनताका पक्षमा निरन्तर लड्नका निमित्त नवप्रवेशीहरूलाई आह्वान गरे । देशव्यापी पार्टी प्रवेशको लहर चलेको बताउँदै उनले राष्ट्रघाती एमसीसीका विरुद्ध सशक्त रुपले लड्नुपर्ने र आवश्यक परेमा बलिदानसमेत गर्नुपर्ने बताए । त्यस्तै दोलखा जिल्ला सदस्य विशाल जिरेलले समान शिक्षा प्रणालीका लागि सशक्त ढङ्गले लड्नुपर्ने बताए।

उक्त कार्यक्रमको अध्यक्षता जितबहादुर थामीले गरेका थिए भने जिल्ला समिति सदस्य पदम थामीले सञ्चालन गरेका थिए।

## केन्द्रीय समिति बैठक ..

चिन्ता गर्दै दिएका सुझाव, सल्लाह र आशङ्काहरूलाई सम्बोधन गर्ने र सबैको विचार र भावनालाई समेटेर क्रान्ति जारी राख्ने पक्षमा निर्णय हुने अपेक्षा गरिएको बैठकमा सहभागी स्रोतहरूले बताएका छन्।

चैत ४ गते शुक्रबार पार्टीको नवनिर्मित केन्द्रीय सम्पर्क कार्यालयमा सुरु भएको बैठकमा पार्टी केन्द्रीय सचिवालय सदस्य, पार्टी सल्लाहकार समितिका सदस्य र केन्द्रीय सदस्यहरूले महासचिव विप्लवद्वारा प्रस्तुत रानीतिक प्रतिवेदनमाथि गम्भीर बहस र छलफल गरेका छन्। महासचिवको प्रत्युत्तरपछि १४ गते बैठक सकिएको छ।

## कार्यकर्तालाई भ्रमित ..

र नेतृत्व बन्दै आएको छ। यो बेला विश्व-साम्राज्यवाद तथा देशी-विदेशी तत्वहरू क्रान्तिकारी नेतृत्व र क्रान्ति ध्वस्त पार्न चाहन्छन् । यसवाट हाम्रो नेतृत्व र सिङ्गो पार्टी पूर्ण रुपमा सचेत छ र सबै सचेत रहनु पर्दछ।

हिजो मात्र हाम्रो पार्टीको ८ औँ केन्द्रीय समितिको १२ औँ पूर्ण बैठक सम्पन्न भएको छ। बैठकले पूर्ण जनवादी वातावरणमा ऐतिहासिक महत्वका निर्णयहरू गर्दै महासचिव कमरेडले प्रस्तुत गर्नुभएको राजनीतिक प्रस्तावलाई एकमतले पास गरेको छ। देशी-विदेशी प्रतिक्रियावादीहरूले गरेको पार्टी फुटाउने, नेतृत्वलाई बदनाम गर्ने र जनता र कार्यकर्तालाई भ्रमित पार्ने षड्यन्त्रलाई बिफल बनाउन केन्द्रीय समिति सफल भएको छ । यसबाट अत्तालिएर पार्टीभित्रका केही गलत उद्देश्यसहित आएका तत्वहरू विचलित र आतङ्कित भएर पार्टी र नेतृत्वप्रति गलत लाञ्छना लगाउँदै भाग्ने गरेका छन् । भीम चापागाई यसको एउटा उदाहरण हो।

हिजो मात्र सम्पन्न केन्द्रीय समितिको बैठकले भीम चापागाईंले अनधिकृत रूपमा विभिन्न स्रोतहरूबाट रु. ७७ लाख उठाएको प्रमाणसहित केन्द्रीय कार्यालयमा आएको र दुई दर्जनभन्दा बढी स्रोतहरूमा आर्थिक डिल गरेको कारण उहाँलाई छानबिनको दायराभित्र राखेको जानकारी पाएपछि पार्टी र नेतृत्वमाथि यस्ता अनर्गल आरोप लगाउँदै भागेको स्पष्ट गर्न चाहन्छौँ । साथै यस्ता खालका भगौडाहरूले गर्ने प्रचारबाजीबाट कोही पनि नेता, कार्यकर्ता, जनता र आमपङ्क्ति भ्रमित नहुन यसै विज्ञप्तिमार्फत सार्वजनिक गर्न चाहन्छौँ । पार्टी वैज्ञानिक समाजवादको उद्देश्यमा निरन्तर अगाडि बढिरहेको छ । यसमा सबै एकीकृत भएर अगाडि बढ्न पार्टी आह्वान गर्दछ।'







निर्देशक : **वसन्त श्रेष्ठ**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, डिजाइन : **गोपाल गिरी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ